# कक्षा पाँच उत्तीर्ण तिब्बती शरणार्थी शिविरमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन र वर्णविन्यासम्बन्धी त्रुटिहरूको अध्ययन

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय**

**नेपाली भाषा शिक्षा विभागअन्तर्गत एम.एड. नेपाली**

**दोस्रो वर्षको पाठ्यांश ५९८ को**

**प्रयोजनका निमित्त**

**प्रस्तुत**

**शोधपत्र**


**<u>शोधकर्ता</u>**

क्षेत्रबहादुर कार्की (शशी)

त्रि.वि. दर्ता नं.: ६–१–४८–४१९–९७

दोस्रो वर्षको क्रमाङ्कः २८०४५३/०६२


शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर

२०६३

कक्षा पाँच उत्तीर्ण तिब्बती शरणार्थी शिविरमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन र वर्णविन्यासम्बन्धी त्रुटिहरूको अध्ययन – क्षेत्रबहादुर कार्की (शशी) २०६३

## त्रिभुवन विश्वविद्यालय
## शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग

# सिफारिस पत्र

प्रस्तुत **'कक्षा पाँच उत्तीर्ण तिब्बती शरणार्थी शिविरमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन र वर्णविन्याससम्बन्धी त्रुटिहरूको अध्ययन'** शीर्षकको शोधपत्र शोधार्थी क्षेत्रबहादुर कार्कीद्वारा मेरो निर्देशनमा तयार गरिएको हो । उहाँले गरेको शोधकार्यबाट म पूर्णरूपमा सन्तुष्ट भएकाले मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

**मितिः** २०६३/०८/०८

...........................

माधवप्रसाद पौडेल
उपप्राध्यापक
शिक्षाशास्त्र सङ्काय
नेपाली भाषा शिक्षा विभाग
कीर्तिपुर

# त्रिभुवन विश्वविद्यालय
## शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग

## स्वीकृति पत्र

**मितिः २०६३/०८/२४**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत एम.एड. नेपाली दोस्रो वर्षको पाठ्यांश ५९८ को प्रयोजनका निमित्त तयार पारिएको **'कक्षा पाँच उत्तीर्ण तिब्बती शरणार्थी शिविरमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन र वर्णविन्यासमम्बन्धी त्रुटिहरूको अध्ययन'** नामक शोधपत्र नेपाली शिक्षा स्नातकोत्तर (एम.एड.) तहको निमित्त उपयुक्त भएकाले स्वीकृत प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| **नाम** | **हस्ताक्षर** |
|---|---|
| १. प्रा.डा. रामचन्द्र लम्साल (विषय समिति अध्यक्ष) | : .............................. |
| २. प्रा.डा. हेमाङ्गराज अधिकारी (बाह्य परीक्षक) | : .............................. |
| ३. श्री भोजराज ढुङ्गेल (विभागीय प्रमुख) | : .............................. |
| ४. श्री महेश्वर न्यौपाने (बाह्य परीक्षक) | : .............................. |
| ५. श्री माधव पौडेल (शोध निर्देशक) | : .............................. |

## कृतज्ञता ज्ञापन

प्राथमकि तह उत्तीर्ण गरेका तिब्बती शरणार्थी विद्यार्थीहरूले नेपाली भाषा सिक्ने क्रममा विभिन्न क्षेत्रमा विभिन्न खाले त्रुटिहरू गर्दछन् । त्यस्ता त्रुटिहरूको अध्ययन गरी यथासम्भव त्रुटिहरू कम गर्ने उपायहरूको खोजी गर्नु एउटा महत्त्वपूर्ण प्रयास मानिन्छ । विगत २०१८ देखि आफ्नो मुलुक तिब्बतबाट नेपालका विभिन्न ठाउँहरूमा आई शरणार्थीको रूपमा जीवन गुजार्न बाध्य तिब्बतीहरूको स्तरीय नेपाली लेखाइ तथा बोलाइ क्षमताको विश्लेषण गर्नु त्यत्तिकै कठिन कार्य हो । शरणार्थीहरू नेपालको राजनैतिक एवम् सामाजिक समस्या त हुँदै हुन् त्यसमा पनि तिब्बतीहरूलाई समेत नेपालमा बसोबास गर्दा विभिन्न प्रकारका समस्याहरूको सामना गर्नुपर्ने बाध्यता पनि त्यत्तिकै टड्कारो रहेको छ । उच्चारण गर्दा वा बोल्दा समेत शुद्ध वा स्तरीय नेपालीको प्रयोग गर्न नजान्ने शरणार्थीहरूले लेखाइमा त त्रुटि नगर्ने कुरै भएन । त्यसैले यस अध्ययनले शरणार्थीहरूका भाषिक समस्याका साथै नेपाली भाषिक त्रुटिहरू कम गरी सिकाइमा प्रभावकारिता ल्याउन र भविष्यमा यससम्बन्धी हुने अध्ययनमा थप ऊर्जा प्रदान गर्न सक्नेछ भन्ने कुरामा अध्येता विश्वस्त छ ।

प्रस्तुत शोधपत्रको तयारीका क्रममा आफ्ना अनेकौं व्यस्तताका बीचमा पनि शोधपत्रको शीर्षक चयन गर्नेदेखि लिएर सामग्री सङ्कलन गर्ने, शोधपत्रको रूपरेखा तयार पार्ने तथा त्यसलाई परिमार्जन र परिष्कृत तुल्याई अन्तिम रूप दिन अमूल्य सरसल्लाह र कुशल निर्देशन दिनुहुने आदरणीय गुरु उपप्राध्यापक श्री माधवप्रसाद पौडेलज्यूप्रति ऋणी रहँदै हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यसरी नै यस शोधकार्य लेख्न हौसला एवम् सल्लाह दिनुहुने श्रद्धेय गुरुहरू प्रा.डा. हेमाङ्गराज अधिकारी, प्रा.डा. केदारप्रसाद शर्मा, प्रा.डा. रामचन्द्र लम्साल, सहप्रा. भोजराज ढुङ्गेल र डा. पारसमणि भण्डारी, सहप्रा. महेश्वर न्यौपानेज्यूहरूप्रति आभार प्रकट गर्दछु ।

सन्तानलाई असल शिक्षा दिएमा मात्र उसको भविष्य उज्ज्वल हुन्छ भन्ने मान्यता राख्नुहुने मेरा पूज्यनीय बुबा प्रेमबहादुर कार्की तथा आमा कालिका कार्कीप्रति म सदा ऋणी छु । मलाई यस अवस्थासम्म ल्याई पुऱ्याउन प्रत्यक्ष रूपमा सहयोग गर्ने मेरा दाजु शिवबहादुर कार्की र प्यारो भाइ राजु तथा परोक्ष रूपमा सहयोग गर्ने बहिनीहरू अम्बिका, इन्दिरा र मैयाँलाई हृदयबाटै धन्यवाद दिन चाहन्छु । त्यसै गरी घरायसी व्यवहारको सम्पूर्ण कार्यबोझ आफ्नो काँधमा लिएर मलाई पढनमा निरन्तर हौसला प्रदान गर्ने मेरी धर्मपत्नी सुजिता के.सी. लाई पनि धन्यवाद दिन्छु ।

यस शोधकार्यमा सहयोग गर्ने तथा उत्प्रेरणा प्रदान गर्ने साथीहरू कुलचन्द्र र दिपेनप्रति आभारी छु । सामग्री सङ्कलनका क्रममा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग गर्नुहुने महानुभाव, विद्वत्वर्ग तथा कम्प्युटर टाइप गरेर सहयोग गर्ने रेसुङ्गा कम्प्युटर सर्भिस, कीर्तिपुरका दीपक बस्नेतलाई पनि हृदयदेखि धन्यवाद दिन चाहन्छु ।

कीर्तिपुर, काठमाडौँ क्षेत्रबहादुर कार्की (शशी)

२०६३

# शोधसार

**शोधशीर्षक**

**'कक्षा पाँच उत्तीर्ण तिब्बती शरणार्थी शिविरमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन र वर्णविन्याससम्बन्धी त्रुटिहरूको अध्ययन' ।**

**शोधप्रक्रिया**

प्रस्तुत शोधकार्य नेपाली भाषा शिक्षा विभागअन्तर्गत एम.एड. दोस्रो वर्षको नेपाली शिक्षण ५९८ को पाठ्यांशको प्रयोजनका निम्ति तयार गरिएको हो ।

**शोधको उद्देश्यहरू**

- कक्षा पाँच उत्तीर्ण तिब्बती शरणार्थी शिविरमा अध्ययनरत विद्यार्थीहरूले स्तरीय नेपालीअन्तर्गत वाक्यगठन र वर्णविन्यासका क्षेत्रमा गर्ने त्रुटिहरू पत्ता लगाउनु, उक्त त्रुटिहरूको वर्णन-विश्लेषण गर्नु, उक्त त्रुटिहरू हुने कारण पत्ता लगाउनु र उक्त त्रुटिहरू निराकरणका लागि उपयुक्त सुझावहरू प्रस्तुत गर्नु जस्ता उद्देश्यहरूमा प्रस्तुत अध्ययन केन्द्रित रहेको छ ।

**शोधको रूपरेखा**

प्रस्तुत शोधकार्यलाई जम्मा छ अध्यायमा वर्गीकरण गरिएको छ :

**अध्याय एकः** यस अध्यायअन्तर्गत शीर्षक, प्रयोजन समस्याकथन, उद्देश्य, शोधको औचित्य, पूर्वकार्यको समीक्षा समावेश गरिएको छ । यसका साथै तथ्य सङ्कलनका स्रोतहरू, तथ्याङ्क सङ्कलन विधि र अध्ययनको सीमालाई पनि राखिएको छ ।

**अध्याय दुईः** यस अध्यायमा तिब्बती शरणार्थीहरूको परिचय, उनीहरूको रहनसहन, चालचलन तथा नेपालमा उनीहरूले भोगेका प्रमुख समस्याहरूमध्ये भाषासम्बन्धी समस्याको जानकारी दिइएको छ ।

**अध्याय तीनः** यस अध्यायमा त्रुटिविश्लेषणको परिचय, त्रुटिका स्रोतहरू, विभिन्न प्रकारका त्रुटिहरू तथा त्रुटिविश्लेषण प्रक्रियालाई समावेश गरिएको छ ।

**अध्याय चारः** यस अध्यायमा शरणार्थी विद्यार्थीहरूले गरेका वाक्यसङ्गतिगत त्रुटिहरूलाई विश्लेषण गरिएको छ ।

**अध्याय पाँचः** यसमा शरणार्थी विद्यार्थीहरूले वर्णविन्यासगत पक्षहरूका साथै पदयोग, पदवियोग, लेखाइचिह्नगत, शिरविन्दु, चन्द्रविन्दुसम्बन्धी त्रुटिहरूको विश्लेषण गरिएको छ ।

**अध्याय छः** यस अध्यायअन्तर्गत अध्याय एकदेखि पाँच अध्यायसम्मको सारांश तथा त्यस्ता त्रुटिहरू हुनाका कारणहरूका साथै निराकरणका लागि उपयुक्त खालका सुझावहरू प्रस्तुत गरिएको छ । यसका अतिरिक्त थप अध्ययनको आवश्यकताका साथै भावी अध्ययनका लागि केही सम्भावित शीर्षकहरूसमेत समावेश गरिएको छ ।

**शोध विधि तथा प्रक्रिया**

यस शोधकार्यका लागि सामाग्री सङ्कलन माउन्ट कैलाश आवासीय विद्यालय, हेमजा-१ र एस.ओ.एस. हर्मन माइनर स्कुल, छोरेपाटनबाट क्रमशः ३२/३२ जना कक्षा पाँच उत्तीर्ण विद्यार्थीहरूको लिखित तथा मौखिक अभिव्यक्तिबाट गरिएको छ । यसका साथै वर्गीकरण र विश्लेषणात्मक पद्दतिको उपयोगमा प्रस्तुत शोध केन्द्रित रहेको देखिन्छ ।

**शोध निष्कर्ष**

यस शोधका प्रमुख निष्कर्षहरू यसप्रकार रहेका छन् –

- शरणार्थी विद्यार्थीहरूमा वाक्यसङ्गतिगत त्रुटि औसतमा जम्मा ६४.६४% देखिन्छ । जसमा लिङ्गसङ्गतिगत त्रुटि ८९.६१%, वचनसङ्गतिगत त्रुटि ७९.६९%, पुरूष सङ्गतिगत त्रुटि ९५.३१%, कालसङ्गतिगत त्रुटि १५.६३%, पक्षसङ्गतिगत त्रुटि ८८.४४% र आदर सङ्गतिगत त्रुटि १९.१९% ले गरेको देखिन्छ ।
- वर्णविन्यासगत त्रुटिहरूमा विशेष गरी लोपगत र थपोटगत त्रुटिहरू गरेको देखिन्छ । त्यसैगरी ह्रस्वदीर्घ, पदयोग, पदवियोग, शिरविन्दु, चन्द्रविन्दु, ए, य, श, ष, स को प्रयोगमा समेत त्रुटि गरेको देखिन्छ ।
- नेपाली विषयप्रति त्यति चासो नदेखाउनु, पठनपाठनको प्रमुख माध्यमका रूपमा अङ्ग्रेजी तथा तिब्बती भाषाको अधिकाधिक प्रयोग गरिनु, मातृभाषाको प्रशस्त प्रभाव पर्नु आदि जस्ता कारणहरूले गर्दा विद्यार्थीहरूले त्रुटि गरेको पाइन्छ । यसका साथै विद्यार्थीहरूले लेखाइका क्रममा संगठनात्मक तथा वर्णविन्यासगत पक्षमा समेत सजगता नअपनाउनाले त्रुटिहरू हुन गएको देखिन्छ ।

# विषयसूची

**पृष्ठ सङ्ख्या**


| | |
|---|---|
| **अध्याय एक** | **१–९** |
| १. शोध शीर्षक | १ |
| २. शोधको प्रयोजन | १ |
| ३. समस्या कथन | १ |
| ४. अध्ययनका उद्देश्यहरू | २ |
| ५. अध्ययनको औचित्य तथा महत्त्व | २ |
| ६. अध्ययनको सीमा | ३ |
| ७. पूर्वकार्यको समीक्षा | ४ |
| ८. शोधविधि तथा प्रक्रिया | ८ |
| ९. शोधको रूपरेखा | ९ |
| **अध्याय दुईः तिब्बती शरणार्थी र नेपाली भाषाको सम्बन्ध** | **१०–१७** |
| २.१ तिब्बती शरणार्थीको परिचय | १० |
| २.२ तिब्बती शरणार्थी र नेपाली भाषा | ११ |
| २.३ तिब्बती शरणार्थी र धर्म | १५ |
| २.४ सारांश | १७ |
| **अध्याय तीनः त्रुटिविश्लेषणको सैद्धान्तिक अवधारणा** | **१८–२९** |
| ३.१ त्रुटिविश्लेषणको परिचय | १८ |
| ३.२ त्रुटिविश्लेषणका उद्देश्यहरू | १९ |
| ३.३ त्रुटिविश्लेषणको महत्त्व र उपयोगिता | २० |
| ३.४ त्रुटिका स्रोत र कारक तत्त्वहरू | २१ |
| ३.५. त्रुटिको प्रकृति तथा वर्गीकरण | २२ |
|     ३.५.१. विकासशीलताको आधार | २४ |
|     ३.५.२. स्रोतको आधार | २४ |
|     ३.५.३. भाषाकोटिको आधार | २५ |
|     ३.५.४. गम्भीरताको आधार | २५ |
|     ३.५.५. व्यापकताको आधार | २५ |

३.५.६. स्वरूपको आधार २६

३.५.७. औचित्य/अनौचित्यको आधार २६

३.६ त्रुटिविश्लेषण पद्धति २६

३.७. त्रुटिविश्लेषण प्रक्रिया २७

३.८. सारांश २८

**अध्याय चारः वाक्यसङ्गतिगत त्रुटिहरूको विश्लेषण ३०–५३**

परिचय ३०

४.१. लिङ्गसङ्गतिगत त्रुटिहरू ३२

४.२ वचनसङ्गतिगत त्रुटिहरू ३५

४.३. पुरुषसङ्गतिगत त्रुटिहरू ३७

४.४. कालसङ्गतिगत त्रुटिहरू ४०

४.५. पक्षगत त्रुटिहरू ४१

४.६. आदरसङ्गतिगत त्रुटिहरू ४८

४.७. सारांश ५०

**अध्याय पाँचः वर्णविन्यास र तथा लेख्यचिह्नसम्बन्धी त्रुटिहरूको विश्लेषण ५४–६६**

५.१. ह्रस्वदीर्घसम्बन्धी त्रुटिहरू ५५

५.२. श, ष, स, को प्रयोगसम्बन्धी त्रुटिहरू ५६

५.३. ब र व को प्रयोगसम्बन्धी त्रुटिहरू ५८

५.४. चन्द्रविन्दु र शिरविन्दुको प्रयोगसम्बन्धी त्रुटिहरू ६०

५.५. य र ए को प्रयोगसम्बन्धी त्रुटिहरू ६१

५.६. हलन्त र अजन्तको प्रयोगसम्बन्धी त्रुटिहरू ६२

५.७. पदयोग र पदवियोगसम्बन्धी त्रुटिहरू ६३

५.८. लेख्यचिह्नसम्बन्धी त्रुटिहरू ६५

५.९. सारांश ६६

**अध्याय छ : निष्कर्ष तथा सुझाव ६७–७६**

६.१. निष्कर्ष ६७

६.२. सुझावहरू ७२

६.३. थप अध्ययनको आवश्यकता ७५

६.४ भावी अध्ययनका लागि सम्भावित शीर्षकहरू ७६

**सन्दर्भग्रन्थ सूची** **७७–७८**

**परिशिष्टहरू**

परिशिष्ट कः श्रुतिलेखनका निम्ति प्रयुक्त सामग्री

परिशिष्ट खः स्वतन्त्र लेखनका निम्ति प्रयुक्त सामग्री

परिशिष्ट गः सहभागी विद्यालयहरूको नाम

# शोधत्रपत्रमा प्रयुक्त सङ्क्षिप्त शब्दहरूको सूची

| | |
|---|---|
| वि.प्र.प्रा.लि. | विद्यार्थी प्रकाशन प्राइभेट लिमिटेड |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| शि.शा.सं. | शिक्षाशास्त्र सङ्काय |
| सा.प्र. | साझा प्रकाशन |
| पृ.सं. | पृष्ठ सङ्ख्या |
| नं. | नम्बर |
| वि.सं. | विक्रम सम्वत् |
| प्रा. | प्राध्यापक |
| सहप्रा. | सहप्राध्यापक |
| उपप्रा. | उपप्राध्यापक |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| ने.भा.शि.वि. | नेपाली भाषा शिक्षा विभाग |
| द्वि. | द्विवचन |
| त्रि. | त्रिवचन |

## तालिका सूची


| | पेज नं. |
|---|---|
| तालिका नं. १ : त्रुटिको वर्गीकरण | २३ |
| तालिका नं. २ : लिङ्गसङ्गतिगत त्रुटिहरू | ३३ |
| तालिका नं. ३ : लिङ्गसङ्गतिगत त्रुटिहरू | ३४ |
| तालिका नं. ४ : वचनसङ्गतिगत त्रुटिहरू | ३६ |
| तालिका नं. ५ : वचनसङ्गतिगत त्रुटिहरू | ३६ |
| तालिका नं. ६ : पुरुषसङ्गतिगत त्रुटिहरू | ३८ |
| तालिका नं. ७ : पुरुषसङ्गतिगत त्रुटिहरू | ३९ |
| तालिका नं. ८ : कालसङ्गतिगत त्रुटिहरू | ४० |
| तालिका नं. ९: कालसङ्गतिगत त्रुटिहरू | ४१ |
| तालिका नं. १० : सामान्य पक्षगत त्रुटिहरू | ४३ |
| तालिका नं. ११ : सामान्य पक्षगत त्रुटिहरू | ४३ |
| तालिका नं. १२ : अपूर्ण पक्षगत त्रुटिहरू | ४४ |
| तालिका नं. १३ : अपूर्ण पक्षगत त्रुटिहरू | ४५ |
| तालिका नं. १४ : पूर्ण पक्षगत त्रुटिहरू | ४६ |
| तालिका नं. १५ : पूर्ण पक्षगत त्रुटिहरू | ४६ |
| तालिका नं. १६ : अभ्यस्त पक्षगत त्रुटिहरू | ४७ |
| तालिका नं. १७ : अभ्यस्त पक्षगत त्रुटिहरू | ४८ |
| तालिका नं. १८ : आदरसङ्गतिगत त्रुटिहरू | ४९ |
| तालिका नं. १९ : आदरसङ्गतिगत त्रुटिहरू | ५० |
| तालिका नं. २० : ह्रस्वदीर्घसम्बन्धी त्रुटिहरू | ५५ |
| तालिका नं. २१ : श, ष, स, को प्रयोगसम्बन्धी त्रुटिहरू | ५७ |
| तालिका नं. २२ : ब र व को प्रयोगसम्बन्धी त्रुटिहरू | ५८ |
| तालिका नं. २३ : चन्द्रविन्दु र शिरविन्दुको प्रयोगसम्बन्धी त्रुटिहरू | ६० |
| तालिका नं. २४ : य र ए को प्रयोगसम्बन्धी त्रुटिहरू | ६२ |
| तालिका नं. २५ : हलन्त र अजन्तको प्रयोगसम्बन्धी त्रुटिहरू | ६३ |
| तालिका नं. २६ : पदयोग र पदवियोगसम्बन्धी त्रुटिहरू | ६४ |
| तालिका नं. २७ : लेख्यचिह्न प्रयोगसम्बन्धी त्रुटिहरू | ६५ |
| तालिका नं. २८ : निष्कर्ष | ७२ |

# व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नामः | : | क्षेत्रबहादुर कार्की (शशी) |
| पिताः | : | प्रेमबहादुर कार्की |
| माताः | : | कालिका कार्की |
| जन्म मिति | : | २०३६/०३/११/२ |
| ठेगानाः | : | हेम्जा–३, कास्की |
| फोन नं. | : | ९८४६०५४१४५ |

## शैक्षिक योग्यता

| तह | उत्तीर्ण वर्ष | बोर्ड/विश्वविद्यालय | श्रेणी |
|---|---|---|---|
| एस.एल.सी. | २०५३ | एच.एम.जी, नेपाल | दोस्रो |
| आइ.ए. | २०५६ | टि.यु. नेपाल | दोस्रो |
| बि.एड्. | २०६० | टि.यु. नेपाल | दोस्रो |
| एम.एड. | २०६२ | टि.यु. नेपाल | प्रथम |

## अध्याय एक

### १. शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **'कक्षा पाँच उत्तीर्ण तिब्बती शरणार्थी शिविरमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन र वर्णविन्याससम्बन्धी त्रुटिहरूको अध्ययन'** रहेको छ ।

### २. शोधको प्रयोजन

प्रस्तुत शोधपत्रको प्रयोजन त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभागअन्तर्गत स्नातकोत्तर (एम.एड.) तह दोस्रो वर्षको पाठ्यांश नेपा.शि. ५९८ को उद्देश्य पूर्तिसँग सम्बन्धित रहेको छ ।

### ३. समस्या कथन

भाषा मानवमात्रको निजी पेवा तथा विचार विनिमयको  सशक्त माध्यम हो । कुनै पनि कुरा व्यक्त गर्न तथा बुझ्नका लागि भाषाको भूमिका महत्त्वपूर्ण रहन्छ । मानवले आफ्नो दैनिक आवश्यकता परिपूर्ति गर्नेदेखि लिएर अर्काको आवश्यकताको बारेमा पनि जानकारी लिनका लागि समेत भाषाको नै प्रयोग गर्दछ । वर्तमान विश्व साँघुरिँदै गएको छ तथापि एक समुदायले बोलेका अथवा व्यक्त गरेका कुराहरू अर्को समुदायले बुझ्न नसक्ने स्थिति जतातते रहेको छ । नेपाल एउटा सानो राष्ट्र भए तापनि यहाँ भाषागत विविधता पाइन्छ । यसै सन्दर्भमा शरणार्थीको रूपमा तिब्बतबाट नेपाल प्रवेश गरेका तिब्बतीहरूले नेपाली भाषा बोल्दा तथा लेख्दा प्रशस्त त्रुटिहरू गरेको पाइन्छ । सर्वप्रथम त उनीहरूलाई नेपाली भाषा बुझ्नमा नै कठिनाइ उत्पन्न भएको देखिन्छ । त्यसपछि पढन, लेख्न र अरूलाई सम्प्रेषण गर्न उत्तिकै कठिनाइहरूको सामना गर्नुपर्ने देखिन्छ । शरणार्थीको रूपमा कास्की जिल्लाका विविध ठाउँमा बसोबास गर्दै आएका तिब्बतीहरूमध्ये हेमजा गा.वि.स. र पोखरा उपमहानगरपालिकाको छोरेपाटनमा बसोबास गर्दै आएका शरणार्थीहरूले नेपाली भाषा लेखाइका सन्दर्भमा देखाउने विभिन्न किसिमका समस्याहरू छन् । तिनै विविध समस्याहरूमध्ये यस शोधपत्रमा निम्नलिखित विशिष्ट समस्याहरूलाई केन्द्रविन्दुमा राखेर हेर्ने कोसिस गरिएको छ :

(क) कक्षा पाँच उत्तीर्ण तिब्बती शरणार्थी शिविरमा अध्ययनरत विद्यार्थीहरूले स्तरीय नेपाली लेखाइमा वाक्यगठन र वर्णविन्याससम्बन्धी के कस्ता त्रुटिहरू गर्न सक्छन् ?

(ख) उक्त त्रुटिहरू के–कस्ता कारणले हुन सक्छन् ?

(ग) ती त्रुटिहरूको वर्णन, विश्लेषण र वर्गीकरण कसरी गर्न सकिन्छ ?

(घ) उक्त त्रुटिहरू सुधारका लागि के–कस्ता भाषाशिक्षणीय सुझावहरू प्रस्तुत गर्न सकिन्छ ?

### ४. अध्ययनका उद्देश्यहरू

प्रस्तुत शोध अध्ययनको उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

(क) तिब्बती शरणार्थी शिविरमा अध्ययनरत कक्षा पाँच उत्तीर्ण विद्यार्थीहरूले स्तरीय नेपाली अन्तर्गत वाक्यगठन र वर्णविन्यासका क्षेत्रमा गर्ने त्रुटिहरू पत्ता लगाउनु

(ख) उक्त त्रुटिहरूको वर्णन र विश्लेषण गर्नु

(ग) उक्त त्रुटि हुने खासखास कारणहरू पत्ता लगाउनु

(घ) उक्त त्रुटि निराकरणका लागि उपयुक्त सुझावहरू प्रस्तुत गर्नु ।

### ५. अध्ययनको औचित्य तथा महत्त्व

नेपाल बहुभाषी तथा बहुसाँस्कृतिक मुलुकको रूपमा परिचित छ । बहुभाषी मुलुक तथा भौगोलिक विविधताले गर्दा यहाँ एकले बोलेको कुरा अर्काले बुझ्दैनन् । नेपालमा नेपाली भाषा सम्पर्क भाषा  तथा राष्ट्रभाषाको रूपमा व्यवहृत हुँदै आएको छ । यस परिस्थितिमा मातृभाषा नेपाली नहुने (नभएका) विद्यार्थीहरू जब प्राथमिक विद्यालयमा प्रवेश गर्दछन् तब उनीहरूमा भाषासम्बन्धी प्रशस्त द्विविधाहरू उत्पन्न हुन्छन् । नेपालमा रहेको भाषासम्बन्धी यस्तो अन्योलपूर्ण वातावरणमा देशबाहिरबाट आई नेपाली भाषामा नै पठनपाठन गर्नुपर्दा शुद्ध रूपमा नेपाली बोल्न तथा लेख्न जान्नु आफैँमा कठिन कुरा हो । यसरी अन्य मातृभाषा भएका विद्यार्थीहरूले नेपाली भाषा सिक्दा प्रशस्त मात्रामा गल्तीहरू गर्ने गर्दछन् । मौखिक सीपअन्तर्गत उच्चारणगत त्रुटिहरू हुन सक्छन् नै । लिखितरूपमा पनि विविध प्रकारका त्रुटिहरू देखा पर्दछन् । अझ नेपाली भाषा बोलाइ र लेखाइमा समेत फरक रहेको अवस्थामा लिखितरूपमा नेपाली मातृभाषीले समेत प्रशस्त त्रुटिहरू गर्ने सम्भावना हुन्छ किनभने मौखिक भाषाको प्रभाव कुनै न कुनै रूपमा लिखित परेको देखिन्छ । यसकारण नेपाली इतर भाषा बोल्ने र व्यवहार गर्नेहरूको त्रुटिहरू त झन् प्रशस्त मात्रामा हुन सक्तछन् ।

भाषा सिकाइका क्रममा विभिन्न प्रकारका त्रुटिहरू हुन्छन् । यस्ता त्रुटिका विभिन्न कारणहरू हुन्छन् । भौगोलिक विविधता, स्थानीयता, जातीयता, लिपिगत विभिन्नता तथा वक्ताको शारीरिक, मानसिक, सांवेगिक आदि विभिन्न कारणहरूले गर्दा त्रुटिका स्रोतका काम गरेका हुन्छन् । यस प्रसङ्गमा नेपाली भाषाको सिकाइका सन्दर्भमा भोटबर्मेली वर्गका तिब्बती

शरणार्थी विद्यार्थीहरूको भाषासिकाइका त्रुटिहरूको अध्ययन गर्नु निकै सान्दर्भिक, औचित्यपूर्ण तथा उपयोगीपूर्ण भएको देखिन्छ ।

भोटबर्मेली वर्गका तिब्बती शरणार्थीले नेपाली भाषा सिकाइमा कुनकुन क्षेत्रमा के–कस्ता त्रुटिहरू गर्दछन् भन्ने कुरा पत्ता लगाई भएका त्रुटिहरूलाई स्पष्ट रूपमा देखाउनुमा पनि यस अध्ययनको औचित्य रहेको छ । तिब्बती शरणार्थीहरू विगत (२०१८) ४५ वर्षदेखि कास्की जिल्लाको हेमजा गा.वि.स. र पोखरा उपमहानगरपालिका वडानं. १७ मा बसोबास गर्दै आएका छन् । पठनपाठनका क्रममा उनीहरू आफैंले अस्थायीरूपमा विद्यालयहरू सञ्चालन गर्दै आएका छन् तथा सरकारी स्तरबाट सञ्चालन भएका विद्यालयहरूमा समेत गएर अध्ययन गर्दछन् । आफ्नो मातृभूमिबाट विस्थापित भई विदेशी भूभागमा शरणार्थीको रूपमा बसेका विद्यार्थीहरूले अर्को देशको भाषा, संस्कृति, रीतिरिवाज, चालचलन र वरपरको वातावरणबाट उपयुक्त खालको शिक्षा कसरी प्राप्त गर्दछन् भन्ने समेत खोजको विषय बन्दै गएको छ । यस परिप्रेक्ष्यमा उनीहरूमा नेपाली भाषाको सिकाइका सन्दर्भमा आइपरेका समस्यालाई केन्द्रमा राखी सम्बन्धित विद्यार्थीहरूका कमजोरी तथा उपलब्धिहरूको लेखाजोखा गर्न सान्दर्भिक देखिएकाले प्रस्तुत अध्ययनको औचित्य स्वतः प्रस्टिएको छ । यसबाट नेपाली शिक्षणको परिमार्जन र परिष्कारका नयाँ सोंचको जन्म हुनुका साथै भाषिक शुद्धता र स्तरीयता बढाउने क्षेत्रमा केही न केही सहयोग हुने कुरामा पूर्ण विश्वास गर्न सकिन्छ ।

**६. अध्ययनको सीमा**

यस अध्ययनका सीमाहरू निम्नलिखित रहेका छन् :

(क) प्रस्तुत अध्ययन कास्की जिल्लाको हेमजा गा.वि.स. र पोखरा उपमहानगरपालिकाको छोरेपाटनमा बस्दै आएका तिब्बती शरणार्थी विद्यार्थहिरूमध्ये कक्षा पाँच उत्तीर्ण ६४ जना विद्यार्थीहरूमा मात्र सीमित रहेको छ ।

(ख) उक्त विद्यार्थीहरूले गर्ने विभिन्न भाषिक त्रुटिहरूमध्ये नेपाली भाषाको लेखाइ सीपसम्बद्ध वाक्यगठनसम्बन्धी त्रुटि र वर्णविन्याससम्बन्धी त्रुटिहरूको अध्ययनमा मात्र प्रस्तुत शोधकार्य सीमित रहेको छ ।

(ग) वाक्यगठनसम्बन्धी त्रुटिलाई वाक्यसङ्गतिका पक्षमा मात्र सीमित गरी अध्ययन गरिएको छ भने वर्णविन्यासगत त्रुटिलाई ह्रस्व–दीर्घ, पदयोग–वियोग, हलन्त–अजन्त, लेख्य चिह्न र शिरविन्दु, चन्द्रविन्दुको प्रयोगमा सीमित गरिएको छ ।

(घ) तिब्बती शरणार्थीले गरेका उक्तअनुसारका वाक्यगठन र वर्णविन्याससम्बन्धी खासप्रकारका त्रुटिहरू पत्ता लगाई निराकरणात्मक सुझाव प्रस्तुत गर्नमा मात्र प्रस्तुत अध्ययन सीमित रहेको छ ।

## ७. पूर्वकार्यको समीक्षा

कुनै पनि कार्यलाई अगाडि बढाउनुपर्दा त्यस कार्यको बारेमा त्यसभन्दा अगाडि के–कस्ता कार्य तथा गतिविधिहरू भएका छन् अथवा सो कार्यसँग सम्बन्धित के–कस्ता गतिविधिहरू विगतमा भएका थिए सोका बारेमा जानकारी लिनु आवश्यक हुन्छ किनभने विगतमा भएका कार्यले वर्तमानमा गर्नुपर्ने कार्यलाई अगाडि बढाउन तथा दिशानिर्देश गर्न प्रशस्त सहयोग पुऱ्याउँछन् । त्रुटि विश्लेषणसम्बन्धी विविध प्रकारका खोज तथा अन्वेषणका कार्यहरू भए तापनि तिब्बती शरणार्थीहरूको वाक्यगठन र वर्णविन्याससम्बन्धी त्रुटिहरूको अध्ययनलाई त्रुटिविश्लेषणसम्बन्धी केही पूर्व अध्ययनहरूले प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग पुऱ्याउने देखिन्छ । त्यसैले यस कार्यभन्दा अगाडि नेपाली मातृभाषा हुने तथा नहुने विद्यार्थीहरूले नेपाली भाषाको उच्चारण तथा लिखित रूपमा गर्ने त्रुटिहरूका बारेमा भएका अनुसन्धानात्मक कार्यहरूका बारेमा जानकारी दिने जमर्को गरिएको छ ।

१. जगन्नाथ शर्मा त्रिपाठीद्वारा 'मानविकी र सामाजिकशास्त्र अध्ययन संस्थानअन्तर्गत पद्मकन्या क्याम्पसका छात्राहरूले गर्ने नेपाली व्याकरणसम्बन्धी त्रुटिहरूको विश्लेषण ( २०३५)' भन्ने शीर्षकमा अध्ययन गरेको देखिन्छ (शर्मा, त्रिपाठी, २०४७: ३५) । यसमा उच्चतहमा अध्ययनरत विद्यार्थीहरूका व्याकरणसम्बन्धी त्रुटिहरू पत्ता लगाई शुद्धता प्रदानमा सहयोग गर्ने, कमजोरी हटाउने र सुधारका लागि सुझावहरू प्रस्तुत गर्ने जस्ता उद्देश्यहरू राखिएका छन् । त्यस अध्ययनमा १०० छात्राहरूका उत्तरपुस्तिकालाई चार समूहमा विभाजन गरी अध्ययन गरिएको छ जसमा नेपाली मातृभाषा र नेपाली दोस्रो भाषाका रूपमा प्रयोग गर्ने दुवै खालका छात्राहरूलाई समेटिएको छ । उत्तरपुस्तिका परीक्षणद्वारा आएका नतिजाका आधारमा क्रियापद, वर्णविन्यास, वाच्य र सङ्गतिगत त्रुटिहरूको अध्ययन गरिएको छ । यस लघु अनुसन्धानले पहिलो भाषाका रूपमा नेपाली प्रयोग गर्ने र दोस्रो भाषाको रूपमा नेपाली भाषाको प्रयोग गर्ने छात्राहरूले के–कस्ता त्रुटिहरू गर्दा रहेछन् भन्ने कुरा पत्ता लगाएको छ जसले त्रुटि विश्लेषणात्मक अध्ययनको गोरेटोलाई फराकिलो बनाउने कार्यको थालनी गरेको छ ।

२. हेमाङ्गराज अधिकारी (२०४०) द्वारा नेपाली भाषाका विद्यार्थीहरूले गर्ने त्रुटिहरूको अध्ययन गर्ने सिलसिलामा 'शिक्षा प्रवीणता प्रमाणपत्र तहमा पहिलो र दोस्रो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीहरूका वाक्यगठनमा पाइने त्रुटिहरू' शीर्षकमा अध्ययन–अनुसन्धान भएको छ । यस अनुसन्धानको प्रमुख उद्देश्य प्रवीणता प्रमाणपत्र तहमा अध्ययन गर्ने पहिलो भाषाको रूपमा नेपाली भाषालाई प्रयोग गर्ने विद्यार्थीहरूको र दोस्रो भाषाको रूपमा नेपाली भाषालाई प्रयोग गर्ने विद्यार्थीहरूको वाक्यगठनसम्बन्धी त्रुटिहरू पहिल्याउनु तथा दुवैथरी विद्यार्थीहरूका बीचमा के कस्ता त्रुटिहरू भए त्यसको बारेमा तुलनात्मक अध्ययन गर्नु रहेको छ । यस अनुसन्धानबाट के कुरा थाहा लाग्छ भने नेपाली भाषालाई मातृभाषाकै रूपमा अध्ययन गर्ने विद्यार्थीहरूले पनि प्रशस्तै त्रुटि गर्दा रहेछन् । यस अनुसन्धानले पनि त्रुटिविश्लेषणमा ऊर्जा प्रदान गरेको देखिन्छ ।

३. रामचन्द्र लम्साल (२०४०) द्वारा 'निम्न माध्यमिक तह पूरा गरेका आवासीय र साधारण विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको नेपाली वाक्यगठनसम्बन्धी त्रुटिपक्षको तुलनात्मक अध्ययन' नामक लघु अनुसन्धान प्रस्तुत छ । यस अध्ययनको मूल प्रयोजन दुवैखाले विद्यालयमा अध्ययनरत माध्यमिक विद्यालय तहका विद्यार्थीहरूको नेपाली भाषाको वाक्यगठनसम्बन्धी त्रुटिपक्षहरू पत्ता लगाउनु तथा तुलनात्मक अध्ययन गर्नु रहेको छ । यसमा उपत्यकाका दुईवटा आवासीय र दुईवटा साधारण माध्यमिक विद्यालयका विद्यार्थीहरूका लिङ्ग, वचन, पुरुष, काल, वाच्य र पदमेल गरी ६ वटा पक्षको अध्ययन प्रस्तुत गरिएको छ । यस अनुसन्धानलाई अध्ययन गर्दा साधारण विद्यालयका विद्यार्थीहरूले वचन र लिङ्गसम्बन्धी त्रुटिबाहेक अन्य पक्षमा गर्ने त्रुटि उच्च रहेको देखिन्छ भने आवासीय विद्यालयका विद्यार्थीहरूको तुलनामा साधारण विद्यालयका विद्यार्थीहरूको भाषिकस्तर कमसल खालको देखिन्छ । समग्रमा यो अनुसन्धान वाक्यगठनका क्षेत्रमा केन्द्रित देखिएकाले अन्य त्रुटिपक्षलाई भने समेट्न नसकेको अनुभव हुन्छ तापनि त्रुटिहरूको अध्ययन विश्लेषण गर्ने क्रममा भने उपयोगी नै देखिएको छ ।

४. केदारप्रसाद शर्मा (२०४२) द्वारा माध्यमिक तहका अवधी भाषी विद्यार्थीहरूले नेपाली वाक्यहरूको लेखनमा गर्ने पदसङ्गतिसम्बन्धी त्रुटिहरूको अध्ययन नामक लघुअनुसन्धान प्रस्तुत गरिएको छ । यसयमा अवधी भाषी क्षेत्रका माध्यमिक विद्यालय तहमा अध्ययन गर्ने विद्यार्थीहरूको वाक्य लेखनमा गर्ने पदसङ्गतिसम्बन्धी त्रुटिहरू प्रमुख ध्येय रहेको छ । यस अनुसन्धानलाई केलाउँदा के थाहा लाग्छ भने अवधी भाषी विद्यार्थीहरू नेपाली

भाषाको प्रयोगमा धेरै कमजोर देखिएका छन् । यसले पनि अनुसन्धान कार्यमा थप योगदान दिएको छ ।

५. गंगाबहादुर के.सी (२०५५) द्वारा 'सुर्खेत जिल्लाका कक्षा पाँच उत्तीर्ण मगर भाषी विद्यार्थीहरूमा पाइने त्रुटिहरूको अध्ययन' प्रस्तुत छ । यसमा कविताको सस्वर पठन, शब्दोच्चारण, वाक्यगठन र वर्णविन्यासमा विद्यार्थीहरूले गर्ने त्रुटिहरू पत्ता लगाउनु, तिनीहरूको तुलनात्मक अध्ययन गर्नु, विश्लेषण गर्नु र प्राप्त निष्कर्षका आधारमभा सुझावहरू प्रस्तुत गर्नु जस्ता उद्देश्यहरू राखिएका छन् । प्रस्तुत अध्ययनले त्रुटिविश्लेषणको क्षेत्रमा थप सहयोग गरेको छ ।

६. शुशिला मिश्र (२०५६) द्वारा 'कक्षा ५ उत्तीर्ण थारु भाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन' छ । यस अध्ययनमा वाक्यगठनमा हुने त्रुटिहरूको पहिचान, वर्गीकरण तथा वर्णनविश्लेषण गर्ने र निष्कर्षका आधारमा सुझावहरू प्रस्तुत गर्ने उद्देश्य राखिएको छ । यो अध्ययन दोस्रो भाषीहरूले गर्ने वाक्यगठन सम्बन्धी त्रुटिहरूको अध्ययन विश्लेषणमा उल्लेखनीय रूपमा देखापरेको छ ।

७. प्रेमबहादुर लिम्बूद्वारा (२०६१) लिखित 'कक्षा ५ मा अध्ययनरत लिम्बू मातृभाषी विद्यार्थीहरूले स्तरीय नेपाली सिक्दा पदसङ्गतिमा गर्ने त्रुटिहरूको विश्लेषण' नामक सामग्री पनि उपलब्ध भएको छ । यस अध्ययनले त्रुटि विश्लेषणको पदसङ्गतिलाई मात्र ध्यान दिएको र अन्य पक्षमा त्यति चासो नदेखाएको पाइन्छ तथापि यस सामग्रीले पनि त्रुटिविश्लेषणमा थप उर्जा प्रदान गरेको छ ।

८. हेमबहादुर खत्री (२०६१) द्वारा प्रस्तुत 'कक्षा आठ उत्तीर्ण भुटानी शरणार्थी शिविरमा अध्ययनरत विद्यार्थीहरूले स्तरीय नेपाली लेखाइमा गर्ने त्रुटिहरूको विश्लेषण' नामक शोधग्रन्थले पनि यस अनुसन्धान कार्यलाई थप योगदान पुऱ्याएको छ । उक्त अध्ययनमा कक्षा आठ उत्तीर्ण भुटानी शरणार्थी शिविरमा अध्ययनरत विद्यार्थीहरूले स्तरीय नेपाली लेखाइ अभिव्यक्तिमा गर्ने त्रुटिहरू पत्ता लगाई आवश्यक सुझावहरू प्रस्तुत गर्नुभएको छ । यस अध्ययनबाट नेपाली बाहिरका मुलुकहरूमध्ये भुटानमा बोलिने नेपाली भाषा र स्तरीय नेपाली भाषाको थोरै रूपमा भए पनि जानकारी प्राप्त भएको छ ।

माथिका देखि बाहेक बलराम शिवाकोटीले 'माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूले वर्णविन्यासमा गर्ने त्रुटिविश्लेषणः एक अध्ययन (२०४८)', वासुदेव गौतमले 'कक्षा पाँच पूरा गरेका राजवंशी भाषी विद्यार्थीहरूले गर्ने त्रुटिहरूको विश्लेषण (२०५७)',

सीतादेवीले भट्टराईले 'कक्षा पाँच पूरा गरेका कुमालभाषी विद्यार्थीहरूले नेपाली भाषासिकाइमा गर्ने त्रुटिहरूको अध्ययन (२०६०)', नारायणदत्त सुवेदीले 'कक्षा छ मा अध्ययनरत गुरुङ भाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनसम्बन्धी गर्ने त्रुटिहरूको अध्ययन (२०६०)', शेरबहादुर बानियाँले 'कक्षा पाँचमा अध्ययनरत लिम्बू मातृभाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन (२०६०)', बलराम ज्ञवालीले 'कक्षा पाँच पूरा गरेका विद्यार्थीहरूले गर्ने वर्णविन्याससम्बन्धी त्रुटिहरूको अध्ययन (२०५८)', देवलाल काफ्लेले 'पर्वत जिल्लाका दक्षिणी भेकका मगरभाषी विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन (२०६०),' आदिमा समेत अध्ययन अनुसन्धानहरू भएका पाइन्छन् । माथिका शोधपत्रहरू मगरभाषी, गुरुङभाषी, राजवंशीभाषी विद्यार्थीहरूले स्तरीय नेपाली लेखाइ तथा बोलाइमा र नेपाली वाक्यगठन सम्बन्धमा के कस्ता त्रुटिहरू गर्दछन् र ती त्रुटिहरू के–कस्ता कारणले हुने गर्दछन् तथा त्यस्ता त्रुटिहरको के–कसरी निराकरण गर्न सकिन्छ भन्ने पक्षमा केन्द्रित रहेको देखिन्छ ।

यसरी वर्तमान समयमा आएर त्रुटिविश्लेषणको क्षेत्र निकै फराकिलो भएको तथा यससम्बन्धी विभिन्न अध्ययन अनुसन्धानात्मक कार्यहरू भएको पाइन्छ । यस्ता कार्यहरूले त्रुटि हुनाका कारणहरू र निराकरणका लागि उपयुक्त गोरेटो पनि देखाएका छन् र भविष्यमा स्तरीय नेपाली उच्चारण गर्न तथा लेखाइमा समेत विद्यार्थीहरू सक्षम हुनेछन् भन्ने आशा गर्न सकिन्छ ।

माथिका अध्ययनहरूका आधारमा के निष्कर्ष दिन सकिन्छ भने नेपालभित्र बोलिने भाषा भाषिकाहरूको प्रभाव स्तरीय नेपालीको उच्चारण तथा लेखनमा समेत परेको देखिन्छ । माथि उल्लेखित बेग्लाबेग्लै अध्ययनहरूले त्रुटिका विविध क्षेत्रहरूलाई केलाउने प्रयत्न गरेको पाइन्छ । तर यो अध्ययन नेपालभन्दा बाहिरका भाषाभाषीलाई लिएर तिनले स्तरीय नेपाली लेखाइमा पार्ने प्रभावका बारेमा सम्बन्धित रहेकाले नौलो अनि आजसम्म नभएको कार्यभित्र पर्दछ ।

पूर्वकार्यको समीक्षाबाट के थाहा लाग्छ भने त्रुटिविश्लेषणसम्बन्धी थुप्रै अनुसन्धानहरू भएका पाइन्छन् तर तिब्बती शरणार्थीहरूले 'नेपाली भाषामा गर्ने वाक्यगठन र वर्णविन्याससम्बन्धी त्रुटिहरूको अध्ययन' भन्ने शीर्षकमा कुनै पनि अध्ययन भएको पाइँदैन । त्यसैले यो अत्यावश्यक तथा नवीन अध्ययन हुन गएको छ भन्ने विश्वास गरिएको छ ।

## ८. शोधविधि तथा प्रक्रिया

यस शोधपत्रको अध्ययनका लागि प्रमुख रूपमा क्षेत्रीय अध्ययनविधिलाई अपनाइएको छ । प्रस्तुत अनुसन्धानलाई पूर्णता दिन सामग्री सङ्कलन तथा अन्य कार्यका लागि निम्नलिखित विधि तथा प्रक्रियाहरू अपनाइएको छ ।

**(क) अध्ययनका स्रोतहरू :**

**(अ) प्राथमिक स्रोतः** यस अध्ययनको लागि प्राथमिक स्रोतका रूपमा लेखकहरूका पाठ्यपुस्तकहरू साथै शरणार्थी शिविरमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन र वर्णविन्याससम्बन्धी त्रुटिहरू पत्ता लगाउन स्वतन्त्र विचार अभिव्यक्त गर्ने र निबन्धात्मक प्रश्नहरू दिई उत्तर लेख्न लगाएर सामग्री सङ्कलन गरिएको छ । त्रुटिका क्षेत्रहरू पहिल्याउन शरणार्थी विद्यार्थीहरू र सम्बन्धित विद्यालयका गुरुवर्गहरूसँगको छलफलको क्रमलाई अगाडि बढाइएको छ ।

**(आ) द्वितीय स्रोत :** अध्ययनको द्वितीय स्रोतअन्तर्गत प्रकाशित तथा अप्रकाशित शोधप्रबन्धहरूलाई समावेश गरिएको छ ।

**(ख) अध्ययनको लागि जनसङ्ख्याको छनोट :** यस अध्ययनका लागि जनसङ्ख्याका रूपमा कास्की जिल्ला हेमजा गा.वि.स. र पोखरा उपमहानगरपालिका १७ का दुईवटा शिविरमा रहेका विद्यालयहरू माउन्ट कैलाश र एस.ओ.एस. हर्मन माइनरमा अध्ययनरत ३२/३२ जना विद्यार्थीहरू रहेका छन् ।

यस कार्यका लागि जनसङ्ख्याको छनोट गर्दा नेपाली मातृभाषी विद्यार्थीहरूलाई हटाएर तिब्बती मातृभाषी तथा आमा तिब्बती र बाबु नेपाली मातृभाषी तथा बाबु तिब्बती र आमा नेपाली मातृभाषी भएका विद्यार्थीहरूलाई मात्र समावेश गरिएको छ । यसका साथै शिविरका गण्यमान्य व्यक्तिहरू, बुद्धिजीवी र परिषद्सँग सम्बद्ध व्यक्तिहरूसँगका साथै सर्वसाधारणसँग पनि कुराकानी गरी अध्ययन विश्लेषण गरिएको छ ।

**(ग) वर्गीकरण विधि :** सङ्कलित सामग्रीलाई त्रुटिको वर्गीकरण गर्नका लागि विभिन्न क्षेत्रमा आधारित रही परीक्षण गरिएको छ । जसमा वाक्य सङ्गठनात्मक पक्ष र वर्णविन्यासगत पक्षमा केन्द्रित रही त्रुटिहरू पहिचान गरी वर्गीकरण गरिएको छ । यसका साथै स्वतन्त्र अभिव्यक्तिमा प्रयोग गरिने विशिष्ट पदावली र शब्दहरूको समेत वर्गीकरण गरिएको छ ।

(घ) **विश्लेषण विधि :** विद्यार्थीहरूलाई गर्न लगाइएको स्वतन्त्र अभिव्यक्ति र विषयगत प्रश्नहरूको उत्तरपुस्तिकाको आधारमा त्रुटिहरूको तालिकीकरण गरिसकेपछि त्रुटिका संख्याको सही तथ्याङ्क निकाली निष्कर्षमा पुगिएको छ । विश्लेषणका क्रममा पुस्तकालयीय विधि र आवश्यकताअनुसार आदरणीय गुरुवर्गहरू तथा मान्यजनको सुझावलाई समेत अनुसरण गरिएको छ ।

**९. शोधको रूपरेखा**

प्रस्तुत शोधपत्रको रूपरेखा यसप्रकार रहेको छ :

**अध्याय एकः** यस अध्यायअन्तर्गत शीर्षक, प्रयोजन समस्याकथन, उद्देश्य, शोधको औचित्य, पूर्वकार्यको समीक्षा समावेश गरिएको छ । यसका साथै तथ्य सङ्कलनका स्रोतहरू, तथ्याङ्क सङ्कलन विधि र अध्ययनको सीमालाई पनि राखिएको छ ।

**अध्याय दुईः** यस अध्यायमा तिब्बती शरणार्थीहरूको परिचय, उनीहरूको रहनसहन, चालचलन तथा नेपालमा उनीहरूले भोगेका प्रमुख समस्याहरूमध्ये भाषासम्बन्धी समस्याको जानकारी दिइएको छ ।

**अध्याय तीनः** यस अध्यायमा त्रुटिविश्लेषणको परिचय, त्रुटिका स्रोतहरू, विभिन्न प्रकारका त्रुटिहरू तथा त्रुटिविश्लेषण प्रक्रियालाई समावेश गरिएको छ ।

**अध्याय चारः** यस अध्यायमा शरणार्थी विद्यार्थीहरूले गरेका वाक्यसङ्गतिगत त्रुटिहरूलाई विश्लेषण गरिएको छ ।

**अध्याय पाँचः** यसमा शरणार्थी विद्यार्थीहरूले वर्णविन्यासगत पक्षहरूका साथै पदयोग, पदवियोग, लेखाइचिह्नगत, शिरविन्दु, चन्द्रविन्दुसम्बन्धी त्रुटिहरूको विश्लेषण गरिएको छ ।

**अध्याय छः** यस अध्यायअन्तर्गत अध्याय एकदेखि पाँच अध्यायसम्मको सारांश तथा त्यस्ता त्रुटिहरू हुनाका कारणहरूका साथै निराकरणका लागि उपयुक्त खालका सुझावहरू प्रस्तुत गरिएको छ । यसका अतिरिक्त थप अध्ययनको आवश्यकताका साथै भावी अध्ययनका लागि केही सम्भावित शीर्षकहरूसमेत समावेश गरिएको छ ।

माथिका अतिरिक्त अनुसन्धानका लागि प्रयोग गरिएका सामग्रीहरूको सूची तथा तथ्य सङ्कलनका लागि प्रयोग भएका सामग्री अनि अध्ययनमा समाविष्ट विद्यालयहरूलाई पनि परिशिष्टअन्तर्गत समावेश गरिएको छ ।

# अध्याय दुई

# तिब्बती शरणार्थी र नेपाली भाषाको सम्बन्ध

## २.१ तिब्बती शरणार्थीको परिचय

विश्वको सबैभन्दा ठूलो एसिया महादेशमा अवस्थित तिब्बत वर्तमान  अवस्थामा चीनको अधीनमा रहेको राष्ट्र हो । सन् १९५९ मा एक बन्द समाजका रूपमा 'साम्भला को मिथक'लाई लिएर बनेको तिब्बत समाजले दलाई लामाको निर्वासनसँगै एक अन्तर्राष्ट्रिय परिचय र प्रचार प्राप्त गऱ्यो । तिब्बती राज्य र संस्कृतिप्रति अन्तर्राष्ट्रिय चासो बढ्यो ।

सानो जनसङ्ख्याको सानो समाज भएर पनि तिब्बत भौगोलिक दृष्टिले अति महत्त्वपूर्ण भूमि थियो । मध्यएसिया र दक्षिण–एसियासँग सीमाना गाँसिएको तिब्बतको अतिक्रमण गर्नमा चीनको भूराजनीतिक स्वार्थ नै प्रमुख थियो । तिब्बती स्वतन्त्रताको प्रश्न आज चीनका लागि प्रमुख अन्तर्राष्ट्रिय मामलाको मुद्दा बनेको छ ।

भौगोलिक रूपमा तिब्बत आज स्वतन्त्र नभएर पनि आध्यात्मिक र साँस्कृतिक रूपमा जीवितै छ । तिब्बती शरणार्थीहरू नेपाल, भारत, भुटान, युरोप र उत्तरी अमेरिकामा छरिएर बसेका छन् । उनीहरूको आध्यात्मिक दर्शन र ध्यानको प्रविधिबाट विश्व लाभान्वित भएको छ ।

तिब्बतको आध्यात्मिक चेतनाको धरातल भारतका बौद्ध दार्शनिकहरूले तयार गरिदिएका हुन् । जुन भारतीय बौद्ध चिन्तन तिब्बतमा प्रवेश गरेपछि त्यो तिब्बती संस्कृतिमा घुलमिल भएर भौतिक  रूपमा विकसित भयो । नागार्जुन, अतिशा र शान्तिदेव लगायतका बौद्ध चिन्तन  नै तिब्बती आध्यात्मिक संसारको भूमि हो जुन त्यहाँको परम्परा बन्यो । 'लिटिल बुद्ध' र 'सेभेन इचर्स टिबेट' जस्ता चलचित्रहरूले तिब्बती आध्यात्मिक परम्परा र र दलाइलामासँग जोडिएको तिब्बती इतिहासलाई सर्वसाधारणसम्म पुऱ्यायो ।

यसरी गौरवमय इतिहास बोकको तिब्बतलाई सहयोग गर्ने बहानामा आक्रमण गरी तिब्बतको अस्तित्त्व समाप्त गरेर आफ्नो स्वशासित क्षेत्रको रूपमा चीनले घोषणा गरेपछि स्वाभिमानी तिब्बतीहरूको हृदयमा चोट पुग्नु स्वभाविकै हो ।

त्यसपछि अधीनमा बस्न नचाहने तिब्बतीहरू तथा त्यहाँका  राजा दलाइलामाले समेत आफ्नो मातृभूमि छाडेर  अन्य मुलुकहरूमा अद्यावधि र शरणार्थीको जीवव गुजारा गरिरहनुपरेको छ ।

नेपाललाई हिमाल, पहाड र तराईमा विभाजन गरे झैँ तिब्बतलाई पनि तिनीहरूले लगाउने पोसाक र कपडा अनि वातावरणअनुसार तीन प्रकारमा विभाजन गर्न सकिन्छ । पहिलो प्रकारका मानिसहरू पुड्का हुन्छन् जसलाई तिब्बती भाषामा 'युचाङ्ग' भनिन्छ । यिनीहरूको मुख्य कार्य भनेको खेतिपाती गर्नु हो । दोस्रो थरीका मान्छेहरूलाई 'खाम्पा' भनिन्छ । यिनीहरूको जीउडाल ठूलो हुन्छ साथै यिनीहरू कुशल लडाकु मानिन्छन् । यिनीहरू नेपाल-तिब्बत युद्ध तथा तिब्बतले अन्य मुलुकसँग लडाइँ गर्दा अत्यन्त कुशलतापूर्वक लडेका थिए । तेस्रो थरीका मानिसहरूलाई 'आम्दो' भनिन्छ । यिनीहरू ज्यादै चलाख प्रकृतिका मानिन्छन् । यसप्रकारका मानिसहरू राम्रो मस्तिष्क भएका बुद्धिमान् तथा पढेलेखेका वर्गअन्तर्गत पर्दछन् ।

'यु' को अर्थ बीचको हुने भएकाले युचाङ्ग वर्गका मानिसहरू तिब्बतको बीच भागमा बसोबास गर्दछन् भने खाम्पा जातिहरू पूर्वी भाग तथा आम्दो जातिहरू पश्चिमी भागमा बसोबास गर्दछन् ।

वि.सं. २०१८ सालमा तिब्बतबाट भागेर विश्वका विभिन्न मुलुकहरूमा छरिएर शरणार्थी बन्ने क्रममा नेपालको कास्की जिल्लामा पनि यिनीहरूले शरणार्थीको जीवन बिताइरहनु परेको छ । तिब्बतीहरू कास्की जिल्लाको हेमजा गा.वि.स. वडा नं. १ तथा पोखरा उपमहानगरपाकिा वडा नं. १७ मा बसोवास गर्दै आएका छन् । यसको अलावा लुम्बिनी, वाग्मती लगायतका अन्य अञ्चलहरूमा समेत निरीह जीवन बिताउन वाध्य यी शरणार्थीहरूको मूल चाहना भने आफ्नै देश फर्कने रहेको छ । अन्तर्राष्ट्रिय सङ्घसंस्था तथा शरणार्थी भएर बस्नुपरेका देशहरूले वकालत गरेर चीनको पञ्जाबाट तिब्बतलाई मुक्त गरिएमा यिनीहरूको आफ्नो देश फर्कने सपना विपनामा परिणत नहोला भन्न सकिँदैन ।

## २.२ तिब्बती शरणार्थी र नेपाली भाषा

मानवले आफ्नो दैनिक आवश्यकता परिपूर्ति गर्नको लागि भाषाको प्रयोग गर्दछ । भाषाकै माध्यमबाट मान्छेले विचारको आदानप्रदानसमेत गर्दछ । शरणार्थीको रूपमा जीवन व्यतित गरिरहेका तिब्बतीहरूले पनि नेपालमा प्रवेश गरेपछि नेपाली भाषामा नै आफ्नो व्यवहार चलाउनुपर्ने बाध्यता आइपरेको थियो । पारिवारिक वितरणका आधारमा विश्वका भाषाहरूलाई वर्गीकरण गर्ने क्रममा तिब्बती भाषा र नेपाली भाषा भिन्नभिन्न परिवारका भाषा भएको कुरा प्रष्टै देखिन्छ । समपरिवारभित्रका भाषाहरू त बुझ्न कठिनाइ उत्पन्न हुने

स्थितिमा भिन्न परिवारको भाषाको त कुरै नगरौं । आफ्नो देशको स्वतन्त्र भाषा बोलिरहेका तिब्बतीहरूलाई अर्काको भाषा बोल्नु कठिन कार्य नै भएको छ ।

नेपालमा शाह वंशीय शाशनकालको सुरुवात भएपछि भनौं अथवा नेपालको एकीकरण भएपछि तिब्बती व्यापारीहरू नेपालको बाटो हुँदै तिब्बत पुग्थे । । यस्तो क्रम धेरै पहिलादेखि नै चलिरहेको थियो । यसरी के भन्न सकिन्छ भने तिब्बती तथा भारतीय व्यापारीहरूको विश्रामस्थलको रूपमा नेपाल रहेको थियो । तथापि ती व्यापारीहरूलाई त्यति बेलाको नेपाली भाषाले खासै प्रभाव पार्न सकेको थिएन । नेपाल र तिब्बतको सम्बन्ध राम्रो बनाउने सन्दर्भमा अंशुबर्माले आफ्नी छोरी भृकुटीको विवाह त्यति बेलाका तिब्बती राजा स्रङचङ गम्पोसँगै गरिदिएका थिए भन्ने कुरा इतिहासमा उल्लेख छ तर पनि त्यति बेला भृकुटीले नेपाली भाषा बोल्दथिन् वा अन्य कुनै भाषा बोल्दथिन् भन्ने बारेमा अहिलेसम्म कुनै प्रमाण फेला परेको छैन । स्रङचङ गम्पोले आफ्ना मन्त्रीलाई भाषा सिक्नका लागि भारत पठाएका थिए जसको नाम थियो 'थुन्मी सम भोटा' ।

तिब्बती भाषाको पहिलो वर्ण बनाउनेको नाम पनि 'थुन्मी सम भोटा' नै थियो । यिनले तिब्बती भाषामा ३० वटा व्यञ्जन वर्ण र ४ वता स्वरवर्णहरू निर्धारण गरको थिए । तिब्बतीहरूले राष्ट्रभाषालाई वा उनीहरूले बोल्ने भाषालाई 'फयुके' भन्दछन् । उनीहरूको भाषामा 'के' भनेको भाषा हो । उनीहरूले राष्ट्रभाषालाई तिब्बती शब्दमा 'फ्युके' भन्दछन् । उनीहरूको राष्ट्रभाषालाई हेर्दा तिब्बती भाषाको जननी भाषा पनि संस्कृत भाषा नै भएको थाहा पाइन्छ । खाली लेखाइमा मात्र फरक रहेको पाइन्छ । उच्चारणमा भने नेपाली भाषा र तिब्बती भाषा एउटै किसिमको हुन्छ । संस्कृत र नेपालीको जस्तै तिब्बती भाषामा पनि क ख वर्ण नै हुन्छन् खाली लिपिमात्र फरक रहको हुन्छ ।

तिब्बती भाषाका चारवटा स्वरवर्ण र तीस वटा व्यञ्जनवर्णहरूलाई तल प्रस्तुत गरिएको छ :



तिब्बतमा बोलिने 'फ्यूके' भाषा स्थानअनुसार फरकफरक छ तथापि लेखाइमा भने एकरूपता पाइन्छ । यस्तो फरक प्रकृतिको भाषा बोल्ने तिब्बतीहरूले शरणार्थीको जीवन बिताएर यहाँका नेपालीसँग व्यवहार आदान–प्रदान गर्न नेपाली भाषा नै प्रयोग गर्नुपर्ने स्थितिको सिर्जना भयो । विस्तारै नेपाली भाषामा बानी पर्दै गए पनि शुद्ध नेपाली बोल्न र लेख्न भने उनीहरू सक्षम भएनन् । यसमा पहिलो भाषाको प्रशस्त मात्रामा प्रभाव परेको पाइन्छ ।

भाषा सिक्ने क्रममा माध्यमिक स्तरसम्म सामान्य नेपाली भाषिक सीप विकासको अपेक्षा राखिएको हुन्छ । कक्षा ५ उत्तीर्ण हुनु भनेको भर्खरै नि.मा.वि.को पहिलो खुड्किलो अर्थात् कक्षा ६ मा प्रवेश गर्नु हो । यस तहमा विद्यार्थीहरूले त्रुटिपूर्ण सिकाइ गरेको खण्डमा त्यसको सम्पूर्ण प्रभाव उच्च शिक्षामा समेत पर्दछ । तसर्थ स्तरीय नेपाली भाषाशिक्षण कार्यलाई सफलीभूत पार्नका लागि भर्खरै नि.मा.वि तहमा प्रवेश गरेका विद्यार्थीहरूको लेखाइमा प्रायः के–कस्ता त्रुटिहरू हुने गर्दछन् भन्ने कुराको छानबिन गर्नु आवश्यक पर्दछ । किनभने स्तरीय नेपाली लेखाइ तथा बोलाइमा नेपाली भाषी विद्यार्थीले त त्रुटि गर्दछन् भने शरणार्थीको रूपमा जीवन सञ्चालन गरिरहेका तिब्बती विद्यार्थीहरूले त अवश्य पनि त्रुटि गर्दछन् नै ।

नेपाली भाषा सम्पूर्ण नेपालीहरूको राष्ट्रभाषा हो । यसरी सम्पूर्ण नेपालीहरूको राष्ट्रभाषा हुँदाहुँदै पनि सबैको मातृभाषा बन्ने सौभाग्य भने यसले अझैसम्म प्राप्त गर्न सकेको छैन । वर्तमानमा पनि धेरै नेपालीहरूले दोस्रो भाषाका रूपमा नेपाली सिक्दै आइरहेका छन् । नेपाली भाषा नेपालको संस्कृति, सामाजिक मूल्य, सार्वभौमिकता आदि सम्पूर्ण कुराहरूको समन्वित रूप हो । वर्तमान परिप्रेक्ष्यमा नेपाली भाषा राष्ट्रभाषा मात्र नभई सम्पर्क भाषा मातृभाषा र विदेशी भाषाका रूपमा समेत व्यवहृत हुँदै आएको छ । यसरी यसको व्यापकता दिनप्रतिदिन बढ्दै गएको हुनाले नेपालका विभिन्न तहका जनशक्ति तथा साक्षरताको तहमा समेत राष्ट्रभाषामा पोख्त बनाउनु आजको आवश्यकता हो ।

हाम्रो देश भाषिक विविधताले युक्त छ । त्यसैले राष्ट्रभाषाको सिकाइको क्रममा सिकारुलाई घर, छिमेक र समुदायको वातावरणले प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । यसरी विविध भाषिक पृष्ठभूमिबाट आएका सिकारुहरूले राष्ट्रभाषा नेपाली सिक्दा र प्रयोग गर्दा निश्चय नै विविध प्रकारका त्रुटिहरू हुन जान्छन् । नेपाली मातृभाषी हुनेहरूमा पनि व्याकरणगत त्रुटिहरू हुँदैहुँदैनन् भन्न सकिँदैन भने भिन्न परिवारको भाषा बोल्ने तिब्बती

शरणार्थीहरूले नेपाली भाषा बोल्दा वा लेख्दा त्रुटि नगर्ने त कुरै भएन । भाषा सिक्दै जाने क्रममा विद्यार्थीहरूले त्रुटि गर्दै जान्छन् र सुधार पनि गर्दै जान्छन् ।

## २.३ तिब्बती शरणार्थी र धर्म

तिब्बतीहरूको प्रमुख धर्म भनेको बौद्ध धर्म नै हो । बौद्ध  दर्शन हिन्दू दर्शनका विकृतिहरूबाट अस्तित्त्वमा आएको देखिन्छ । बैदिक दर्शन र चार्वाक (लोकायत) दर्शनको मिश्रण नै बौद्ध दर्शन हो । बौद्ध दर्शनअनुसार शिक्षाको विकासक्रमलाई विश्लेषण गर्दा प्राचीन समयदेखि नै प्राथमिक शिक्षा र उच्च शिक्षाको व्यवस्थाबाट विकसित हुँदै आएको देखिन्छ । प्राथमिक शिक्षा मठहरूमा दिने गरिन्थ्यो । यो शिक्षा सबै जातका बालबालिकाहरूमा लागि खुल्ला थियो । पाँचौ शताब्दीमा भारत आएका चिनियाँ यात्री ‘फा ह्यान’का लेखहरूमा भनिएअनुसार सुरुमा बौद्ध शिक्षा पूर्ण रूपमा धार्मिक थियो तर पछि वैदिक शिक्षासँगको प्रतिस्पर्धामा यसलाई मठहरूमा शिक्षा दिने कामको सुरुवात भयो । अर्का चिनियाँ यात्री ‘आई सिँग’काअनुसार प्राथमिक शिक्षाको प्रारम्भ ६ वर्षदेखि हुन्थ्यो र यसको अवधि ६ वर्षको थियो । बौद्ध धर्मअनुसार उनीहरूले चार प्रकारका बौद्धमार्गहरूलाई अनुसरण गरे तापनि तिब्बतीहरू प्रमुख रूपमा दुईवटा शाखामा विभजित थिए ।

क) महायानी

ख) हिनयानी

महायानीका अनुयायीहरू पहिले संसारमा अन्य प्राणीको कल्याण गरेपछि मात्र आफ्नोआफ्नो कल्याण हुने काम गर्नुपर्दछ भन्ने मान्यता राख्दछन् भने हिनयानीका अनुयायीहरूले पहिलो आफूले मुक्ति  प्राप्त गरेपछि मात्र अरूलाई मुक्ति दिलाउने कार्य गर्नुपर्दछ भन्ने मान्यता राख्दछन् । बौद्ध धर्मका अनुयायी तिब्बतीहरूले दलाइ लामालाई आफ्ना राजाको रूपमा मान्दछन् । तिब्बत चीनको अधीनमा आएपछि दलाइ लामा भागेर नेपाल हुँदै भारत पुगका थिए । ‘दलाइ’ त्यति वेला मङ्गोलियाका राजाले दिएको उपनाम हो । ‘दलाइ’ तलाइ शब्दको परिवर्तित रूप हो । ‘तलाइ शब्द ‘ताल’ बाट बनेको हो । त्यही शब्द परिवर्तित हुँदै दलाइ बनेको हो । ‘दलाइ’ लामाको नाम तेन्जिङ्ग घ्याप्चो हुन्छ र अहिले चौधौं दलाइ लामाको जन्म भइसकेको छ ।

तिब्बतबाट विस्थापित भइसकेपछि जहाँजहाँ उनीहरू गए त्यहाँ आफ्नो धर्मलाई स्थायित्व प्रदान गर्न गुम्बाहरू बनाउने तथा लामा बन्ने परम्परालाई कायम राखेको पाइन्छ । गुम्बाको गजुरमा राखिने जरायोलाई शान्तिको प्रतीक मान्दछन् । तिब्बतीहरू प्राय:

सबै लामा बन्दछन् तर लामा बन्नको लागि राम्रो स्वास्थ्य भएको व्यक्ति हुनुपर्दछ । लामा बने पछि सांसारिक मायाजाल तथा दुःखबाट मुक्ति मिल्दछ भन्ने उनीहरूको मान्यता छ । लामा भएपछि विवाह गर्नुपरेमा भाग्ने अथवा आमाबाबुको करमा लामा छाड्नुपर्दछ । सामान्यतः विवाहित तिब्बतीहरू लामा बन्न सक्दछन् । लामाहरूले रातो र गेरु रङ्गको कपडा लगाउँछन् । लामाहरूले लगाउने रातो र गेरु रङ्गको कपडाको अर्थ शान्ति र सद्भाव हो । यसलाई शान्तिको प्रतीक मानेर गुम्बाको रङ्ग पनि सोही अनुसारको बनाइएको हुन्छ । यसरी समग्रमा नियाल्दा तिब्बतीहरू बौद्ध धर्मका अनुयायी रहेको देखिन्छ ।

तिब्बतीहरूको विवाह गर्ने चलन हिन्दू धर्मको भन्दा बिलकुल फरक रहेको छ । विवाह गर्ने क्रममा सबैभन्दा पहिले उनीहरू छोरी अर्थात् केटी माग्न जाँदा थर्मस (फलस) मा चिया लिएर जाने चलन छ । यदि केटी पक्षकाले केटा पक्षकाले लगेको चिया स्वीकार गरे भने उनीहरूले केटी दिन मञ्जुर गरे भन्ने सङ्केत मिल्दछ । यदि अस्वीकार भएमा उनीहरूले केटी दिन अस्वीकार गरे भन्ने बुझिन्छ ।

तिब्बतीहरूको समाज बहुपति भएको समाज हो । वर्तमान समयमा यस्तो प्रचलन हट्दै गए तापनि पहिले चार/पाँच दाजुभाइहरूले एउटी मात्र श्रीमती राख्ने प्रचलन थियो अर्थात् एउटा परिवारमा जति दाजुभाइ छन्, उनीहरूले एउटै केटीलाई श्रीमतीको रूपमा स्वीकार गर्दथे । यस्तो प्रचलन नेपालको उत्तरी भेकतिर अहिले पनि पाइन्छ । यसरी चार– पाँच भाइको एउटै केटीसँग विवाह गर्नाको प्रमुख कारण उनीहरूको पैतृक सम्पत्ति विभाजन नहोस् भन्नका लागि हो ।

तिब्बतीहरूको बच्चाको न्वारन गर्ने प्रचलन पनि हिन्दूहरू वा नेपालीको भन्दा फरक प्रकृतिको छ । हिन्दूहरूका छोराछोरीको अन्त्यमा बाबुको जात दिइन्छ । जस्तो पिता थापा भए थापा, कार्की भए कार्की तर तिब्बतीहरूको भने अन्त्यको नाम (Surname) बाबु अथवा आमाको नामसँग एकदम कम मात्रामा जोडिन्छ । उनीहरूले मान्ने धर्मअनुसार लामाले उनीहरूको नाम तथा उपनाम राखिदिन्छन् ।

यसरी समग्रमा के भन्न सकिन्छ भने तिब्बती शरणार्थीहरूको भाषा सुरप्रधान भाषा हो । उनीहरूको आफ्नै प्रचलन रहेको छ । शरणार्थीको रूपमा जीवन गुजारा गर्नुपरे पनि आफ्नो संस्कृति तथा धर्मलाई छोड्न नचाहने उनीहरूले नेपाली भाषामा व्यवहार गर्दा के कस्ता त्रुटिहरू गर्दा रहेछन् भन्ने पक्षलाई यस लघुशोधमा केलाउने जमर्को गरिएको छ ।

## २.४ सारांश

वि.सं. २०१६ सालमा 'साम्भलाको मिथक'लाई लिएर बनेको तिब्बती बन्द समाजले चीनले गरेको अतिक्रमण पछि दलाइ लामाको निर्वासन सँगै विश्वका विभिन्न मुलुकहरूमा शरणार्थीको जीवन व्यतित गरिरहनु परेको छ । तिब्बती राजा स्रङ्च्रङ गम्पोसँग गाँसिएको मित्रता तथा नेपालको बाटो भएर तिब्बत तथा भारतका व्यापारीहरूले ओहोरदोहोर गर्ने हुनाले तिब्बतीहरूलाई नेपालमा शरण लिन सजिलो पनि भएको थियो । २०१८ सालमा ठूलो सङ्ख्यामा तिब्बतीहरू नेपालमा आएपछि सानोतिनो स्थानीय व्यापार तथा घरेलु उद्योग सञ्चालन गरेर बसेका तिब्बतीहरूलाई सबैभन्दा ठूलो समस्याको विषय भनेको भाषा भएको थियो ।

नेपाली भाषा र तिब्बती भाषा भिन्नाभिन्नै परिवारका भाषा भएको तथा यी दुई भाषाको लिपिमा समेत भिन्नता रहेको हुँदा तिब्बतीहरूलाई भाषासम्बन्धी समस्या आइपर्नु स्वाभाविकै हो । विकासको चरम अवस्थामा पुगेका तिब्बतीहरूले तिब्बतमा रहँदा आफ्नो भाषामा विभिन्न पत्रपत्रिका तथा लेखरचनासमेत प्रकाशित गरेका थिए । बौद्ध धर्मका अनुयायीहरू मानिने यिनीहरूको कलकारिताको पनि चर्चा–परिचर्चा जताततै फैलिएको थियो । त्यसको ज्वलन्त नमुनाका रूपमा दलाइ लामाको 'पोताला प्यालेस' तथा हाल नेपाल लगायत बौद्धमार्गीहरू रहेका विश्वका अन्य मुलुकहरूमा बनेका गुम्बाहरूलाई लिन सकिन्छ । नेपालमा प्रवेश गरेपछि आफ्नो आवश्यकता परिपूर्ति गर्नका लागि भए पनि नेपाली भाषा सिक्नुपर्ने बाध्यात्मक आवश्यकता थियो । यसरी नेपाली भाषा सिक्दा, बोल्दा, लेख्दा तथा व्यवहार गर्दा विभिन्न खालका त्रुटिहरू हुने गर्दछन् अर्थात् शुद्ध रूपमा नेपाली भाषामा व्यवहार गर्न उनीहरू सक्दैनन् किनभने माथि नै भनिसकिएको छ कि यिनीहरूले बोल्ने भाषा र नेपाली भाषा छुट्टाछुट्टै परिवार तथा भिन्ना भिन्नै लिपि भएका भाषा हुन् ।

तिब्बती शरणार्थीहरू बौद्ध धर्मबाट प्रभावित छन् । उनीहरूले बौद्ध धर्म अर्थात् आफूले मान्ने धर्मलाई प्रचार–प्रसार गर्न आफूहरू जुनजुन मुलुकहरूमा प्रवेश गरे पनि आफ्नो परम्परालाई कायम राख्न सफल देखिन्छन् ।

# अध्याय तीन

# त्रुटिविश्लेषणको सैद्धान्तिक अवधारणा

## ३.१ त्रुटिविश्लेषणको परिचय

त्रुटिविश्लेषण सन् १९७० को दशक पछि भाषाशिक्षणको क्षेत्रमा महत्त्वपूर्ण विषयको रूपमा देखा पर्न थालेको हो । यसअन्तर्गत दोस्रो भाषा आर्जनलाई बुझ्ने प्रयास गरिन्छ जसका लागि दोस्रो भाषा सिकिरहेका व्यक्तिका गल्तीहरूलाई सङ्ग्रह गरेर लक्ष्यित भाषाका मान्यताहरूसँग दाँजिन्छ । त्रुटि वर्गीकरण र व्याख्या–विश्लेषणसँग सम्बन्धित विषय हो । भाषा सिकाइका क्रममा विद्यार्थीहरूले के–कस्ता प्रकारका त्रुटिहरू के कारणबाट गर्दछन् भनी गरिने अध्ययन–विश्लेषण नै त्रुटिविश्लेषण हो । जसले ती त्रुटिहरूको निराकरण गर्न महत्त्वपूर्ण सहयोग गर्दछ (ढुङ्गेल, दाहाल २०५८, १८८) ।

त्रुटिविश्लेषण आधुनिक भाषाविज्ञानबाट प्रभावित धारणा हो (सुवेदी, २०३९: १) । आधुनिक भाषाविज्ञानका सम्प्रदायहरूमा संरचनावादी सम्प्रदायभन्दा उत्तरका रूपान्तरणवादी र मनोवादी धारणाअनुसार त्रुटिले भाषा सिक्ने र सिकाउने तरिकाको ज्ञान दिन्छ । त्रुटिविश्लेषण भाषाशिक्षणमा प्रस्तावित, निराकरणात्मक र संज्ञानात्मक पद्धतिहरूसँग निकट रहेको देखिन्छ । संज्ञानात्मक पद्धतिमा त्रुटिविश्लेषणले भाषालाई व्यवस्थाका रूपमा बुझ्न र सम्झन प्रोत्साहित गर्दछ (अधिकारी, २०४६: ८८) ।

त्रुटिविश्लेषणसम्बन्धी धारणा सन १९७० को दशकपछि मात्र चर्चित हुन थालेको विषय हो । भाषा प्रयत्न र भुलका आधारमा सिकिने कुरा हो । कुनै पनि व्यक्तिले पहिलो भाषा सिक्दा होस् वा दोस्रो भाषा सिक्दा होस्, उसले विविध प्रकारका त्रुटिहरू गर्न सक्दछ । त्रुटिविश्लेषण मूलतः दोस्रो वा अन्य भाषा शिक्षणका सन्दर्भमा विकसित दृष्टिकोण तथा पद्धति हो । तापनि त्यसकै समस्थिति र अंशतः केही भिन्न स्थितिमा पनि यसको उपयोग गर्न सकिने कुरा विभिन्न भाषा तथा भाषिकाभाषी पृष्ठभूमि भएका विद्यार्थीहरूले मानक नेपाली सिक्दा विभिन्न प्रकारका त्रुटिहरू गर्ने र उक्त त्रुटिहरूको अध्ययन भाषाशिक्षणमा प्रभावकारिता थप्न निकै उपयोग हुने ठानिएको छ (अधिकारी, २०५६: १३९) ।

त्रुटिविश्लेषण सम्बन्धी धारणालाई प्रस्ट पार्न डेभिड क्रिस्टल तथा एस.पिट कर्डरले दिएको परिभाषालाई यहाँ उल्लेख गर्नु वाञ्छनीय देखिन्छ ।

क) डेभिड क्रिस्टलका अनुसार भाषाशिक्षण र सिकाइमा त्रुटिविश्लेषण एउटा प्रविधि हो, जसको माध्यमद्वारा विदेशी भाषा सिकिरहेका व्यक्तिले गर्ने त्रुटि वा भुलहरूको पहिचान,

वर्गीकरण तथा व्यवस्थित व्याख्या गरिन्छ । सिकारूले भाषिक सामर्थ्य कुन तहसम्म प्राप्त गर्न सकेको छ, त्यो कुरा उसले गरेका त्रुटिहरूबाट व्यवस्थित ढङ्गले झल्किन्छ ।

ख) एस्.पिट् कर्डरका अनुसार भाषा सिकाइका क्रममा सिक्ने व्यक्तिहरूले गरेका त्रुटिहरूको अध्ययनबाट उसको त्यस क्षेत्रमा कत्तिको ज्ञान छ भन्ने कुराको अनुमान गर्न सकिन्छ । यसबाट उसले अझ कुनकुन कुरा सिक्न बाँकी छ, सो पत्ता लगाउन सकिन्न । उसले गरेका त्रुटिहरूको भाषावैज्ञानिक शब्दमा वर्णन र वर्गीकरण गरेर एउटा त्यस्तो चित्र बनाउन सकिन्छ, जसले भाषाका ती विशेषताहरू बताउँछन्, जसले गर्दा उसलाई भाषा सिकाइमा समस्या परिरहेको हुन्छ ।

माथिका भनाइहरूका आधारमा कुनै भाषा सिक्दा (सामान्यतः दोस्रो वा लक्ष्य भाषा सिक्दा) विद्यार्थीले के–कस्ता प्रकारका त्रुटिहरू गर्दछन् र ती त्रुटिहरू के–कस्ता कारणबाट भएका छन् भनी गरिने अध्ययन विश्लेषण नै त्रुटिविश्लेषण हो । त्रुटिविश्लेषणलाई पहिले पहिले गल्ती देखाउने कार्यका रूपमा मात्र हेरिन्थ्यो तर आधुनिक मान्यताअनुसार के–कस्तो कारणले गल्ती गर्दछन् वा गल्ती हुनमा के–कस्ता तत्त्वले सक्रिय भूमिका खेल्दछन् तथा सिकाइलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने कुरामा केन्द्रित रहेको देखिन्छ ।

## ३.२ त्रुटिविश्लेषणका उद्देश्यहरू

त्रुटिविश्लेषण भाषा सिकाइका क्रममा विद्यार्थीहरूले गर्ने त्रुटिहरूको वर्णन र वर्गीकरणसँग सम्बन्धित अध्ययन विश्लेष्ण हो । अर्को शब्दमा विद्यार्थीर्ले गर्ने त्रुटिहरूको वर्गीकरण गर्नु र व्याख्या विश्लेषण गरी विद्यार्थीलाई सिकाइका क्रममा आइपर्ने समस्या समाधानार्थ आवश्यक सुझाव दिई निराकरणका उपायहरूको खोजी गर्नु हो । यसका उद्देश्यहरूलाई बुँदागत रूपमा यसरी औँल्याउन सकिन्छ :

१. कुनै पनि व्यक्तिले त्यो भाषा के–कति जानेको छ ? सो कुरा पत्ता लगाउनु,

२. मानिसले लक्ष्य भाषा कसरी सिक्दछ ? सो कुरा पत्ता लगाउनु,

३. भाषा सिकाइका क्रममा व्यक्तिलाई के कस्ता समस्या आइपर्दछन् ? सो कुरा पत्ता लगाउनु,

४. आइपरेका समस्याहरूको निराकरणका लागि के कस्ता उपायहरू तथा प्रक्रियाहरूको अवलम्बन गर्न सकिन्छ, सो कुरा पत्ता लगाउनु आदि ।

## ३.३ त्रुटिविश्लेषणको महत्त्व र उपयोगिता

भाषा सिकाइका क्रममा त्रुटिहरूको अध्ययन विद्यार्थीहरूमा खास भाषा विकास प्रक्रियाको अध्ययनसँग सम्बद्ध छ । भाषा विकासको प्रक्रियाको अध्ययन पहिलो भाषा वा मातृभाषामा मात्र नभई दोस्रो वा अध्ययनीय भाषा सिकाइमा पनि महत्त्वपूर्ण हुन आउँछ । (अधिकारी २०६२: १३९) । त्रुटिविश्लेषण भाषा सिकाइका क्रममा अति उपयोगी र महत्त्वपूर्ण मानिन्छ । यसलाई बुँदागत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ :

- त्रुटिविश्लेषण भाषाका सिकाइ प्रक्रियाको अध्ययन गर्ने एउटा महत्त्वपूर्ण पद्धति हो । यसले त्रुटिपरक दृष्टिले प्रत्येक भाषका सिकाइ प्रक्रियाको अध्ययन गर्ने हुनाले एकातिर यसबाट सम्बन्धित भाषाका विद्यार्थीहरूले गर्ने त्रुटिहरूको ज्ञान हुन्छ, अर्कोतिर भाषाको सिकाइक्रम तथा प्रवृत्तिकै समेत जानकरी प्राप्त हुनाले यसको अध्ययनको महत्त्व प्रायोगिकका साथै सैद्धान्तिक दृष्टिले पनि बढ्दै गएको छ ।
- त्रुटिहरूको अध्ययन दोस्रो भाषाको सिकाइको क्रममा विशेष प्रासङ्गिक हुन्छ ।
- शिक्षकलाई शैक्षिक योजना तयार पार्न त्रुटिविश्लेषणले सघाउ पुऱ्याउँछ ।
- शिक्षकलाई पठनपाठनका निम्ति शैक्षिक सामग्री निर्माण तथा अभ्यास निर्माण गर्ने कार्यमा त्रुटिविश्लेषण सहयोगी हुन्छ ।
- पहिलो र दोस्रो भाषाको संरचना समान भएका ठाउँमा सुविधा हुने र असमान भएका ठाउँमा बाधा हुने पूर्वानुमान मनोभाषाविज्ञानले पनि गरेको पाइन्छ । उक्त कुराको परीक्षणमा पनि त्रुटिविश्लेषणले मद्दत गर्दछ ।
- त्रुटिविश्लेषणले त्रुटिहरूलाई सिकाइका कमजोरी मान्ने परम्परागत धारणालाई अस्वीकार गर्छ र यसले त्रुटिलाई भाषा सिकाइको सहज अवश्यम्भावी एवम् अभिन्न अङ्गका रूपमा मान्दछ । त्रुटिहरूबाट नै विद्यार्थीहरू भाषाको विकास थाहा पाइने हुनाले उनीहरूको भाषा सिकाइ त्रुटिविहिन स्थितिबाट गुज्रन सक्छ भन्ने कुरा अप्रासङ्गिक मानिनु स्वाभाविक छ ।
- सिकाइका विभिन्न चरणहरूमा देखापर्ने त्रुटिहरूको व्यक्तिगत विवरणको तयारी गरी अध्ययन विश्लेषण गरिएमा तिनको प्रकृतिमा आएको विविधताले शिक्षकलाई त्रुटिप्रतिको गलत धारणा निराकरण गर्न स्पष्ट मद्दत मिल्दछ ।

समग्रमा के भन्न सकिन्छ भने विद्यार्थीहरूमा सिकाइको प्रक्रिया कसरी चल्दछ सो जान्नका लागि उनीहरूले सिक्दै गरेको भाषामा पाइने त्रुटिहरूको अध्ययन महत्त्वपूर्ण हुन्छ ।

कुनै पनि भाषा सिकाइका क्रममा त्रुटि हुनु स्वाभाविक छ । त्रुटिले भाषा सिकाइको प्रकृति तथा प्रवृत्तिलाई सङ्केत गरेको हुन्छ । अतः भाषाका शिक्षकलाई विद्यार्थीहरूले गर्ने त्रुटिहरूको अध्ययन महत्त्वपूर्ण हुन्छ । कुनै पनि भाषा सिकाइको प्रकृति तथा प्रवृत्तिलाई त्रुटिले सङ्केत गरेको हुन्छ । अतः भाषाका शिक्षकलाई विद्यार्थीहरूले गर्ने त्रुटिहरूको प्रकृति थाहा भएमा उनीहरूलाई कुन कुरा सिक्न सजिलो हुंदो रहेछ र कुनकुन गाह्रो हुँदो रहेछ त्यसको जानकारी प्राप्त गर्न मद्दत मिल्दछ ।

**३.४ त्रुटिका स्रोत र कारक तत्त्वहरू**

कतिपय स्थितिमा पहिलो र दोस्रो भाषा सिकाइ समान जस्तो मानिए तापनि विभिन्न प्रभावकहरूले गर्दा यी दुईमा भिन्नता आउनु स्वाभाविक छ । फेरी सिकाइ प्रक्रिया मूलतः उस्तै मानिए पनि सिकिने भाषा र सिकिसकिएको भाषाका संरचनात्मक तथा अन्य विशेषतागत विभिन्नताले कठिनाइको मात्रा फरकफरक हुन सक्छ । वस्तुतः त्रुटिका स्रोत अनुभूत भाषा र लक्ष्यित भाषा दुवै हुन सक्दछन् ।

**(क) स्रोत भाषाः** भाषा सिकाइको क्रममा अनुभूत सिकारुले भाषाका विशेषताहरू दोस्रो भषा वा लक्ष्यित भाषाका विशेषताहरूसँग सामान्यीकरण गर्न खोज्छ । समवर्गीय भाषाको सिकाइमा र भिन्नवर्गीय भाषाको सिकाइमा सरलता र जटिलताको मात्रा फरक हुन सक्छ । त्यस्तै स्वयम् सिकारुको शारीरिक, मानसिक तथा बौद्धिक स्तरले पनि भाषाको सिकाइमा प्रभावक तत्त्वको काम गर्छ ।

**(ख) लक्ष्य भाषाः** लक्ष्य भाषा भनेको विद्यार्थीले सिक्न चाहेको भाषा हो । सिकारुले पहिले सिकिसकेका वा मातृभाषा यदि लक्ष्यभाषा वा सिक्न चाहेको भाषाभन्दा भिन्न छ भने उसलाई सो भाषा सिक्न कठिनाइ उत्पन्न हन्छ । त्यसैले लक्ष्य भषालाई पनि त्रुटिकै कारक तत्त्वको रूपमा लिइन्छ ।

**(ग) भाषिक वातावरणः** भाषा सिकाइका क्रममा सिकारुले प्राप्त गरेको भाषिक वातावरणलाई पनि त्रुटिको प्रभावक तत्त्वका रूपमा लिन सकिन्छ । पहिलो भाषाको सिकाइमा सिकारुले स्वतन्त्र, अनियन्त्रित र अनौपचारिक वातावरण पाउँछ भने दोस्रो भाषा सिकाइमा सिकारुले निश्चित र नियन्त्रित वातावरण मात्र पाएको हुन्छ । त्यसैले भाषिक वातावरण वा सिकारुले प्राप्त गरेको वातावरण पनि भाषा सिकाइमा त्रुटिको कारकतत्त्व मानिन्छ ।

**(घ) कठिनाइ तथा जटिलता :** भाषा सिक्ने क्रममा भाषाका विभिन्न सीप तथा पक्षहरू पनि सिक्नुपर्दछ । भाषाका सामान्य पक्ष सिक्नुपर्दा कम त्रुटि र जटिल पक्ष सिक्नुपर्दा बढी त्रुटि हुन जान्छ ।

**(ङ) सिकारुको उमेर :** प्रौढले भन्दा किशोरले दोस्रो भाषा छिटो सिक्न सक्छ । यसर्थ उमेरले पनि दोस्रो भाषा सिकाइमा प्रभाव पार्ने हुनाले त्यसलाई पनि त्रुटिको कारकतत्त्व मानिन्छ ।

## ३.५. त्रुटिको प्रकृति तथा वर्गीकरण

त्रुटिलाई विभिन्न दृष्टिकोणले विभाजन गर्न सकिन्छ । किनकि कुनै पनि विद्यार्थीले एकै किसिमको त्रुटि गर्दैन । विभिन्न भाषाविद्‌हरूले त्रुटिको भिन्नाभिन्नै किसिमले विभाजन गरेको भए पनि एस.पिट्. कर्डरको 'इन्ट्रोड्युसिड अप्लाइड लिङ्ग्विस्टिक्स' भन्ने पुस्तकमा गरेको तीन किसिमको विभाजन नै सबैभन्दा महत्त्वपूर्ण मानिन्छ जसअनुसार त्रुटिहरू निम्न प्रकारका रहेका छन् : (क) अव्यवस्थित त्रुटि, (ख) व्यवस्थित त्रुटि, (ग) उत्तर व्यवस्थित त्रुटि ।

### (क) अव्यवस्थित त्रुटि

कुनै पनि विद्यार्थीले दोस्रो भाषाशिक्षणका क्रममा दोस्रो भाषा सिक्दा यस्तो त्रुटि गर्दछन् जसलाई प्रारम्भिक त्रुटि पनि भनिन्छ । यसप्रकारको त्रुटिमा विद्यार्थीले कुन किसिमको त्रुटि गर्दछन् भन्ने अनुमान गर्न कठिन हुन्छ ।

### (ख) व्यवस्थित त्रुटि

विद्यार्थीहरूले भाषा सिक्ने क्रममा एउटा विद्यार्थीले मात्र नभई त्यस समूहका अन्य विद्यार्थीहरूले पनि समान रूपमा गर्ने उही प्रकृतिको त्रुटिलाई व्यवस्थित त्रुटि भनिन्छ । विद्यार्थीले भाषिक प्रयोगमा सचेतता राख्दाराख्दै पनि यसप्रकारको त्रुटि हुन जान्छ । यस किसिमको त्रुटिले भाषा शिक्षणका क्रममा महत्त्वपूर्ण स्थान राख्दछ ।

### (ग) उत्तरव्यवस्थित त्रुटि

विद्यार्थीहरूले गर्ने असावधानीगत त्रुटिलाई उत्तरव्यवस्थित त्रुटि भनिन्छ । यसप्रकारको त्रुटि भाषिक प्रयोगको रड्‌काइ वा चिप्लाइबाट हुने गर्दछ । जानीजानीकन विद्यार्थीले कुनै न कुनै त्रुटि गर्दछन् तर विद्यार्थी सावधान रहेमा यसप्रकारको त्रुटि हुने सम्भावना कम रहन्छ ।

त्रुटिको वर्गीकरणलाई तलको तालिकामा वस्तुगत ढङ्गले उल्लेख गर्न सकिन्छ :

तालिका नं. १ : त्रुटिको वर्गीकरण

**त्रुटिको वर्गीकरण**

- १. विकासशीलताको आधार
  - (क) अव्यवस्थित
  - (ख) व्यवस्थित
  - (ग) उत्तरव्यवस्थित
- २. स्रोतका आधार
  - (क) भाषान्तरिक
  - (ख) अन्तरभाषिक
- ३. गम्भीरताको आधार
  - (क) अर्थवाधक
  - (ख) अर्थअवाधक
- ४. स्वरूपको आधार
  - (क) लोपगत
  - (ख) थपोटगत
- ५. औचित्य/अनौचित्यको आधार
  - (क) औचित्यपूर्ण
  - (ख) अनौचित्यपूर्ण
- ६. भाषाकोटिको आधार
  - (क) उच्चारणगत
  - (ख) वर्णविन्यासगत
  - (ग) व्याकरणगत
  - (घ) अर्थतात्विक
  - (ङ) शब्दभण्डारगत
  - (च) शैलीगत
- ७. व्यापकताको आधार
  - (क) आंशिक
  - (ख) समग्र

### ३.५.१. **विकासशीलताको आधार**

विकासशीलताको आधारमा त्रुटिहरूलाई निम्नानुसार विभाजन गर्न सकिन्छ ।

(**क**) **अव्यवस्थित त्रुटि** : यसप्रकारको त्रुटिलाई प्रारम्भिक त्रुटि पनि भनिन्छ । यसप्रकारको त्रुटिमा एउटै विद्यार्थीले विभिन्न प्रकारका त्रुटिहरू गर्दछ । एउटा विद्यार्थीले एकपटक एकप्रकारको त्रुटि गर्दछ भने अर्कोपल्ट अर्को प्रकारको त्रुटि गर्दछ । यसप्रकारको त्रुटिले भाषाको नियमभङ्गसँग सम्बन्ध राख्दछ । त्रुटिको प्रकृति गतिशील हुने भएकाले यसप्रकारको त्रुटिलाई अनियमित त्रुटि पनि भनिन्छ ।

(**ख**) **व्यवस्थित त्रुटि** : भाषाप्रयोगमा सचेत हुँदाहुँदै पनि सिकारुले सुधार्न नसकेको त्रुटिलाई व्यवस्थित त्रुटि भनिन्छ । यसप्रकारको त्रुटिले सिकारुको स्रोतभाषा र लक्ष्यभाषाबीचको संक्रमणकालमा रहेको अवस्थाको प्रतिनिधित्व गर्दछ । दोस्रो भाषाको गलत सामान्यीकरण भाषिक ज्ञानको अभाव आदिका कारण यसप्रकारको गल्ती वा त्रुटि हुन पुग्दछ । त्यसैले यसप्रकारको त्रुटि समूहपरक हुन्छ । जस्तैः नेपाली भाषाको हिज्जे लेखनमा देखापर्नेः “मूल्याकण, सञ्चै, भ्रूण्डै, माष्टर जस्ता शब्दहरूको लखेनमा यस्तै त्रुटि देखिन्छ” (अधिकारी, २०६२ः १४७) ।

(**ग**) **उत्तरव्यवस्थित त्रुटि** : भाषा सिक्ने क्रममा नियम तथा सिद्धान्तको ज्ञान भएर पनि भाषिक प्रयोगकर्ताको असावधानीका कारण हुने त्रुटिहरूलाई यसअन्तर्गत राखिन्छ । त्यसैले यसलाई असावधानीगत त्रुटि पनि भनिन्छ । जस्तैः हामीले भात खाइयो ।

### ३.५.२. **स्रोतको आधार**

त्रुटिको स्रोत कुन हो त्यस आधारमा पनि त्रुटिलाई वर्गीकरण गर्न सकिन्छ । विद्यार्थीले भाषाको कुन स्रोतबाट त्यस्तो प्रकारको त्रुटि गर्दछ सोहीअनुसार यसलाई निम्न भागमा वर्गीकरण गर्न सकिन्छ :

(**क**) **भाषान्तरिक त्रुटि** : विद्यार्थीले सिकिरहेको भाषाकै आन्तरिक व्यवस्थासँग सम्बन्धित त्रुटिलाई भाषान्तरिक त्रुटि हो । यस्तो त्रुटि लक्ष्य भाषाकै आन्तरिक व्यवस्थाको अति सामान्यीकरणबाट उत्पन्न भएको देखिन्छ (अधिकारीः २०६२ः १४८) । जस्तैः ‘खायो’, ‘पढ्यो’ र ‘गऱ्यो’ शब्दमा खा, पढ् र गर धातु हुन् भनेर पढेको विद्यार्थीले ‘भयो’ र ‘गयो’ नै धातु ‘भ’ र ‘ग’ हुन् भन्नु यसप्रकारको त्रुटि गर्नु हो ।

(**ख**) **अन्तरभाषिक त्रुटि** : सिकारुले सिकिरहेको भाषाभन्दा अर्को (मातृभाषा वा स्रोत भाषा) भाषाको प्रभावले गर्ने त्रुटिलाई अन्तरभाषिक त्रुटि भनिन्छ । यस्तो त्रुटि दोस्रो भाषाका

रूपमा नेपाली सिक्ने विद्यार्थीहरूले बढी गरेको पाइन्छ (अधिकारी; २०६२: १४८) । जस्तैः तपाईँ त राम्रो मान्छे हो ।

### ३.५.३. भाषाकोटिको आधार

त्रुटिहरूलाई भाषाका कोटि वा तहका आधारमा पनि विभाजित गर्न सकिन्छ । यस्ता त्रुटिलाई उच्चारणगत, हिज्जेगत, व्याकरणगत, अर्थतात्विक एवम् शब्दभण्डारगत, शैलीगत जस्ता प्रकृतिहरूमा देखाउन सकिन्छ । यसरी त्रुटि भाषाको कुन कोटिको हो सो पहिचान गरी भाषा सिकाइका क्रममा हुने त्रुटिहरूको न्यूनीकरण गर्न सकिन्छ ।

### ३.५.४. गम्भीरताको आधार

विचार विनिमयको सशक्त माध्यम भाषा हो । विचारको विनिमय गर्ने कार्यमा कुनै त्रुटिले बाधा पुऱ्याउँछन् भने कुनै त्रुटिले बाधा पुऱ्याउँदैनन् । सम्प्रेषणबाधक त्रुटि सबभन्दा गम्भीर हुन्छन् र सम्प्रेषणमा बाधा नगर्ने त्रुटि कम गम्भीर हुन्छन् । यस्ता त्रुटिलाई अर्थघातक र अर्थअघातकका रूपमा पनि हेर्न सकिन्छ ।

(**क**) **अर्थघातक त्रुटि** : यो यस्तो प्रकारको त्रुटि हो जसले अर्थको अनर्थ लगाइदिन्छ । त्यसैले यस्तो त्रुटिलाई गम्भीर प्रकृतिको मानिन्छ । जस्तैः दाजुभाइ र मामाघरको शब्दनिर्माण प्रक्रिया देखाउँदा दाजु + भाइ र मामा + घर हुन्छ भन्ने बुझेपछि पानीसानी र मरमसलाको शब्दनिर्माण प्रक्रिया देखाउँदा पानी + सानी र मर + मसला बनाउनु यसप्रकारको गल्ती हो ।

(**ख**) **अर्थअघातक त्रुटि** : जुन त्रुटि हुँदा अर्थमा कुनै बाधा आउँदैन तर लेखाइ परम्परा भङ्ग हुन जान्छ त्यसप्रकारको त्रुटिलाई अर्थअघातक त्रुटि भनिन्छ । त्यसैले यस्ता खालका त्रुटि गम्भीर प्रकृतिका हुँदैनन् । तर त्यसप्रकारका त्रुटिलाई प्रश्रय दिनु भाषाशिक्षणको लक्ष्य चाहिँ होइन । जस्तैः दिइएको (दिईएको) अघि (अघी) सहीद (सहिद) ।

### ३.५.५. व्यापकताको आधार

कतिपय त्रुटिहरू वाक्यको खास अंशसँग मात्र सम्बद्ध हुन्छन् भने कतिपय समग्र वाक्य वा एक भन्दा बढी वाक्यसँग सम्बद्ध हुन्छन् । अथवा पहिलो थरीका त्रुटि खास शब्द वा पदगत हुन सक्छन् र दोस्रो थरीका चाहिँ वाक्यका एकभन्दा बढी शब्द वा पदावलीसँग आपसमा सम्बद्ध रहने हुन्छन् । यस आधारमा पनि त्रुटिलाई निम्नानुसार देखाउन सकिन्छ :

(**क**) **आंशिक त्रुटि** : वाक्यको कुनै खास अंश वा शब्दमा मात्र त्रुटि हुन गएमा आशिक त्रुटि हुन जान्छ । जस्तैः दाजु आयौ?

(**ख**) **समग्र त्रुटि** : कुनै पनि वाक्यको संरचनागत त्रुटि नभए पनि वाक्यमा धेरै ठाउँमा वा पक्षहरूमा त्रुटि हुन गएमा समग्र त्रुटि हुन जान्छ । जस्तैः आफ्नो साथीहरूसँग उनीहरू वनभोज गयो ।

### ३.५.६. स्वरूपको आधार

त्रुटिहरूलाई बाह्य रूपाकारका आधारमा पनि विभाजन गर्न सकिन्छ । यस आधारमा त्रुटिलाई दुई भागमा वर्गीकरण गर्न सकिन्छ :

(**क**) **लोपगत** : विद्यार्थीले कुनै भाषा बोल्दा वा लेख्दा कतिपय वर्णहरू, शब्दहरू आदि छुटाउने हुन्छन् त्यसप्रकारको त्रुटिलई लोपगत त्रुटि भनिन्छ । जस्तैः मामन्त्री, पाउछ ।

(**ख**) **थपोटगत त्रुटि** : कुनै त्रुटि हुँदा वास्तविक स्वरूपमा केही कुरा थपिएर आउँछ भने त्यस प्रकारको त्रुटिलाई थपोटगत त्रुटि भनिन्छ । यस्तो प्रकारको त्रुटिमा ध्वनि वर्ण शब्द आदिको अनावश्यक थपोट भई त्रुटि हुन्छ । जस्तैः इस्कुल, (स्कूल), परदान ( प्रदान) आदि ।

### ३.५.७. औचित्य/अनौचित्यको आधार

व्याकरणात्मक दृष्टिले ठीक भए पनि सन्दर्भ अनुरूप उपयुक्त नभएका प्रयोगलाई त्रुटि भन्न सकिन्छ (अधिकारी, २०६२ः १४९) । यसप्रकारको त्रुटिलाई औचित्यपूर्ण त्रुटि मान्न सकिँदैन । तर व्याकरणात्मक दृष्टिले बेठिक भए पनि सन्दर्भ अनुरूप प्रयोग छ भने त्यस्तालाई त्रुटि भनी व्याख्या गर्न नमिल्ने देखिन्छ । जस्तैः औचित्यपूर्ण : नेपाली भाषामा सीता बजार गएकी छ व्याकरणात्मक दृष्टिले गलत भए पनि सन्दर्भ वा प्रयोगका दृष्टिले त्रुटि मान्ने परम्परा हट्दैछ । त्यसैले यसलाई औचित्यपूर्ण त्रुटि मान्न सकिन्छ । अनौचित्यपूर्ण : मेरो मामा आयो व्याकरण र सन्दर्भ दुवै दृष्टिकोणले गलत छ त्यसैले यस्ता त्रुटिलाई अनौचित्यपूर्ण मानिन्छ ।

## ३.६ त्रुटिविश्लेषण पद्धति

त्रुटिविश्लेषण एउटा प्रक्रिया हो । त्रुटिविश्लेषणमा सामान्यतः निम्नलिखित दुई किसिमको पद्धति अपनाउन सकिन्छ :

(**क**) **पूर्वनिर्धारित कोटिपद्धतिः** पूर्वनिर्धारित कोटिपद्धति अनुरूप सर्वप्रथम विद्यार्थीहरूले गर्ने त्रुटिहरू के कस्ता भाषा वा व्याकरणगत कोटिअन्तर्गत हुन सक्छन् तिनको प्रकृति र प्रकार पहिले नै अनुमान गरिन्छ । त्यसपछि विद्यार्थीले बोलेका वा लेखेका खास अभिव्यक्तिहरू सङ्कलन गरी तिनको अध्ययन गरेर प्राप्त भएका त्रुटिहरूलाई उक्त पूर्वनिश्चित कोटिगत स्तम्भहरूमा भरिन्छ । अनि त्रुटिहरू पत्ता लगाई वर्गीकरण, व्याख्या, विश्लेषण आदि गरिन्छ ।

(**ख**) **पश्चनिर्धारित कोटिपद्धतिः** यस पद्धतिमा पूर्वनिर्धारित कोटिपद्धतिको विपरीत प्रक्रिया अपनाइन्छ । यसमा विद्यार्थीहरूले बोलेका वा लेखेका खास अभिव्यक्तिहरू सङ्कलन गरी तिनको अध्ययन गरेर मात्र त्रुटिहरूको प्रकृति पहिचान गर्ने तथा छानबिन गर्ने गरिन्छ अनि त्यसैको आधारमा त्रुटिहरूको वर्गीकरण तथा व्याख्या, विश्लेषण गरिन्छ ।

## ३.७. त्रुटिविश्लेषण प्रक्रिया


विद्यार्थीले भाषा सिकाइको क्रममा गर्ने त्रुटिहरूको विश्लेषण कसरी गर्ने सवाल नै त्रुटिविश्लेषण प्रक्रिया हो । कुनै पनि प्रक्रिया पूरा हुनका लागि विभिन्न क्रम तथा चरणहरू पार गर्नुपर्ने हुन्छ । त्रुटिहरूको अध्ययन विश्लेषणको समग्र प्रक्रियामा निम्नलिखित चरणहरू संलग्न हुन्छन् :

(क) त्रुटि सङ्कलन

(ख) त्रुटिको वर्गीकरण

(ग) त्रुटिको वर्णन तथा व्याख्या

(घ) त्रुटिको निराकरण




स्रोतः दाहाल, ढुङ्गेल, पृ. १९८ ।

(**क**) **त्रुटिको सङ्कलन र पहिचान** : सर्वप्रथम विद्यार्थीहरूले प्रयोग गरेका मौखिक तथा लिखित अभिव्यक्तिहरूको अध्ययन गरी तिनमा देखिएका के कस्ता प्रयोगहरू गल्ती हुन सक्छन्, तिनको टिपोट गर्नुपर्दछ । यसो गर्दा लक्ष्य भाषामा उक्त प्रयोगहरू के कति स्वीकार्य वा अस्वीकार्य छन् त्यसको पनि ख्याल गरिनुपर्छ । त्रुटि सङ्कलन गर्नु अघि त्रुटि हो वा होइन भनेर पहिचान गर्नुपर्छ । अतः त्रुटिको पहिचान गर्ने क्रममा सम्भाव्य गल्ती प्रयोगहरू असावधानीगत मात्र हुन् कि तिनमा के–कति नियमितता छ आदि विभिन्न कुरामा विचार पुऱ्याउनुपर्ने हुन्छ ।

(**ख**) **त्रुटिको वर्गीकरण** : त्रुटिहरूको पहिचान भएपछि वा त्रुटिको संकलन गरेपछि त्रुटिहरू के कस्ता प्रकृतिका छन् भनी विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । त्रुटिको वर्गीकरण गर्ने केही आधारहरूको चर्चा माथि ३.५. मा भएको छ । (हेर्नू ३.५)

(ग) **वर्णन र व्याख्याः** त्रुटि कुन प्रकृतिको हो ? त्रुटि हुनका कारण के–के हुन् ? आदि विविध विषयको वर्णन तथा विश्लेषण गर्ने काम यस चरणअन्तर्गत गरिन्छ । यस क्रममा कतिपय त्रुटि हुनाका कारणहरू (स्रोताभाषा, पाठ्यसामग्रीको अनुपयुक्तता, शिक्षण वा अभ्यासको कमी ...) को अनुमान पनि गर्न सकिन्छ (अधिकारी; २०६२: १५०) । यस चरणअन्तर्गत त्रुटि स्पष्ट छ वा अस्पष्ट छ; लक्ष्य भाषाको व्यवस्थासँग सम्बद्ध छ वा मातृभाषाको व्यवस्थासँग सम्बन्द्ध छ आदि कुराको छानबिन गर्ने कोसिस हुन्छ ।

(घ) **निराकरण** : त्रुटिहरू हटाउने उपाय नै त्रुटिको निराकरण हो । वस्तुतः निराकरण त्रुटि विश्लेषणको मुख्य अङ्ग होइन तर उक्त त्रुटिविश्लेषणको खास लक्ष्य चाहिँ विद्यार्थीहरूमा निहित त्रुटिहरूको निराकरण गर्नु हो । त्यसैले विश्लेषकले त्रुटिहरूको अध्ययन–विश्लेषणबाबाट प्राप्त तथ्यहरूका आधारमा तिनको निराकरण गर्ने उपाय अपनाउनु तथा त्यस्ता उपाय सुझाउनु पनि उपयुक्त हुन्छ (अधिकारी २०६२: १५१) ।

## ३.८. सारांश

कुनै पनि व्यक्तिले भाषाको सिकाइका क्रममा गर्ने त्रुटिहरूको वर्णन विश्लेषण गर्ने क्रमलाई त्रुटिविश्लेषण भनिन्छ । त्रुटिविश्लेषण भाषा सिक्ने विद्यार्थीहरूले भाषा सिकाइका क्रममा गर्ने त्रुटिहरूको पहिचान, व्याख्या र विश्लेषणका लागि सहयोग गर्ने प्रायोगिक भाषाविज्ञानको एउटा शाखा हो । सिकारुले दोस्रो भाषा सिकाइका क्रममा के–कस्ता गल्तीहरू गर्दछ, दोस्रो भाषा कसरी सिक्छ, भाषा सिकाइका क्रममा के–कस्ता समस्याहरू उत्पन्न हुन्छन् र ती समस्याहरू समाधानका उपायहरू के–के हुन सक्छन् भनी पत्ता लगाउनु त्रुटिविश्लेषणको मुख्य ध्येय हो । यसका साथै शिक्षकलाई आफ्नो शिक्षण प्रक्रियामा सुधार गर्न सहयोग गर्नुका साथै शैक्षणिक योजना तयार गर्न, सामग्री र अभ्यास निर्माण गर्न तथा आत्ममूल्याङ्कन गर्न समेत सहयोग गर्दछन । यसरी शिक्षकलाई स्तरीय भाषा सिकाउन मद्दत पुऱ्याउने हुँदा त्रुटिविश्लेषण प्रायोगिक भाषाविज्ञानको महत्त्वपूर्ण शाखा मानिन्छ ।

त्रुटिका स्रोत वा कारक तत्त्वहरूका रूपमा स्रोतभाषा, लक्ष्यभाषा, भाषिक वातावरण, सिकारुको बौद्धिकता र कठिनाइ, उमेर आदि पक्षलाई विशेष रूपमा लिइन्छ ।

त्रुटिको वर्गीकरण गर्ने विभिन्न आधारहरू रहेका छन् जसमा प्रमुख आधारहरूलाई यसरी बुँदागत रूपमा देखाउन सकिन्छ :

(क) विकासशीलताको आधार

(ख) स्रोतको आधार

(ग) गम्भीरताको आधार

(घ) भाषाकोटिको आधार

(ङ) व्यापकताको आधार

(च) स्वरूपको आधार

(छ) औचित्य/अनौचित्यको आधार

त्रुटिविश्लेषणको पद्धतिलाई (क) पूर्वनिर्धारित कोटिपद्धति र (ख) पश्चनिर्धारित कोटिपद्धति गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । जुनसुकै पद्धति अपनाएर विश्लेषण गर्न थाले पनि त्रुटिविश्लेषण प्रक्रियाअन्तर्गत अपनाइने चरणहरूमा त्रुटिको सङ्कलन र पहिचान, वर्गीकरण, व्याख्या र विश्लेषण तथा अन्त्यमा त्रुटि निराकरणका उपायहरूलाई लिइन्छ ।

# अध्याय चार

## वाक्यसङ्गतिगत त्रुटिहरूको विश्लेषण

भाषाको एउटा निश्चित व्यवस्था हुन्छ । अभ्र प्रस्ट रूपमा भन्नुपर्दा भाषाको प्रत्येक संरचनागत एकाइको अर्थ हुन्छ । ती एकाइहरूले निश्चित संरचनागत स्वरूप प्राप्त गरेपछि खास किसिमको अर्थ प्रदान गर्ने हुन्छन् । भाषाको व्यवस्थाअन्तर्गत वाक्यगठनसम्बन्धी व्यवस्था, शब्दोच्चारणसम्बन्धी व्यवस्था र वर्णविन्याससम्बन्धी व्यवस्था आदि पर्दछन् । यिनीहरूमध्ये वाक्यगठन वा वाक्यसंरचनामा नै अर्थले पूर्णता प्राप्त गरेको हुन्छ । व्यवस्थित प्रयोगविना भाषा सरल सुबोध, सुसङ्गठित र नियमित हुन सक्दैन । त्यसैले वाक्यगठन वा वाक्यात्मक संरचनामा विभिन्न त्रुटि हुन सक्छन् जसमा मातृभाषा, दोस्रो भाषा र विदेशी भाषाले समेत प्रभाव पार्न सक्छन् ।

भाषाको आधारभूत पक्ष वाक्यगठन हो । प्रत्येक भाषाको वाक्यगठनमा आफ्ना आफ्ना विशेषताहरू रहेका हुन्छन् । कुनै पनि भाषाको वक्ताले कुनै पनि भाषा सिक्दा त्यस भाषाका सामान्य विशेषताहरूलाई आत्मसात् गर्नुपर्ने हुन्छ । लिङ्ग, वचन, पुरुष, काल, पक्ष, वाच्य, कारक आदि तत्त्वले प्रभावित नेपाली वाक्यगठनका विशेषताहरूले व्याकरणात्मक औपचारिकता मात्र पूरा गर्दैनन् बरु यस भाषाको शिष्ट, प्रसङ्ग अनुकूल एवम् औचित्यपूर्ण प्रयोगको नेतृत्व पनि गर्दछन् । भाषाको अभिव्यक्तिलाई शिष्ट, सौन्दर्यपूर्ण एवम् प्रभावपूर्ण बनाउन त्यस भाषाका विशेषताहरूलाई ठम्याई सोहीअनुसारको प्रयोग गर्नुपर्छ । कुनै पनि भाषिक शब्दहरूको अर्थ कोशीय तथा व्याकरणिक कोटिगत आधारमा प्रष्ट पार्न सकिन्छ । कोशीय अर्थले अभिधात्मक अर्थलाई बढी जोड दिएको हुन्छ भने व्याकरणिक कोटिगत अर्थले अभिधात्मक र लक्षणात्मक अर्थलाई बोध गर्न सहयोग पुऱ्याउँछ अर्थात् कोशका आधारमा सबै अर्थ पहिल्याउन कठिन पर्दछ र वाक्यगठनको आधारमा नै लाक्षणिक अर्थ स्पष्ट हुन आउँछ ।

वाक्यगठनका सवालमा के पनि भन्न सकिन्छ भने वाक्यगत सङ्गति हुनमा पदसङ्गति मिल्नु आवश्यक हुन्छ । पदसङ्गति नमिल्ने हो भने कुनै पनि वाक्यको अर्थको अनर्थ हुन पुग्छ । वाक्यमा जब पदसङ्गतिगत मेल हुन्छ तब वाक्यगठन हुन जान्छ र वाक्यले दिन खोजेको अर्थ स्पष्ट हुन आउँछ तर वाक्यमा जब उद्देश्य र विधेयको मेल हुन सक्दैन त्यसमा वाक्यगठन राम्ररी भएको मानिँदैन । यसरी वाक्यगठनमा कर्ता र क्रियाको मेल नहुनाले

वाक्यले दिन खोजेको अर्थमा पनि अनर्थ हुनसक्छ । त्यसैले अन्य भाषाका वक्ताले नेपाली भाषाको वाक्यगठनमा विभिन्न खालका त्रुटिहरू गर्ने गर्दछन् । त्यसलाई राम्ररी केलाउनु आवश्यक हुन आउँछ । यसो भन्दैमा नेपाली भाषा मातृभाषा हुनेले गल्ती नै गर्दैनन् भन्ने होइन तर पनि नेपाली भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्ने वक्ताहरूले बढी त्रुटि गर्ने गर्दछन् । त्यसलाई केलाउनका लागि पनि भाषाशास्त्रमा वाक्यगठन वा वाक्यसंरचनागत पक्षलाई अभिन्न अङ्गका रूपमा लिनु आवश्यक हुन आउँछ । त्यसैले भाषामा वाक्यगत संरचनापक्षको महत्त्वपूर्ण स्थान हुने भएकाले भाषिक अर्थलाई विभिन्न भाषाविद्हरूले आ–आफ्नै प्रकारले चर्चा परिचर्चा गरेको पाइन्छ ।

संस्कृत व्याकरणअनुसार स्पष्ट वर्ण भएको शब्दलाई बुझाउने 'भाष्' धातुबाट 'भाषा' शब्द बन्दछ । मनुष्यले आफ्ना मनका कुरा अरूलाई बुझाउन स्पष्ट वर्ण भएको सार्थक शब्दावली प्रयोग गर्ने हुनाले उसको बोलीलाई भाषा भन्दछन् (भट्टराई; २०२३: ३) ।

"प्रतीकवादीहरूको मतमा भाषा यादृच्छिक वाक्प्रतीकहरूको व्यवस्था हो ।" (बन्धु; २०५३: १२२ ।

"व्यवहारवादी मनोवैज्ञानिकहरूको मतमा कुनै पनि शब्दको अर्थ व्यवहारद्वारा निर्धारित हुन्छ अर्थात् कुनै शब्द वा वाक्यको उच्चारण गर्नुभन्दा पहिले र पछिको स्थितिको आधारमा नै वास्तविक अर्थ बोध हुन्छ (बन्धु; २०५३: १२३) ।

यसरी वाक्यसङ्गतिगत त्रुटिका अनेक क्षेत्रहरू रहेका छन् र उक्त क्षेत्रहरूको वर्णन क्रमशः गरिएको छ । भाषाशास्त्रमा वाक्यसङ्गतिको महत्त्वपूर्ण स्थान हुने हुनाले यसबारेमा विभिन्न भाषाविद्हरूले आ–आफ्नै प्रकारले चर्चा गरेका छन् ।

"वाक्यमा वचन, लिङ्ग, पुरुष आदि छुट्टिएन भने शब्दहरू जिउन सक्दैनन्, यिनले शब्दलाई रूपसाधक प्रत्ययद्वारा निश्चित बाटोमा लैजान्छन् जसबाट वाक्यमा राम्रो क्रम र मेल आउँछ" (पराजुली; २०३६: ९३) ।

"व्याकरणिक कोटि त्यस्तो वर्ग हो जसमा व्याकरणअनुसार शब्दवर्गको निर्माण हुन्छ" (तिवारी; २०२०: १३५) ।

"व्याकरणात्मक धारा ती हुन् जो वक्तव्यसँग सम्बन्धित उपयुक्त विशेष अर्थ थप्नका लागि भाषाविशेषमा विभिन्न किसिमले प्रयुक्त हुन्छन्" (बन्धु; २०५३: ८४) ।

शब्दहरूको जीवन्त तत्त्व नै व्याकरणिक कोटि हो । व्याकरणिक कोटिका आधारमा शब्दहरूले आफ्नो कार्य सम्पन्न गर्दछन् । शब्दलाई निश्चित कार्यात्मक बाटोमा लगी अर्थ तथा वाक्यात्मक क्रमसमेतमा सङ्गति ल्याई भाषालाई सरल, सुबोध, सुसङ्गठित र नियमित तुल्याउनु यसको प्रमुख कार्य हो । कुनै पनि शब्दको अर्थलाई सक्रिय र स्पष्ट तुल्याउन व्याकरणिक कोटिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । विभिन्न व्याकरणिक कार्य गर्नका लागि प्रत्यय थपिई वा रूपायन भई शब्दवर्ग (नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी, संयोजक विस्मयादिबोधक) लाई निश्चित अर्थ दिने भएकाले उक्त वचन, लिङ्ग, पुरुष आदि आठ पक्षलाई नै व्याकरणिक पक्षहरू भन्न उपयुक्त हुन आउँछ । धेरैजसो विद्वान्हरूले पनि व्याकरणिक कोटिभित्र वचन, पुरुष, लिङ्ग, भाव, काल, पक्ष, वाच्य, कारकलाई नै लिएका छन् ।

वाक्यसङ्गतिगत त्रुटि पहिचानका लागि तिब्बती शरणार्थी शिविरमा अध्ययनरत कक्षा पाँच उत्तीर्ण दुईवटा विद्यालय (हेमजा र छोरेपाटन) का ३२/३२ जना शरणार्थी विद्यार्थीहरू नमुनाको रूपमा सम्बद्ध गराइयो । त्यसका लागि स्वतन्त्र उत्पादनात्मक र नियन्त्रित प्रकारका प्रश्नहरू दिई उत्तर लेख्न लगाइएको थियो । यसका साथै मौखिक कुराकानी पनि गरिएको थियो । यसरी प्राप्त वाक्यसङ्गतिगत त्रुटिहरूलाई क्रमशः वर्णन विश्लेषण गरिएको छ ।

(यस अनुसन्धानमा लिङ्ग, पुरुष, आदर, काल र पक्षलाई मात्र समावेश गरिएको छ)

## ४.१. लिङ्गसङ्गतिगत त्रुटिहरू

यस व्याकरणात्मक कोटिले जातिको बोध गराउँछ । नेपाली भाषाको वाक्यरचनामा कर्ता जुन लिङ्गको छ, क्रियापद पनि सोही लिङ्गमा प्रयोग गरिनुपर्दछ । कर्ता र कर्म अनुसार क्रियापदको प्रयोग गरिएन भने वाक्यसङ्गति हुँदैन । लिङ्गसम्बन्धी केही भाषाविद्का परिभाषालाई यहाँ उल्लेख गर्नु वाञ्छनीय देखिन्छ ।

“लिङ्ग मुख्यतः नामसँग सम्बन्धित व्याकरणात्मक कोटि हो । यसले खास नामको प्रकृतिलाई जनाउँछ” (अधिकारी; २०५५: ५५) ।

“जुनसुकै भाषाका वाक्यमा नामसँग अर्को कुनै शब्द (सर्वनाम विशेषण कोटिकर, सम्बन्धपद र क्रिया) को पदसङ्गतिको भेदले जति किसिमको अर्थभेद देखिन्छ त्यसलाई लिङ्ग भनिन्छ” (पोखरेल; २०५४: ६५) ।

तिब्बती शरणार्थी शिविरमा अध्ययनरत विद्यार्थीहरूको मातृभाषा भोट चिनियाँ वर्गमा पर्ने भए तापनि विद्यालयमा पढाइ हुने माध्यमका रूपमा नेपाली र तिब्बती भाषाबाहेक अङ्ग्रेजी नै प्रमुख माध्यम रहेको देखिन्छ । यतिसम्म कि नेपाली भाषा पढाउनुपर्दा अंग्रेजी भाषाको सहयोग लिइएको पाइयो । लेखाइ सीपमा मौखिक सीपको प्रशस्त प्रभाव पर्नु कुनै अनौठो कुरा होइन । यहाँ विश्लेषण क्रममा तिब्बती विद्यार्थीहरूका अलावा तिब्बती शिक्षकहरूले प्रयोग गरेका मौखिक वाक्यहरूलाई समेत समावेश गरिएको छ ।

शरणार्थी शिविरमा अवस्थित दुईवटा विद्यालयबाट नमुना छनोट गरी स्वतन्त्र उत्तरात्मक र नियन्त्रित उत्तर आउने खाले प्रश्नहरूको उत्तरपुस्तिका परीक्षण गर्दा निम्नप्रकारको त्रुटि गरेको पाइयो :

तालिका नं. २ : लिङ्गसङ्गतिगत त्रुटिहरू

| त्रुटियुक्त वाक्यहरू | त्रुटिरहित वाक्यहरू |
|---|---|
| ■ भाइभन्दा बहिनी अग्लो छ । | ■ भाइभन्दा बहिनी अग्ली छे/छिन् । |
| ■ मेरो आमा घरमा छ । | ■ मेरी आमा घरमा हुनुहुन्छ/छिन् । |
| ■ बुढी आइमाइ गयो । | ■ बुढी आइमाई गइन् । |
| ■ डोलमा छुटीमा दोकान वस्छ । | ■ डोल्मा छुट्टिमा दोकानमा बस्छे । |
| ■ दिदी स्कुल पढाउँछ । | ■ दिदी स्कुल पढाउँछिन्/पढाउनुहुन्छ । |
| ■ मेरो बहिनी सानो छ । | ■ मेरी बहिनी सानी छे । |
| ■ पृथ्वीभन्दा ठूली आमा हो । | ■ पृथ्वीभन्दा ठूली आमा हुन् । |
| ■ अर्को दिदी आए । | ■ अर्की दिदी आउनुभयो/आइन् । |
| ■ बाबाले राम्रो राम्रो कपडा दिन्छ । | ■ बाबाले राम्रो कपडा दिनुहुन्छ । |
| ■ बहिनी गुम्बा गयो । | ■ बहिनी गुम्बा गई । |

यस अध्ययनमा कक्षा पाँच उत्तीर्ण तिब्बती विद्यार्थीहरूको लिखित सामग्री परीक्षण गर्दा लिङ्गगत रूपमा धेरै त्रुटि गरेको पाइयो । शरणार्थी विद्यार्थीहरूले लेखेर अभिव्यक्त गरेका भनाइहरूमा निम्नलिखित लिङ्गसङ्गतिगत त्रुटिहरू भएको पाउन सकिन्छः

(क) कर्ता र क्रियापदबीचको सङ्गतिगत त्रुटि

(ख) विशेषण र विशेष्यबीचको सङ्गतिगत त्रुटि

(ग) भेदक र भेद्यबीचको सङ्गतिगत त्रुटि

नेपाली भाषामा कर्ताअनुसारको क्रियापद रहने प्रावधान छ अर्थात् कर्ता जुन लिङ्गमा छ क्रियापद पनि सोही लिङ्गमा प्रयोग गरिनुपर्दछ । शरणार्थी विद्यार्थीहरूले कर्ता र क्रियापदबीच त्रुटि गरेको देखिन्छ । जस्तो मेरो आमा घरमा छ । बहिनी गुम्बा गयो । आमा स्त्रीलिङ्गमा छ अनादर पुलिङ्गी क्रिया प्रयोगमा आएको पाइन्छ ।

लिङ्गसङ्गतिको पहिचान गर्दा विशेषण र विशेष्यबीच पनि त्रुटिहरू भएको पाइन्छ । जस्तो 'भाइभन्दा बहिनी अग्लो छ' मा स्त्रीलिङ्गी नामको सर्वनाममा प्रयोग गरिएको विशेषण पुलिङ्गी पाइएको छ । भोटचिनिया परिवारका भाषामा यस्ता प्रकारका त्रुटिहरू विशेष तवरले पाइएका छन् ।

समग्रमा के भन्न सकिन्छ भने शरणार्थी विद्यार्थीहरूले स्तरीय नेपाली भाषाको वाक्यात्मक संरचनामा लिङ्गसङ्गतिमा गर्ने त्रुटिहरू अर्थअबाधक भए तापनि व्याकरणिक दृष्टिले त्रुटिपूर्ण देखिन्छन् । यस्ता त्रुटि हुनुमा नेपाली भाषालाई उनीहरूले विदेशी भाषाका रूपमा सिक्नुपर्ने अनिवार्य आवश्यकता तथा मातृभाषाको प्रभावलाई प्रमुख रूपमा लिइन्छ । यसका साथै उनीहरूको पठनपाठनको प्रमुख माध्यम भनेको अंग्रेजी भाषा हो । अङ्ग्रेजीमा कर्ता वा कर्मको परिवर्तन भए पनि क्रियापदमा परिवर्तन आउँदैन जस्तो :

He eats rice.

She eats rice.

तर नेपाली भाषामा कर्ता वा कर्म परिवर्तनसँग क्रियापदमा परिवर्तन देखा पर्दछ । यसकारणले पनि नेपाली वाक्यरचनामा लिङ्गसङ्गतिगत त्रुटि भएको हो ।

शरणार्थी विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको परीक्षण गर्ने क्रममा सङ्कलन गरिएका सामग्रीहरूको विश्लेषण गरी त्रुटिहरू पहिचान गरिएको छ । उनीहरूले गरेका लिङ्गसङ्गतिगत त्रुटिहरूलाई तथ्याङ्कगत रूपमा तालिकामा प्रस्तुत गर्न सकिन्छ ।

तालिका नं. ३ : लिङ्गसङ्गतिगत त्रुटिहरू

| | स्त्रीलिङ्ग | प्रतिशत | पुलिङ्ग | प्रतिशत |
|---|---|---|---|---|
| त्रुटि गर्ने विद्यार्थीहरू | ५५ | ८५.९४ | ० | ० |
| त्रुटि नगर्ने विद्यार्थीहरू | ९ | १४.६० | ६४ | १०० |
| जम्मा | ६४ | १००.०० | ६४ | १०० |

माथि प्रस्तुत गरिएको तालिकाबाट के प्रस्ट हुन्छ भने शरणार्थी विद्यार्थीहरूले नेपालीको वाक्य संरचनामा स्त्रीलिङ्गमा त्रुटि गरेको पाइन्छ जसमा ८५.९४ प्रतिशत विद्यार्थीहरूले स्त्रीलिङ्गी वाक्यमा त्रुटि गरेका छन् भने पुलिङ्गी वाक्यमा कसैले पनि त्रुटि गरेका छैनन् । त्रुटि नगर्ने विद्यार्थीहरू ९ प्रतिशत अर्थात् १४.६ प्रतिशत रहेका छन् ।

## ४.२ वचनसङ्गतिगत त्रुटिहरू

सामान्यतः वचन सङ्ख्यासँग सम्बद्ध व्याकरणात्मक धारा हो । प्रत्येक भाषामा वचन व्यवस्था पनि छुट्टाछुट्टै भएको पाइन्छ । नेपाली भाषाको वाक्यगठनमा कर्ता र क्रियापद, विशेषण र विशेष्य, भेदक र भेद्यलाई वचनले प्रभावित पार्दछ । वचन के हो भन्ने बारेमा विभिन्न भाषाशास्त्रीहरूले यसरी परिभाषित गरको छन् :

"एक वा अनेक पदार्थ बुझाउने शब्दलाई वचन भनिन्छ" (सिग्द्याल; २०५०: २५) ।

"वचनको सम्बन्ध विशेषतः सङ्ख्यासँग रहन्छ तापनि यसले सङ्ख्याको अतिरिक्त अरू किसिमको काम पनि गर्दछ । नेपालीमा आदरार्थी प्रयोगमा पनि बहुवचन आउँछ । नेपाली, हिन्दी, अङ्ग्रेजी भाषाहरूमा वचन दुई र संस्कृतमा तीन वचन भएका पाउँछौँ । केही मलेसियन भाषामा एक, द्वि, त्रि. र वहुवचन गरी चार वचन पनि हुन्छन् । वचन भाषाको प्रकृतिअनुसार बेग्लाबेग्लै किसिमको हुन सक्दछ" (वन्धु, २०५३: ८४) ।

"मानिसका मुखबट निस्कने वा उच्चारित हुने कुनै पनि सार्थक शब्द बोली, वाणी, भनाइ, कथन । व्याकरणमा शब्दका रूपबाट एक वा एकभन्दा बढी बुझाउने विधान वा त्यस्तो सङ्ख्या" (वृहत् नेपाली शब्दकोष; २०५८: ११३७) ।

"नामको सङ्ख्यासँग सम्बन्धित व्याकरणात्मक कोटि वचन हो । यसैले यसको सम्बन्ध सङ्ख्येय नामसँग रहेको हुन्छ" (अधिकारी; २०५५: ७९) ।

माथिका परिभाषाहरूबाट के थाहा लाग्छ भने वचनको प्रमुख कार्य पदवर्गका केही पक्षहरूमा सङ्ख्यात्मक अर्थ थपी खास सङ्ख्याको बोध गराउनु हो । तर कहीं–कहीं भने भाषिक नियमअनसार बहुवचनले एकवचनको बोधपनि गराएको हुन्छ । नेपाली भाषामा पनि आदरार्थीको प्रयोग गर्दा बहुवचनको मात्र प्रयोग गरिन्छ । नाम वा कर्तामा 'हरू' लागेर तथा क्रियापद वहुवचनका रूपमा प्रयोग भएर वचन देखापर्दछ ।

नेपाली भाषाका वाक्यमा कर्ता र कर्म जुन वचनमा छन् त्यहीअनुसारको क्रियापदको प्रयोग गरिन्छ । कक्षा पाँच उत्तीर्ण तिब्बती शरणार्थी शिविरमा अध्ययनरत विद्यार्थीहरूलाई स्वतन्त्र र विषयगत दुवै प्रकारका प्रश्नहरू दिएर उत्तर लेख्न लगाइएको थियो । उक्त

उत्तरपुस्तिका परीक्षण गर्दा विभिन्नखाले त्रुटिहरू पाइए तिनका केही अंशहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. ४ : वचनसङ्गतिगत त्रुटिहरू

| त्रुटियुक्त वाक्यहरू | त्रुटिरहित वाक्यहरू |
|---|---|
| ▪ म र भाइ साँगै विद्यालय आउँछ। | ▪ म र भाइ सँगै विद्यालय आउछौँ। |
| ▪ यसबेलामा हामीले रोटी खान्छ। | ▪ यस बेलामा हामीले रोटी खान्छौँ। |
| ▪ लोसारमा हामीले आफ्नो घरमा बसेर तास खेल्छ। | ▪ लोसारमा हामीले आफ्नो घरमा बसेर तास खेल्छौँ। |
| ▪ लोसारको बेला सबै केटा केटीहरू आफ्नो परिवारका लागि प्राथाना गर्छ। | ▪ लोसारको बेला सबै केटाकेटीहरू आफ्नो परिवारको लागि प्रार्थना गर्दछन्। |
| ▪ मेरो परिवारमा आमा बा र म अनी बहिनी मात्र छ। | ▪ हाम्रो परिवारमा आमा, बुबा, म र बहिनी मात्र छौँ। |
| ▪ उनीहरूले सबै काम सक्छ। | ▪ उनीहरूले सबै काम सक्छन्। |
| ▪ उसको भन्दा हाम्रो दाइ दिदीहरू राम्रो छ। | ▪ उसका भन्दा हाम्रा दाइ, दिदीहरू राम्रा छन्। |
| ▪ जे भएको थियो थोरै थोरै खाएर उनीहरूले मुस्किलले त्यो रात काटेको थियो। | ▪ जे थियो, त्यो थोरै थोरै खाएर उनीहरूले मुस्किकले त्यो रात काटेका थिए। |
| ▪ सारौं आफ्नो गुँडबाट गए। | ▪ सारौं आफ्नो गुँडबाट गयो। |
| ▪ म र भाइ कक्षा ६ मा पढ्छ। | ▪ म र भाइ कक्षा ६ मा पढ्छौँ। |
| ▪ हाम्रो विद्यार्थीहरू पनि राम्रो छ। | ▪ हाम्रा विद्यार्थीहरू पनि राम्रा छन्। |

विद्यार्थीहरूका उत्तरपुस्तिकामा भएका केही वचनसङ्गतिगत त्रुटिहरूलाई माथि देखाइएको छ। त्यस्ताखाले त्रुटिहरूलाई तथ्याङ्कगत रूपमा तलको तालिकामा देखाइएको छ :

तालिका नं. ५ : वचनसङ्गतिगत त्रुटिहरू

| | सङ्ख्या | प्रतिशत | एकवचन | प्रतिशत | वहुवचन | प्रतिशत |
|---|---|---|---|---|---|---|
| त्रुटि गर्नेहरू | ५१ | ७९.६९ | १८ | ३५.३० | ३३ | ६४.७० |
| त्रुटि नगर्नेहरू | १३ | २०.३१ | ३३ | ६४.७० | १८ | ३५.३० |
| जम्मा | ६४ | १००.०० | ५१ | १००.०० | ५१ | १००.०० |

माथिको तालिकाले के देखाउँछ भने छनोट भएका ६४ जना विद्यार्थीमध्ये ५१ जनाले त्रुटि गरेका छन्, भने १३ जनाले वचनगत त्रुटि गरेको देखिँदैन । यसको मतलव ७९.६९ प्रतिशत विद्यार्थीहरू त्रुटि गर्ने र २०.३१ प्रतिशत विद्यार्थीहरू त्रुटि नगर्ने देखिन्छन् । तुलनात्मक रूपमा ठूलो सङ्ख्यामा वचनगत त्रुटिहरू भएको पाइन्छ ।

शरणार्थी शिविरका विद्यार्थीहरूले सबैभन्दा बढी वचनगत त्रुटि गरेको पाइन्छ । कर्ता जुन वचनमा छ क्रियापद पनि सोही वचनमा प्रयोग गरिनुपर्ने हुन्छ तर यस्तो नभएर कर्ता वहुवचन भए तापनि क्रियापद भने एकवचनको प्रयोग गरेको देखिन्छ ।

वाक्यमा भेद्य–भेदक सम्बन्ध नमिल्दा पनि वचनसङ्गतिगत त्रुटि देखिन आउँछ । त्यसैगरी विशेष्य–विशेषणगत त्रुटिहरू पनि वचनसङ्गतिगत त्रुटिहरूमा देखिन्छ । विशेष्य शब्द बहुवचनमा भए विशेषण पनि सोही वचनमा र एकवचनमा भए एकवचनमै हुनुपर्दछ ( आदरार्थी बाहेक) ।

वचनसङ्गतिगत त्रुटि हुनुको प्रमुख कारणका रूपमा मातृभाषालाई लिन सकिन्छ । त्यसै गरी नेपाली भाषामा रहेका वचनसम्बन्धी ज्ञान नहुनु पनि अर्को कारणका रूपमा लिन सकिन्छ । तिब्बतबाट शरणार्थीहरू नेपाल लगायत अन्य विदेशी मुलुकहरूमा प्रवेश गर्ने क्रममा आफ्नो भाषा, संस्कृति, रीतिरिवाज, प्रचलन आदिलाई पनि सँगसँगै प्रवेश गराएका थिए । नेपालमा नेपाली लगायत अन्य भाषीहरूसँग कुराकानी वा व्यवहार गर्दा नेपाली भाषामा नै व्यवहार गरे तापनि आफ्नो शिविरभित्र भने आफ्नो संस्कृति, परम्परा अनि मान्यताहरूलाई जीवितै राख्ने प्रयत्नहरू गरे जसको कारण नेपाली भाषा बोल्दा आफ्नो भाषा लगायत संस्कृतिको समेत प्रभाव पर्न गयो । तिब्बती भाषामा वचनसङ्गतिको प्रयोगमा खासै भिन्नता पाइँदैन । त्यसकारण स्तरीय नेपाली भाषा बोल्ने तथा लेख्ने क्रममा विद्यार्थीहरूको त्रुटि देखिन गएको हो ।

## ४.३. पुरुषसङ्‌गतिगत त्रुटिहरू

सर्वनामसँग अभिन्न सम्बन्ध राख्ने पुरुषलाई पनि वाक्यगठनको एक पक्ष मानिन्छ । कसैकसैले सर्वनामसँग पुरुषलाई छुट्टै नराखे पनि हुने विचार व्यक्त गरेको पाइन्छ । पुरुष व्यक्तिलाई जनाउने व्याकरणात्मक कोटि हो । पुरुषलाई विभिन्न भाषाविद्‌हरूले यसरी चर्चा गरेको पाइन्छ :

"कथनका सन्दर्भमा सहभागी भएका सहभागीहरूको प्रकृतिलाई जनाउने व्याकरणात्मक कोटि पुरुष हो । यो विशेषतः सर्वनामसँग सम्बन्धित हुन्छ" (अधिकारी २०५५: ८७) ।

"व्यक्तिबोधक व्याकरणिक कोटि भन्दै नेपालीमा ३ प्रकारका पुरुषहरूको अस्तित्त्व भएको कुरा प्रष्ट गर्दछन्" (शर्मा; २०३६: १४) ।

"सर्वनाम र क्रियासँग सम्बद्ध व्याकरणिक कोटि पुरुष हो" (वन्धु; २०५३: १४) ।

"नेपाली बृहत् शब्दकोशमा पुरुषलाई सर्वनामको वा कर्ताको भेद मानिएको छ (पृ. ७९०) ।

माथि उल्लिखित परिभाषाहरूका अनुसार व्यक्ति प्रकृतिसम्बद्ध सर्वनाम बोध गराउने व्याकरणात्मक धारालाई नै पुरुष भनिन्छ । नेपाली भाषामा तीन प्रकारका पुरुषहरूको चर्चा भएको पाइन्छ ।

१. प्रथम पुरुष

२. द्वितीय पुरुष

३. तृतीय पुरुष

नेपाली भाषामा सर्वनाम र क्रियापदले पुरुषको अन्तरलाई स्पष्ट पार्दछन् । पुरुष सङ्गति नमिलेको वाक्य निरर्थक हुने सम्भावना हुनुका साथै हास्यास्पद पनि बन्न जान्छ ।

शरणार्थी शिविरमा अध्ययनरत विद्यार्थीहरूले गरेका पुरुषसङ्गतिगत त्रुटिहरूको विवरणलाई यसरी देखाइएको छ ।

तालिका नं. ६ : पुरुषसङ्गतिगत त्रुटिहरू

| त्रुटियुक्त वाक्य | त्रुटिरहित वाक्य |
|---|---|
| ▪ म र मेरो साथी लोसारमा मुस्ताङ गयो । | ▪ म र मेरो साथी लोसारमा मुस्ताङ गयौं । |
| ▪ लोसारमा हामी धेरै रमाइलो गार्छ । | ▪ लोसारमा हामीहरू धेरै रमाइलो गर्छौं । |
| ▪ बहिनी स्कुल गयो । | ▪ बहिनी स्कूल गई । |
| ▪ म विहान ८:३० बाजे विद्यालय आउँछ । | ▪ म विहान ८:३० बजे विद्यालय आउँछु । |
| ▪ सिता घर गयो । | ▪ सीता घर गई । |
| ▪ डोल्मा मुस्ताङ गयो । | ▪ डोल्मा मुस्ताङ गई । |
| ▪ तिमी घर गयो ? | ▪ तिमी घर गयौ? |
| ▪ डोल्माको बहिनी मुस्ताङ छ । | ▪ डोल्माकी बहिनी मुस्ताङ छे । |
| ▪ पाँच जना गुरुआमाहरू छ । | ▪ पाँचजना गुरुआमाहरू हुनुहुन्छ । |
| ▪ मेरो बहिनी एस.ओ.एस. पढ्छ । | ▪ मेरी बहिनी एस.ओ.एस. पढ्छे । |

माथिका त्रुटियुक्त वाक्यहरूलाई हेर्दा शिविरमा विद्यार्थीहरूले प्रथम पुरुष कर्ताको प्रयोग गर्दा तृतीय पुरुष क्रियापदको प्रयोग गरेर त्रुटिहरू गरेको देखिन्छ । यसरी शरणार्थी विद्यार्थीहरूले गरेका त्रुटिहरूलाई यसरी तालिकामा देखाउन सकिन्छ ।

तालिका नं. ७ : पुरुषसङ्गतिगत त्रुटिहरू

| कमा | संख्या | प्रतिशत | प्रथम पुरुष | प्रतिशत | द्वितीय पुरुष | प्रतिशत | तृतीय पुरुष | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| त्रुटि गर्ने विद्यार्थी | ६० | ९३.७५ | ६१ | १०० | ४८ | ७८.६८ | १६ | २६.२३ |
| त्रुटि नगर्ने विद्यार्थी | ४ | ६.२५ | ० | ० | १३ | २१.३२ | ४५ | ७३.७७ |
| जम्मा | ६४ | १०० | ६१ | १०० | ६१ | १०० | ६१ | १०० |

माथिको तथ्याङ्कको आधारमा के भन्न सकिन्छ भने कूल विद्यार्थीमध्ये ६० जना अर्थात् ९३.७५ प्रतिशतले पुरुषसङ्गतिगत त्रुटि गरेको देखिन्छ । त्यसमध्ये प्रथम पुरुषमा १०० प्रतिशतले नै त्रुटि गरेका छन् । द्वितीय पुरुषमा ७८.६८ प्रतिशतले त्रुटि गरेका छन् र तृतीय पुरुषमा भने २१.३२ प्रतिशतले त्रुटि गरेको देखिन्छ । माथिको तालिकालाई विश्लेषण गरेर हेर्दा ९३.७५ प्रतिशत विद्यार्थीले पुरुषगत त्रुटि गर्नु भनेको स्तरीय नेपाली भाषाशिक्षणका क्रममा गम्भीर चुनौतीका रूपमा देखिन आउँछ । यस्ता त्रुटिका कारणहरू समयमा नै पत्ता लगाई स्तरीय नेपाली लेखाइ तथा बोलाइमा अभिप्रेरित गर्नु आवश्यक देखिन आउँछ ।

शरणार्थी विद्यार्थीहरूलाई पठनपाठन गराउने प्रमुख माध्यम अङ्ग्रेजी भाषा भएको र त्यसको प्रभाव नेपालीमा पर्नु साथै उनीहरूको मातृभाषाको पनि प्रभाव पर्नुलाई पुरुषगत सङ्गतिकै कारण मान्न सकिन्छ । जस्तो; अंग्रेजी भाषामा :

I eat rice. (म भात खान्छु ।)

You eat rice. (तिमी भात खान्छौ ।)

He/she eats rice. (ऊ भात खान्छ/खान्छे ।)

माथिका वाक्यहरूमा I, You र He/she तीनै पुरुषमा एकैखाले क्रियापदको प्रयोग गरिएको छ । त्यसैको गलत सामान्यीकरणका कारण म भात खान्छ । तिमी भात खान्छ । उ भात खान्छ जस्ता त्रुटिहरू गरेको पाइन्छ ।

### ४.४. कालसङ्गतिगत त्रुटिहरू

क्रियामा विभिन्न प्रत्ययहरू थपिई काम गर्ने समयको बोध गराउने वाक्यगठनको अर्को पक्ष काल हो । यो क्रियापदको माध्यमबाट नै प्रकट हुने गर्दछ । कुनै काम भइरहेको, हुने र भएको समयको परिचय नै काल हो । संसारका जीवित भाषामा प्रायः कालको अस्तित्त्व रहेको पाइन्छ । काललाई पनि केही भाषाविद्हरूले यसरी परिभाषित गरेको पाइन्छ ।

“काल क्रियापदको समय सङ्केतक कोटि हो । सामान्यतः जसरी बाह्यजगतमा समयलाई भूतकाल, वर्तमान काल र भविष्यत्काल गरी ३ क्षेत्रमा विभाजन गरिन्छ । त्यसरी नै व्याकरणात्मक काललाई पनि ३ क्षेत्रमा विभाजन गर्न सकिन्छ” (अधिकारी; २०५५: ११५) ।

“काल समयसँग सम्बन्धित व्याकरणात्मक कोटि हो” (बन्धु, २०५३: ८६) ।

वृहत् नेपाली शब्दकोशमा काललाई व्याकरणमा कार्य वा अवस्थाका समयलाई बोध गराउने क्रियाको रूप वा रूपावली भनिएको छ (२१९) ।

यसरी विभिन्न भाषाशास्त्रीहरूको कालसम्बन्धी परिभाषाका आधारमा के भन्न सकिन्छ भने कालले कुनै काम वा घटना घटित समयको बोध गराउँछ । कालको प्रत्यक्ष सम्बन्ध क्रियासँग मात्र हुने भएकाले काल क्रियामा आधारित वाक्यगठनको पक्ष हो ।

शरणार्थी विद्यार्थीहरूले स्तरीय नेपाली लेखनका क्रममा कालसङ्गतिगत त्रुटि पनि गरेको पाइन्छ । शरणार्थी विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको परीक्षण गर्ने क्रममा लिइएका सामग्रीहरूलाई विश्लेषण गर्दा सबैभन्दा कम त्रुटि कालसङ्गतिमा गरेको पाइयो । यसलाई यसरी देखाउन सकिन्छ :

तालिका नं. ८ : कालसङ्गतिगत त्रुटिहरू

| त्रुटियुक्त वाक्य | त्रुटिरहित वाक्य |
|---|---|
| ▪ म भारतमा जन्मेको छु । | ▪ म भारतमा जन्मेको थिएँ । |
| ▪ पेम्वा हिजोसम्म स्कुलमा छ । | ▪ पेम्बा हिजोसम्म स्कुलमा थियो । |
| ▪ लोसार तीन दिनसम्म मनाउछ । | ▪ लोसार तीन दिनसम्म मनाइन्छ । |
| ▪ लोसारको भोलि नयाँ र सफा लुगा लगाइयो । | ▪ लोसारको भोलिपल्ट नयाँ र सफा लुगा लगाउँछौं । |
| ▪ हामी पोखरा गयो र हरियो नीलो फेवाताल हेर्छ । | ▪ हामी पोखरा गयौं र नीलो फेवाताल हेर्‍यौं । |

शरणार्थी शिविरमा अध्ययनरत विद्यार्थीहरूले कालसङ्गतिगत त्रुटि पनि गरेको पाइयो । तथापि यस पक्षमा धेरै विद्यार्थीहरूले भने त्रुटि गरेका छैनन् । यसलाई तालिकामा यसरी देखाउन सकिन्छ ।

तालिका नं. ९: कालसङ्गतिगत त्रुटिहरू

| | सङ्ख्या | प्रतिशत | भूतकाल | प्रतिशत | अभूतकाल | प्रतिशत |
|---|---|---|---|---|---|---|
| त्रुटि गर्नेहरू | १० | १५.६२५ | ४ | ४० | ७ | ७० |
| त्रुटि नगर्नेहरू | ५४ | ८४.३७५ | ६ | ६० | ३ | ३० |
| जम्मा | ६४ | १०० | १० | १०० | १० | १०० |

प्रस्तुत गरिएको तालिकामा तुलनात्मक रूपमा अन्य पक्षहरूमा भन्दा कम त्रुटि गर्ने विद्यार्थीहरू देखिएका छन् । जम्मा १५.६२५ अर्थात् १० जनाले मात्र कालसङ्गतिगत त्रुटि गरेको पाइयो । त्यसमध्ये पनि ४० प्रतिशत भूतकाल र ७० प्रतिशतले अभूतकालअन्तर्गत त्रुटि गरेको पाइन्छ । यसलाई पनि स्तरीय नेपाली भाषाशिक्षणका दृष्टिले चुनौतीका रूपमा नै रहेको मानिन्छ । शरणार्थी विद्यार्थीहरूले गरेका कालसङ्गतिगत त्रुटिहरू अर्थअघातक रहे पनि नेपाली व्याकरणका दृष्टिले भने त्रुटिपूर्ण नै देखिन्छन् ।

## ४.५ पक्षगत त्रुटिहरू

पक्ष कालावधि र अवस्थालाई जनाउने व्याकरणात्मक धारा हो । नेपाली भाषामा पक्ष पाँच प्रकारमा बाँडिएको छ । सामान्य, पूर्ण, अपूर्ण, अज्ञात र अभ्यस्त । पक्ष क्रियासँग सम्बन्धित  व्याकरणात्मक धारा हो । सबै भाषामा पक्षको छुट्टै अस्तित्त्व भएको पाइँदैन । सामान्यतयाः पक्षले कालको विशेष अवस्थालाई बोध गराउने भएकाले कुनै भाषामा यसलाई कालभित्रै समेटिएको पनि पाइन्छ । पक्षलाई पनि विभिन्न भाषाशास्त्रीले निम्नानुसार परिभाषा दिएका छन् ।

“पक्ष क्रियासँग सम्बद्ध व्याकरणात्मक कोटि हो र यसले काम कुन कालावधिमा भयो भन्ने कुरा बताउँछ । समय काम भएको वा नभएको, अघिदेखि भएको कुरा बताउँछ । समय काम भएको वा नभएको, अघिदेखि भएको वा भर्खरै सकिएको बारे पनि यसले सङ्केत गर्दछ” (बन्धु; २०५३: ८६) ।

“यस व्याकरणात्मक कोटिले कालावधि र अवस्थाको बोध गराउँछ” (शर्मा; २०३६: १७) ।

"पक्षले खास कालको परिवेशभित्र क्रियाका कार्यको प्रकृति तथा वितरणलाई जनाउँछ । त्यसैले यसबाट क्रियाका विभिन्न अवस्थाहरू वा चरण व्यक्त हुन्छन्" (अधिकारी; २०५५: ११९) ।

उपर्युक्त परिभाषाहरूका अनुसार पक्ष क्रियासँग सम्बन्ध जोड्ने व्याकरणात्मक कोटि हो जसको वाक्यगठनमा आफ्नो अस्तित्व रहेको पाइन्छ । काम कुन समयावधिमा भयो भन्ने कुरा पक्षद्वारा नै तोकिन्छ ।

नेपाली भाषामा यत्ति नै पक्ष छन् भन्ने कुरामा विभिन्न भाषाविद्हरूले दिएको परिभाषामा एकै मत पाईंदैन । मोहनराज शर्मा भूतकाल, भविष्यत्काल र वर्तमानकालमा सामान्य, पूर्ण, अपूर्ण गरी ३/३ पक्षहरू भएको स्वीकार्दछन् भने डा. बन्धु विभिन्न प्रकारका पक्षहरू हुनसक्ने कुरामा आफ्नो मत अभिव्यक्त गर्दछन् । अधिकारीले मुख्य चारप्रकारका पक्ष (अपूर्ण, पूर्ण, अभ्यस्त र अज्ञात) रहेको कुरा उल्लेख गर्दछन् (२०५५: ११९) । यसरी हेर्दा अधिकारीको पक्षसम्बन्धी वर्गीकरणलाई सान्दर्भिक मान्न सकिए तापनि मूलतः सामान्य, पूर्ण, अपूर्ण, अज्ञात र अभ्यस्त गरी पाँच पक्षहरूको प्रयोग हुने कुरा सबैले स्वीकार्दै आएका छन् ।

**(क) सामान्य पक्षः** भूतकालको यस पक्षले क्रियाको कार्यव्यापार सामान्य रूपमा अघि भइसकेको जनाउँछ यो पक्ष भएको कालको निर्माण धातुमा ए, यौं, हस, यौ, ई, यो, इन् आदि प्रत्यय लगाएर गरिन्छ । जस्तैः

म गएँ । (जा + एँ)

हामी गयौँ । (जा + यौँ)

वर्तमानकालको सामान्य पक्षले कुनै घटनाको बारेमा बोल्दाको क्षणको सामान्य अवस्था जनाउँछ तर त्यो पूरा हुने वा नहुने चाहिँ जनाउन्न यो पक्षको निर्माण धातुमा छु, छौँ, छस्, छौ, छिन् आदि प्रत्ययहरू लगाएर गरिन्छ । जस्तैः

म घर जान्छु ।

ऊ घर जान्छ ।

आमा खाना बनाउनुहुन्छ । आदि ।

भविष्यत्कालको सामान्य पक्षले निश्चय झल्काएर क्रियाको कार्यव्यापार पछि आउने समयमा हुने जनाउँछ । सामान्य भविष्यत् जनाउनका लागि धातुमा नेछु, नेछौँ, नेछस्, नेछिन् आदि काल प्रत्ययका रूपहरू जोडिन्छन् । जस्तोः

म ठूलो हुनेछु ।

उनीहरू जानेछन् । आदि ।

शरणार्थी विद्यार्थीहरूले यससम्बन्धी पनि त्रुटि गरेका छन् । तथापि यस पक्ष धेरै विद्यार्थीहरूले त्रुटि भने गरेका छैनन् जसलाई यसरी देखाउन सकिन्छ ।

तालिका नं. १० : सामान्य पक्षगत त्रुटिहरू

| त्रुटियुक्त वाक्यहरू | त्रुटिरहित वाक्यहरू |
|---|---|
| ▪ उसलाई नरमाइलो लग्यो । | ▪ उसलाई नरमाइलो लाग्यो । |
| ▪ घासीको मेलो निकै पर थिये । | ▪ घाँसीको मेलो निकै पर थियो । |
| ▪ सारौँको मन पक्लीयो । | ▪ सारौँको मन पग्लियो । |
| ▪ दुना देख्ये । | ▪ उसले दुना देख्यो । |
| ▪ लोसार आउन लाग्दा हामी घार साफा भनाउँछ । | ▪ लोसार आउन लाग्दा हामी घर सफा बनाउछौँ । |
| ▪ लोसारमा हामी मिठो मिठो खान्छ । | ▪ लोसारमा हामी मीठोमीठो खान्छौँ । |
| ▪ गुम्बा गएर पुजा गरछौं । | ▪ गुम्बामा गएर पूजा गर्छौं । |
| ▪ लोसार माघ महिनामा पार्छ । | ▪ लोसार माघ महिनामा पर्छ । |

माथिका त्रुटिहरूलाई तालिकामा यसरी प्रस्तुत गर्न सकिन्छ :

तालिका नं. ११ : सामान्य पक्षगत त्रुटिहरू

| | सङ्ख्या | प्रतिशत | सामान्य (भूतकाल) | प्रतिशत | सामान्य वर्तमान काल | प्रतिशत | सामान्य भविष्यत् | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| त्रुटि गर्ने | ६१ | ९५.३२ | ५७ | ९३.४५ | ५० | ८१.९६ | ५६ | ९१.८० |
| त्रुटि नगर्ने | ३ | ४.६८ | ४ | ६.५५ | ११ | १८.०४ | ५ | ८.२० |
| जम्मा | ६४ | १०० | ६१ | १०० | ६१ | १०० | ६१ | १०० |

माथिको तालिकाको तथ्याङ्कको आधारमा के भन्न सकिन्छ भने कूल विद्यार्थीमध्ये ६१ जना अर्थात् ९५.३२ प्रतिशतले सामान्य पक्षमा त्रुटि गरेका छन् । यसमध्ये ५७ जना अर्थात् ९३.४५ प्रतिशतले भूतकालीन सामान्य पक्षमा, ५० जना अर्थात् ८१.९६ प्रतिशतले वर्तमानकालीन सामान्य पक्षमा त्रुटि गरेका छन् । सामान्य भविष्यत्तर्फ ९१.८० प्रतिशतले त्रुटि गरेका छन् ।

**(ख) अपूर्ण पक्षः** वर्तमानकालीन यसले कथनक्षणमा कार्य हुँदै गरेको पक्षलाई बुझाउँछ । यो पक्ष भएको कालको निर्माणमा मुख्यतः तै, दै, तो, दो + छु, छौँ, छौ, छन्, छ, छे आदि काल प्रत्ययहरू जोडिएका हुन्छन् । जस्तो :

म नेता चुन्दै छु । (चुन् + दै छु)

हामी पढ्दै छौँ । आदि ।

भूतकालीन यस पक्षले क्रियाको कार्य–व्यापार वितेको समयमा भइरहेको जनाउँछ । यो पक्ष भएको कालको निर्माणमा तो, दो, तै, दै + थिएँ, थियो, थियौ, थियौँ, थिई, हुनुहुन्थ्यो आदि कालप्रत्ययहरू जोडिएका हुन्छन् । जस्तो :

म भात खाँदै थिएँ ।

तिमी जाँदै थियौ ।

श्याम पढाउँदै थियो । आदि ।

भविष्यत्कालीन यस पक्षले क्रियाको कार्यव्यापार आउँदो समयमा भइरहने जनाउँछ । अपूर्ण भविष्यत् जनाउनको लागि धातुमा तै/दै वा रहेको/रहेका रूपहरू जोडिएको मुख्य क्रियापद र 'नेछ', नेछौँ, नेछ, नेछस्, नेछिन् आदि सहायक क्रियाको प्रयोग भएको हुन्छ ।

राम विहानसम्म सुतिरहनेछ ।

हामी काम गर्दै हुनेछौँ ।

म रात पर्दा बाटोमा हुनेछु । आदि ।

शरणार्थी विद्यार्थीहरूले यससम्बन्धी प्रशस्त त्रुटिहरू गरेका छन् जसलाई यसरी देखाउन सकिन्छ :

तालिका नं. १२ : अपूर्ण पक्षगत त्रुटिहरू

| त्रुटियुक्त वाक्यहरू | त्रुटिरहित वाक्यहरू |
|---|---|
| ▪ मेरो बुबा व्यापार गर्दै हुन्छ । | ▪ मेरो बुबा व्यापार गर्दै हुनुहुन्छ । |
| ▪ हामी एक वर्षपछि मुस्ताङ जाँदैछ । | ▪ हामी एकवर्षपछि मुस्ताङ जादैछौँ । |
| ▪ म आउदासम्म उ सुतिरहेका छ । | ▪ म आउँदासम्म ऊ सुतिरहेको थियो । |
| ▪ मेरो दिदी आउँछ । | ▪ मेरी दिदी आउँदै हुनुहुन्छ । |
| ▪ हामी फूटबल खेल्दोछौ । | ▪ हामी फूटबल खेल्दैछौँ । |
| ▪ घाँसी घाँस काट्दै थिये । | ▪ घाँसी घाँस काट्दै थियो । |

माथिका त्रुटिहरूलाई तालिकीकरण गर्दा :

तालिका नं. १३ : अपूर्ण पक्षगत त्रुटिहरू

| | सङ्ख्या | प्रतिशत | अपूर्ण भूतकाल | प्रतिशत | अपूर्ण वर्तमान काल | प्रतिशत | अपूर्ण भविष्यत् | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| त्रुटि गर्ने | ६२ | ९६.८८ | ६२ | १०० | ५९ | ९५.१६ | ६२ | १०० |
| त्रुटि नगर्ने | २ | ३.१२ | ० | ० | ३ | ४.८४ | ० | ० |
| जम्मा | ६४ | १०० | ६२ | १०० | ६२ | १००० | ६२ | १०० |

माथिको तालिकालाई केलाउँदा अपूर्ण पक्षमा कूल विद्यार्थीहरूमध्ये ६२ जनाले त्रुटि गरेका छन् । जसमा अपूर्ण भूतमा पुरै ६२ जनाले नै त्रुटि गरेका छन् भने अपूर्ण वर्तमानमा ५९ जनाले मात्र त्रुटि गरेको पाइयो । यसैगरी अपूर्ण भविष्यमा पनि पूरै ६२ जनाले नै त्रुटि गरेका छन् । यस प्रकारका त्रुटिहरू गम्भीर प्रकृतिका मानिने हुनाले समयमा नै निराकरणका लागि आवश्यक पहल गरिनुपर्दछ ।

**(ग) पूर्णपक्ष :** भूतकालको यस पक्षले क्रियाको कार्यव्यापार वितेको समयमै सकिएको जनाउँछ । यस पक्षको निर्माणमा धातुमा एको, एका प्रत्यय लगाएर थियो, थियौ, थिए, थिई जस्ता सहायक क्रियाको प्रयोग गरिन्छ । जस्तो :

रामले भात खाएको थियो ।

म घर गएको थिएँ ।

वर्तमानकालको यस पक्षले क्रियाको कार्यव्यापार अघि नै सकिएको तर त्यसको प्रभावचाहिँ अहिले पनि रहेको जनाउँछ । यसको निर्माणमा धातुमा एको/एका प्रत्यय लगाएर छ, छौ, छस्, छौं, छन्, छिन आदि जस्ता सहायक क्रियाको प्रयोग गरिन्छ । जस्तो :

रामले भात खाएको छ ।

मैले बिहे गरेको छु । आदि ।

भविष्यत्कालीन पूर्णपक्षले क्रियाको कार्यव्यापार आउँदो समयमा पूरा हुने जनाउँछ । पूर्ण भविष्यत्कालको पक्षलाई जनाउनको लागि पनि धातुमा एको/एका रूपहरू जोड्नुपर्ने र सहायक क्रियामा ‘नेछ’ प्रत्ययका रूपहरू प्रयोग गरिन्छ । जस्तो :

मैले भात खाएको हुनेछु ।

म घरमा बसेको हुनेछु । आदि ।

शरणार्थी विद्यार्थीहरूले गरेका यससम्बन्धी त्रुटिहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

तालिका नं. १४ : पूर्ण पक्षगत त्रुटिहरू

| त्रुटियुक्त वाक्यहरू | त्रुटिरहित वाक्यहरू |
|---|---|
| ▪ म गुम्बा गएको छ । | ▪ म गुम्बा गएको छु/थिएँ । |
| ▪ म पौडै खेल्न जान्दछ । | ▪ मैले पौडि खेल्न जानेको छु । |
| ▪ पहिले हाम्रो बाजेहरूले धेरै दुक पायो । | ▪ पहिले हाम्रा बाजेहरूले धेरै दुःख पाएका थिए । |
| ▪ म भात खाइसकेको थियो । | ▪ मेले भात खाएको थिएँ । |
| ▪ पेम्बाको घर म गएको छ । | ▪ म पेम्बाको घर गएको छु । |
| ▪ रेल मोटर टेक्सी र टेम्पोहरू वेपत्तासँग गुडेको छ । | ▪ रेल, मोटर, टेक्सी र टेम्पोहरू बेपत्तासँग गुडिरहेका छन् । |
| ▪ चारो बेलुका नै साकिएको थिये । | ▪ चारो बेलुका नै सकिएको थियो । |
| ▪ उनीहरूले मुश्किलले त्यो रात काटेको थियो । | ▪ उनीहरूले मुश्किलले त्यो रात काटेका थिए । |

माथिका वाक्यहरूलाई तालिकामा यसरी प्रस्तुत गर्न सकिन्छ :

तालिका नं. १५ : पूर्ण पक्षगत त्रुटिहरू

| | सङ्ख्या | प्रतिशत | पूर्ण भूतकाल | प्रतिशत | पूर्ण वर्तमान काल | प्रतिशत | पूर्ण भविष्यत् | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| त्रुटि गर्ने | ५७ | ८९.०६ | ५२ | ९१.२३ | ५५ | ९६.४९ | – | – |
| त्रुटि नगर्ने | ७ | १०.९४ | ५ | ८.७७ | २ | ३.५१ | – | – |
| जम्मा | ६४ | १०० | ५७ | १०० | ५७ | १०० | – | – |

माथिको तालिकालाई केलाउँदा पूर्ण पक्षमा जम्मा विद्यार्थीमध्ये ५७ जनाले त्रुटि गरेको पाइन्छ ।

**(घ) अज्ञात पक्ष :** यस पक्षले क्रियाको व्यापार बितेको समयमा थाहै नपाई भइसकेको, तर अहिले थाह भएको जनाउँछ । अज्ञात भूत जनाउका लागि धातुमा 'एछु, एछौ, एछस्, एछौ, इछे' आदि काल प्रत्ययहरू जोडिन्छन् । जस्तै :

म त बेहोस् भएछु ।

दिन त पूरै बितेछ ।

म त भुसुक्कै निदाएछु ।

**(ङ) अभ्यस्त पक्ष :** कुनै कार्य वा घटना वितेको समयमा बारम्बार हुने गर्थ्यौं वा कामको बानी परेको थियो भन्ने भाव वोध गराउने क्रियापदको पक्षलाई अभ्यस्त भूत (Habitual past) भनिन्छ । अभ्यस्त भूत जनाउनका लागि धातुमा 'थे, थ्यौं, थिस्, थ्यौ, थ्यो' आदि जस्ता काल प्रत्ययहरू जोडिएको हुन्छ । जस्तो :

म हाँस्थे ।

ऊ थोरै बोल्थ्यो ।

श्याम अड्डा जान्थ्यो ।

उनीहरू सुतिरहन्थे । आदि ।

शरणार्थी विद्यार्थीहरूले गरेका अभ्यस्त पक्षसम्बन्धी त्रुटिहरूलाई यसरी देखाउन सकिन्छ ।

तालिका नं. १६ : अभ्यस्त पक्षगत त्रुटिहरू

| त्रुटियुक्त वाक्यहरू | त्रुटिरहित वाक्यहरू |
|---|---|
| ▪ ऊ सधै विद्यालय आउथयो । | ▪ ऊ सधैं विद्यालय आउँथ्यो । |
| ▪ उसले के के गर्छ कसैलाई थाहा थिएन । | ▪ उसले के–के गर्थ्यो कसैलाई थाहा थिएन । |
| ▪ अर्को स्कुलमा गएको मिसले मलाई पिट्छ । | ▪ अर्को स्कुलमा गएको मिसले मलाई पिट्नुहुन्थ्यो । |
| ▪ पहिले पहिले मेरो साथी लोसारमा रमाइलो गर्न आउँन्छ । | ▪ पहिले पहिले मेरो साथी लोसारमा रमाइलो गर्न आउथ्यो । |

माथिका त्रुटिहरूलाई तालिकीकरण गर्दा :

तालिका नं. १७ : अभ्यस्त पक्षगत त्रुटिहरू

| | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| त्रुटि गर्नेहरू | ६२ | ९६.८७ |
| त्रुटि नगर्नेहरू | २ | ३.१३ |
| जम्मा | ६४ | १०० |

शरणार्थी विद्यार्थीहरूमध्ये ६२ जना अर्थात् ९६.८७ प्रतिशत विद्यार्थीहरूले अभ्यस्त पक्षमा त्रुटि गरेका छन् ।

यसरी समग्रमा पक्षसम्बन्धी त्रुटिहरूलाई औसतमा हेर्दा जम्मा ८८.४४ प्रतिशत विद्यार्थीहरूले गरेका छन् । ८८.४४ प्रतिशत त्रुटि हुनु भनेको भाषा शिक्षणका क्षेत्रमा गम्भीर प्रकृतिको मानिन्छ । यस्तो त्रुटि हुनाको कारण भने नेपालीका भूतकाल तथा भविष्यत्कालका विविध पक्षहरूको जानकारी नहुनु नै हो ।

शरणार्थी विद्यार्थीहरूले गरेका त्रुटिहरू विश्लेषण गर्ने क्रममा पक्षका सम्बन्धमा जानकारी नभएको थाह लाग्छ । अन्त्यमा गर्छ, खान्छ, भन्छ, बस्छ जस्ता वर्तमानकालीन क्रियापदको प्रयोग गरेको पाइयो तर पक्षलाई सम्बन्ध गराएर वाक्य तथा शब्दहरू प्रयोग गरेको पाइएन । श्रुतिलेख गराउँदा भने कहीँ लोपगत त्रुटि पाइयो त कही थपोटगत । जस्तो 'गरेका थियो', 'भएको हो', आदि अन्त्यको क्रियापद भने सहीरूपमा प्रयोग गरेको पाइन्छ । विशेषगरी पूर्ण भविष्यत् र अज्ञात तथा अभ्यस्त पक्षमा उनीहरूले धेरै त्रुटि गरेका छन् । यसप्रकार समग्र पक्षसम्बन्धी त्रुटिहरूलाई तालिकामा विश्लेषण गरेर हेर्दा औसतमा हेर्दा ८८.४४ प्रतिशत विद्यार्थीहरूले त्रुटि गरेको पाइन्छ ।

### ४.६. आदरसङ्गतिगत त्रुटिहरू

नेपाली भाषामा द्वितीय तथा तृतीय पुरुषका सर्वनाम र क्रियापदले आदरार्थी शब्द प्रयोगका विभिन्न तहलाई प्रकट गर्दछन् । कुनै पनि वाक्यको उद्देश्य खण्डमा प्रयुक्त सर्वनामहरू अनुकूल आदरार्थी जनाउने क्रियापदहरूको प्रयोग गर्नुपर्दछ । अन्यथा आदरसङ्गतिगत त्रुटि हुन जान्छ । आदरसङ्गति नमिलेमा यस्ता त्रुटिहरू आपत्तिजनक र

हास्यास्पद हुन जान्छन् । यस्तो त्रुटि प्रायः दोस्रो भाषाका रूपमा नेपाली सिक्नेहरू र अन्य भाषाका प्रभावमा रहेका नेपाली भाषीले गर्ने गर्दछन् ।

तिब्बती शरणार्थी विद्यार्थीहरूले स्तरीय नेपालीमा बोल्दा वा लेख्दा अथवा व्यवहार गर्दा गर्ने आदरसम्बन्धी सङ्गतिका त्रुटिहरू पनि प्रशस्त भेटिएका छन् । उनीहरूका अभिव्यक्तिगत उत्तरपुस्तिका परीक्षण गर्दा देखिएका आदरसम्बन्धी त्रुटिका नमूनाहरू यसप्रकार रहेका छन् :

तालिका नं. १८ : आदरसङ्‍गतिगत त्रुटिहरू

| त्रुटियुक्त वाक्य | त्रुटिरहित वाक्य |
|---|---|
| ▪ मेरो बुबा व्यापार गर्छ । | ▪ मेरा बुबा व्यापार गर्नुहुन्छ । |
| ▪ मेरो बुबा दाजु बजारबाट आयो । | ▪ मेरा बुबा र दाजु बजारबाट आउनुभयो । |
| ▪ तिमीले के भन्छ ? | ▪ तिमीले के भन्छौ ? |
| ▪ मेरो आमाले कारखानामा काम गर्छ । | ▪ मेरी आमाले कारखानामा काम गनुहुन्छ । |
| ▪ टाँसी मीसले पढायो । | ▪ टासी मिसले पढाउनुभयो । |
| ▪ मलाई विज्ञान सरले मायाँ गर्छ । | ▪ मलाई विज्ञान पढाउने सरले माया गर्नुहुन्छ । |

शरणार्थी शिविरमा अध्ययनरत विद्यार्थीहरूले प्रयोग गरेका आदरार्थी भाषा उनीहरूले प्रयोग गर्ने मातृभाषाको प्रभावमा रहेको देखिन्छ । शरणार्थी शिविरमा बोलिने नेपाली भाषासँग अध्येता केही हदसम्म भए पनि परिचित छ अर्थात् उनीहरूले कस्तो नेपाली भाषा प्रयोग गर्दछन् भन्ने बारेमा सामान्य रूपमा भए पनि जानकार छ । उनीहरूले नेपाली भाषाको प्रयोगलाई घरपरिवारमा पनि औपचारिक बनाउन खोजेको प्रतित हुन्छ । त्यसले गर्दा शरणार्थी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारण गर्दा आदरको प्रयोग गर्ने ठाउँमा अनादर र अनादर प्रयोग गर्नुपर्ने ठाउँमा आदरको प्रयोग गर्ने गर्दछन् । आदरार्थीको सामान्यीकरण गर्नुपर्ने ठाउँमा उच्च आदरार्थी र उच्च आदरार्थीको प्रयोग गरिनुपर्ने ठाउँमा अनादरको प्रयोग समेत भएको पाइन्छ ।

आदरार्थीसम्बन्धी त्रुटि अन्य शरणार्थीका साथै विद्यार्थीहरूले समेत उत्तिकै मात्रामा गरेको पाइयो । उनीहरूले गरेका आदरसङ्गतिगत त्रुटिहरूलाई तालिकामा यसरी प्रस्तुत गर्न सकिन्छ :

तालिका नं. १९ : आदरसङ्गतिगत त्रुटिहरू

| | संख्या | प्रतिशत |
|---|---|---|
| त्रुटि गर्नेहरू | ५९ | ९२.१८७५ |
| त्रुटि नगर्नेहरू | ५ | ७.८१२५ |
| जम्मा | ६४ | १०० |

माथिको तथ्याङ्कलाई हेर्दा ९२.१९ विद्यार्थीहरूस्ले आदरसङ्गतिगत त्रुटि गरेको पाइयो । जम्मा ६४ जना विद्यार्थीहरूमध्ये ५ जना अर्थात् ७.८२ प्रतिशत विद्यार्थीहरूले मात्र आदरसङ्गति मिलाएको पाइयो । ५९ जना त्रुटि गर्नेहरूमा पूर्णरूपमा तिब्बती शरणार्थी विद्यार्थीहरू रहेका छन् भने त्रुटि गर्ने ७.८२ प्रतिशत विद्यार्थीहरू आमा तिब्बती तथा बाबु नेपाली वा आमा नेपाली र बाबु तिब्बती मूलका नागरिकहरूका छोराछोरी देखिन्छन् । रहेका पाइन्छ । यसरी समग्रमा हेर्दा ९२.१९ प्रतिशत विद्यार्थीहरूमा आदरसङ्गतिगत त्रुटि हुनु भनेको एउटा समस्याको रूपमा भाषा शिक्षण गर्नु हो ।


स्तरीय नेपाली भाषाशिक्षण गर्ने क्रममा नेपाली भाषामा प्रयोग हुने आदरार्थी रूपलाई बुझेर शिक्षण गरिनपर्दछ । विद्यालयमा पढाइ हुने तीन भाषाहरू तिब्बती, अङ्ग्रेजी र नेपालीमध्ये तिब्बती र अङ्ग्रेजीमा नेपालीमा जस्तो आदरार्थीको प्रयोग नहुने हुनाले पनि समस्या उत्पन्न भएको देखिन्छ । यसकारण पनि आदरसङ्गतिगत त्रुटि भएको देखिन्छ ।

## ४.७. सारांश

संसारमा जे जति प्रकारका भाषाहरू रहेका छन्, भाषाका विशेषताहरूअनुरूप वाक्यगठन प्रक्रिया पनि आफ्नै आफ्नै प्रकृतिका रहेका छन् । प्रत्येक भाषाको आफ्नो विशेषता रहेको हुन्छ । यदि उक्त विशेषता वा पद्धतिलाई बेवास्ता गरी आफ्नो पाराले वा अरूको भाषाको प्रभावमा रही वाक्य रचना गर्न खोजियो भने उक्त रचना त्रुटिपूर्ण तथा हास्यास्पद बन्न जान्छ । भाषा प्रयत्न र भुलका आधारमा सिकिँदै गइन्छ । कुनै पनि भाषाका वक्ताले कुनै पनि भाषा सिक्दा त्यस भाषाका सामान्य विशेषताहरूलाई आत्मसात् गर्नुपर्ने

हुन्छ । भाषाको अभिव्यक्तिलाई शिष्ट सौन्दर्यपूर्ण एवम् प्रभावकारी बनाउन त्यस भाषाका विशेषताहरू ठम्याई सोहीअनुसार प्रयोग गर्नुपर्दछ ।

तिब्बती शरणार्थी शिविरमा अध्ययनरत विद्यार्थीहरूले गर्ने वाक्यसङ्गतिगत त्रुटिहरूको अध्ययन गर्न पोखरा १७ छोरेपाटन तथा हेमजा १ को शिविरमाकक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूलाई छनोट गरी स्वतन्त्र निबन्धात्मक र सिर्जनात्मक परीक्षाका माध्यमले त्रुटिहरू विश्लेषण गरिएको हो । शरणार्थी विद्यार्थीहरूले नेपाली भाषाका वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन गर्दा लिङ्ग, वचन, पुरुष, काल र आदरसङ्गतिलाई आधार बनाएर विश्लेषण गरिएको छ । त्यसको परिणामलाई सरल दण्ड रेखाद्वारा तल प्रस्ट पारिएको छ ।




लिङ्ग मूलतः नामसँग सम्बन्धित व्याकरणात्मक कोटि हो । धेरैजसो भाषामा प्राकृतिक लिङ्गसँग व्याकरणिक लिङ्ग व्यवस्थाको ठ्याम्मै सम्बन्ध भएको हुँदैन । पुलिङ्गबाट स्त्रीलिङ्ग शब्दको व्युत्पादन गर्ने प्रक्रिया नेपाली भाषामा निकै उत्पादक छ । नेपाली भाषामा मानवेतर प्राणीको लिङ्गअनुरूप क्रिया परिवर्तन भएको पाइँदैन । जस्तो 'भैँसी गयो, 'राँगो गयो' भनिन्छ तर 'भैँसी गई' को प्रयोग गरिँदैन । भाषााको विभिन्नताअनुसार प्राकृतिक लिङ्गसँग मेल नखाने व्याकरणिक लिङ्गको प्रयोग गर्ने व्यवस्था पनि भिन्नाभिन्नै किसिमको पाइन्छ । लिङ्गसङ्गतिमा हुने त्रुटिहरू कर्ता क्रियाबीच सङ्गति नमिल्नु, विशेषण र विशेष्यबीच सङ्गति नमिल्नु तथा भेद्य र भेदकका बीच सङ्गति नमिल्नु जस्ता कुराले भएको देखिन्छ । शरणार्थी विद्यार्थीहरूमा यस प्रकारको त्रुटि हुनाको प्रमुख कारण अङ्ग्रेजी भाषाको प्रभाव र जातीय भाषाको प्रभावलाई प्रमुख मान्न सकिन्छ ।

वचनको प्रमुख कार्य पदवर्गका केही पक्षहरूमा सङ्ख्यात्मक अर्थ थपी खास सङ्ख्याको बोध गराउनु हो तर कहीँकहीँ भने भाषिक नियमअनुसार बहुवचनले एकवचनको बोध गराएको हुन्छ । नेपाली भाषामा आदरार्थीको प्रयोग गर्दा बहुवचनको प्रयोग गरिन्छ । वचनगत त्रुटि हुनमा भेद्य–भेदक सम्बन्ध, विशेष्य–विशेषण सम्बन्धको मेल नहुनु नै हो । जस्तै : 'उसको बहिनी र भाइ मेला भर्न गयो' भन्ने वाक्यमा भर्न गए भनेर प्रयोग गरिनुपर्ने हो किनभने भाइ र बहिनी दुवैजनालाई जनाउन बहुवचन क्रियाको प्रयोग गरिनुपर्दछ । विशेषणको रूपमा प्रयोग गरिएका शब्दहरूमा पनि बहुवचनगत नामको अगाडि एकवचनगत विशेषण प्रयोग गरेको पाइन्छ (उसको बहिनी र भाइ) । यस्तो हुनुमा अङ्ग्रेजी भाषाको प्रभाव तथा उनीहरूको आफ्नै तिब्बती भाषाको प्रभावलाई प्रमुख रूपमा लिन सकिन्छ ।

सर्वनाम र क्रियासँग सम्बद्ध व्याकरणिक कोटि पुरुष हो । प्रायः कुरा गर्ने व्यक्ति एउटा पुरुष, सुन्ने व्यक्ति अर्को पुरुष र कुराकानीमा भाग नलिने व्यक्ति व्याकरणमा अर्को पुरुष मानिन्छ । पुरुषको यो भिन्नता भाषाका सर्वनामका रूपमा, क्रियाका रूपमा वा त्यस्तै अन्य कतै देखिने भिन्नता वा व्यतिरेकका सहारामा प्रकट भएका हुन्छन् । शरणार्थी विद्यार्थीहरूले गरेका वचनगत त्रुटिहरूलाई नियाल्दा प्रथम पुरुषगत र द्वितीय पुरुषगत कर्तामा तृतीय पुरुषको क्रियापदको प्रयोग भएको देखिन्छ । प्रथम पुरुष वाक्यको प्रयोग गर्दा सोही अनुसारको वचन मिलेको क्रियापदको प्रयोग भए तापनि वाक्यसङ्गति मिलेको देखिँदैन । जस्तो 'मैले भत खायो' वाक्यमा क्रियापद 'खाएँ' हुनुपर्नेमा 'खायो' को प्रयोग पाइन्छ । यस्तै कार्य द्वितीय पुरुषमा पनि भएको देखिन्छ ।

कालको सामान्य अर्थ समय हो । व्याकरणमा क्रियाको रूपान्तरणलाई काल भनिन्छ । यसमा समयअनुसार क्रियामा परिवर्तन भएको हुन्छ । कालको प्रत्यक्ष सम्बन्ध क्रियासँग मात्र हुने भएकाले काल क्रियामा आधारित वाक्यगठनको पक्ष हो । वाक्यसङ्गतिको क्षेत्रमा शरणार्थी विद्यार्थीहरूले कम त्रुटि गरेको क्षेत्र पनि कालसङ्गतिगत त्रुटि हो । यस पक्षमा त्रुटि गर्ने विद्यार्थीहरूको त्रुटि भने अव्यवस्थित खालका त्रुटिहरूअन्तर्गत पर्दछन् ।

कुनै कालको परिधिभित्र हुने घटना वा कार्यव्यापारको विशेष अवस्थालाई पक्ष (Aspect) भनिन्छ । पक्षलाई विशेष काल पनि भनिन्छ । विद्यार्थीहरूले कालगत त्रुटिहरू कम गरे पनि पक्षगत त्रुटिहरू भने प्रशस्त मात्रामा गरेका छन् । शरणार्थी विद्यार्थीहरूस्ले पक्षसम्बन्धी त्रुटिहरू गर्नुको प्रमुख कारण भनेको नेपाली भाषाका कालसँग सम्बन्धित

पक्षहरूका बारेमा नै जानकारी नहुनु तथा उनीहरूमा आफ्नो मातृभाषाको कारणले गर्दा हो भन्न सकिन्छ ।

कुनै पनि वाक्यको उद्देश्य खण्डमा प्रयुक्त नाम वा सर्वनामअनुकूल आदरार्थी जनाउने क्रियापदहरूको प्रयोग गर्नुपर्दछ अन्यथा आदरसङ्गतिगत त्रुटि हुन जान्छ । शरणार्थी शिविरमा अध्ययनरत विद्यार्थीहरूले गरेको आदरार्थीसम्बन्धी त्रुटिको प्रमुख कारण उनीहरूको तिब्बती भाषा तथा अङ्ग्रेजी भाषाको प्रभावले प्रमुख भूमिका खेलेको देखिन्छ ।

नेपाली भाषा नेपालको राष्ट्रभाषा, कामकाजको भाषा र शिक्षाको माध्यमको भाषा भएका कारणले जो कोही नेपालमा बस्नेले नेपाली भाषा जानेर मात्र पुग्दैन, यस भाषामा शुद्ध रूपमा वा स्तरीय रूपमा व्यवहार गर्न जान्नुपर्दछ । यसरी नेपाली मातृभाषी नहुनेहरूले वाक्यगठनको क्षेत्रमा प्रशस्त त्रुटिहरू गर्ने गर्दछन् । भाषाको आधारभूत पक्ष वाक्यगठन हो । प्रत्येक भाषाको वाक्यगठन आ–आफ्नै प्रकृतिको हुन्छ । वाक्यगठनमा कर्ता र क्रियाको मेल नहुनाले वाक्यमा दिन खोजेको अर्थमा पनि भिन्नता हुनसक्छ । अन्य भाषी वक्ताहरूले नेपाली भाषाको वाक्यगठनमा विभिन्न खाले त्रुटि गर्ने गर्दछन् । तिब्बती शरणार्थीहरूले नेपाली वाक्यगठनका क्षेत्रमा गर्ने त्रुटिहरूका बारेमा अन्वेषणात्मक कार्य गर्ने क्रममा लिङ्ग, वचन, पुरुष, काल र आदरमा गर्ने त्रुटिहरू विश्लेषण गरी माथि स्तम्भ रेखामा समेत देखाइएको छ ।

## अध्याय पाँच

## वर्णविन्यास र तथा लेख्यचिन्हसम्बन्धी त्रुटिहरूको विश्लेषण

अधिकांश भाषाका दुई मुख्य रूप हुन्छन्, कथ्य र लेख्य । कथ्य भाषा उच्चारणद्वारा प्राप्त गरिन्छ भने लेख्य भाषा लेखनद्वारा प्राप्त गरिन्छ । लेखन मानवीय हात र मेसिन ( टाइपराइटर आदि) दुवैबाट गरिन्छ । वर्णप्रतीकहरूको नियम बमोजिम लेखनको विधानलाई वर्णविन्यास भन्दछन् । अर्को शब्दमा वर्णविन्यास भनेको वर्णहरूको रखाइ हो । यसलाई नेपालीमा हिज्जे, खिप्ती, वर्तनी, अक्षरी अक्षरविन्यास लेखनियम, वर्ण देशना आदि पनि भनिन्छ (शर्मा; २०५२: ६२) ।

सार्थक शब्दको निर्माणमा वर्णहरूको विन्यास गरिएको हुन्छ । वर्णविन्यास शब्दले वर्ण र त्यसको उपयुक्त रखाइक्रमलाई बुझाउँछ । भाषालाई व्यवस्थित बनाउने काम व्याकरणले गर्दछ । व्याकरणमा वर्णविन्यासका आधारभूत नियमहरू बनाइएका हुन्छन् । नेपाली भाषाको वर्णविन्यासलाई पनि चन्द्रिका, मध्यचन्द्रिका जस्ता व्याकरण, नेपाली शब्दकोश, विश्वविद्यालय, नेपाली राजकीय प्रज्ञा प्रतिष्ठान, साझा प्रकाशन आदिले प्रकाशन, सेमिनार, गोष्ठी आदिबाट व्यवस्थित स्पष्ट र सरल बनाउँदै ल्याएका छन् । नेपालीमा तत्सम शब्दमा बाहेक उच्चारण अनुसार लेख्ने चलन बढ्दै आएको छ ।

वर्णविन्यासगत त्रुटिहरू खास गरी दोस्रो भाषाका रूपमा नेपाली भाषा सिक्ने विद्यार्थीहरूले गरेको पाइन्छ । त्यस्तै नेपाली भाषाको वर्णव्यवस्थाको राम्रो ज्ञान नभएकाहरूबाट भाषाहरूलाई सरलतम बनाउन खोज्ने वा सामान्यीकरण गर्ने जस्ता कारणहरूले नेपाली भाषाको वर्णविन्यासगत त्रुटिहरू हुने गर्दछन् । यसो भन्दैमा नेपाली भाषी वक्ताले वर्णविन्यासगत त्रुटिहरू गर्दैनन् भन्ने चाहिँ होइन । शरणार्थी शिविरमा अध्ययनरत विद्यार्थीहरूले स्तरीय नेपाली भाषा सिकाइका क्रममा गल्ती वा त्रुटिहरू गर्नु स्वाभाविकै हो । उनीहरू नेपालमा बस्दा नजानेर नै नेपाली भाषाको वातावरणीय सम्पर्क, पठनपाठनका दृष्टिले अंग्रेजी भाषाको सम्पर्क र आफ्नो तिब्बती मातृभाषाका प्रभावका कारणले स्तरीय नेपाली भाषा उच्चारण गर्दा र लेखाइका क्रममा त्रुटिहरू गर्दछन् । यहाँ शिविरका तिब्बती शरणार्थी विद्यार्थीहरूले स्तरीय नेपाली लेखाइमा गर्ने विभिन्न किसिमका त्रुटिहरू पहिल्याउने जमर्को गरिएको छ ।

## ५.१. ह्रस्वदीर्घसम्बन्धी त्रुटिहरू

तत्सम् संस्कृत शब्दहरूलाई संस्कृतकै वर्ण सिद्धान्तअनुसार लेखिने र पढ्ने परम्परा छ । नेपाली भाषाका कतिपय शब्दहरू लेख्दा र बोल्दा फरक पर्ने अवस्थाहरू रहेका छन् । खास गरी संस्कृत तत्सम् शब्दहरू भएका ठाउँमा र अजन्त–हलन्त शब्दमा समेत उच्चारण तथा लेखनमा फरक पाइन्छ । नेपाली जनजिब्रोले उच्चारण गर्ने कतिपय वर्णहरूको लेखनमा फरक परेका उदाहरणहरू प्रशस्त पाइन्छन् । नेपाली ह्रस्वदीर्घसम्बन्धी नियम अनुसार तिब्बती शरणार्थी विद्यार्थीहरूले लेखाइमा गरेका त्रुटिहरूको केही नमुनाहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।

तालिका नं. २० : ह्रस्वदीर्घसम्बन्धी त्रुटिहरू

| त्रुटियुक्त शब्दहरू | त्रुटिरहित शब्दहरू |
|---|---|
| छीमेकि | छिमेकी |
| फेरी (पुनः) | फेरि |
| भुमी | भूमि |
| सान्ती | शान्ति |
| ठिक | ठीक |
| पूर्ती | पूर्ति |
| पनी | पनि |
| तिन (सङ्ख्या) | तीन |
| तीब्बती | तिब्बती |
| पहीला | पहिला |
| परीणत | परिणत |
| हामिले | हामीले |
| आदी | आदि |
| खुशी | खुसी |
| मन्दीर | मन्दिर |
| परीसथिति | परिस्थिति |
| मानीस | मानिस |

| | |
|---|---|
| पानि | पानी |
| प्रानि | प्राणी |
| हात्रिहरू | हात्तीहरू |
| आहोले | अहिले |
| शीक्षाकहरू | शिक्षकहरू |
| गण्डकि | गण्डकी |
| कास्कि | कास्की |
| सेतोनादि | सेतीनदी |
| नाजीक | नजिक |
| केटाकेटिहरूको | केटाकेटीहरूको |
| सथिहरू | साथीहरू |
| खेलकुद दीवास | खेलकुद दिवस |
| संगितालय | सङ्गीतालय |
| मेरि आमा | मेरी आमा |
| किनकी | किनकि |

माथिका नमुनाहरूबाट के देखिन आउँछ भने तिब्बती शरणार्थी विद्यार्थीहरूले शब्दादिमा ह्रस्व लेख्ने गरेको देखिन्छ । कतैकतै व्यवस्थित रूपमा दीर्घको प्रयोग पनि गर्ने गरेको पाइन्छ । शब्दमध्यमा भने अव्यवस्थित रूपमा ह्रस्वदीर्घ दुवैको प्रयोग गरेको पाइन्छ । शब्दादिमा प्रयोग हुने अकारलाई आकारमा परिवर्तन गरेर लेखेको पनि पाइन्छ । जस्तोः आब (अब), आबला (अवला) घार (घर) नागर (नगर) आदि ।

## ५.२. श, ष, स, को प्रयोगसम्बन्धी त्रुटिहरू

संस्कृत व्याकरणमा तीनवटै स, श, ष को अस्तित्त्व देखिन्छ । नेपालीमा स, श, ष अर्थभेदक वर्ण होइनन् एउटै उच्चार्य वर्णका सन्दर्भपरक वैकल्पिक चिह्न हुन् । संस्कृतका तत्सम शब्दबाहेक अन्यन्त्र ‘स’ को प्रयोग गरिने नेपाली प्रचलन छ तर अपवादका रूपमा प्रचलित नाम, थर वतनमा भने शिष्ट प्रचलित रूप नै हुन्छ । शरणार्थी शिविरका विद्यार्थीहरूमा भने ‘स’, ‘ष’, ‘श’ को ज्ञानको अभाव भएको देखिन्छ । अव्यवस्थित रूपमा उनीहरूले तीनवटा श, ष, स मध्ये प्रायः ‘स’ को मात्र प्रयोग गरेको देखियो । केही ज्ञान

भएका विद्यार्थीहरू पनि कुन 'स' को प्रयोग गर्ने भन्ने दोधारमा परेको देखियो । विद्यार्थीहरूले प्रयोग गरेका केही शब्दहरू तल प्रस्तुत गरिएको छ ।

तालिका नं. २१ : श, ष, स, को प्रयोगसम्बन्धी त्रुटिहरू

| त्रुटियुक्त शब्दहरू | त्रुटिरहित शब्दहरू |
|---|---|
| सिविर | शिविर |
| शाशक | शासक |
| सन्तोस | सन्तोष |
| शोर्ग | स्वर्ग |
| लोसर | लोसार |
| पसु | पशु |
| वस | बस |
| विसेस | विशेष |
| सक्ति | शक्ति |
| मानिश | मानिस |
| पसिम | पश्चिम |
| आसिकवाद | आशिर्वाद |
| शिकार | सिकार |
| शहर | सहर |
| विसनु | विष्णु |
| किर्सी | कृषि |
| शय | सय |
| विकाश | विकास |
| विसय | विषय |
| बस्ना | बस्नु |
| शवैभन्दा | सबैभन्दा |
| शाँज | साँझ |
| शोच | सोंच |
| अशार | असार |

माथि दिइएका शब्दहरूलाई विश्लेषण गर्दा 'स' र 'ष' को प्रयोग हुने ठाउँमा 'स' को प्रयोग भएको पाइयो । तीनवटा श वा स मध्ये स को प्रयोग अत्यधिक मात्रामा भएको पाइन्छ । 'ष' को प्रयोग भने लिइएका नमुनाहरूले प्रयोग गरेको देखिँदैन । श, ष को प्रयोग भन्दा स लाई नै सहज रूपमा प्रयोग गरेको पाइयो । तिब्बती विद्यार्थीहरूलाई स, ष, श को ज्ञान भए तापनि प्रयोगगत हिसावमा 'स'को प्रयोग गर्न सजिलो हुने कुरा उनीहरू बताउँछन् ।

## ५.३. ब र व को प्रयोगसम्बन्धी त्रुटिहरू

नेपाली वर्णविन्यासमा अनुनासिकको लेखन चन्द्रविन्दु ( ँ )द्वारा र अनुस्वारको लेखन शिरविन्दु ( ं ) द्वारा गरिन्छ । तत्सम् शब्दमा शिरविन्दुले ङ, ञ, ण, न र म वर्णलाई र नेपालीमा ङ, न, म वर्णलाई जनाउँछ ।

नेपालीमा उच्चारण अनुसार ब र व लेखिनुपर्दछ । कतिपय 'व' उच्चारण हुने ठाउँमा ब को उच्चारण गरिने प्रचलन छ तर लेखाइमा भने 'व' नै लेखिन्छ । यसले नेपाली विद्यार्थीहरूमा समेत असमञ्जस रहेको पाइन्छ भने शरणार्थी विद्यार्थीहरू त झन् अलमलमा नपर्ने कुरै भएन । नेपाली भाषा लेखनको क्रममा ब र व लाई अन्तरपरिवर्त्य वा वैकल्पिक रूपमा प्रयोग गर्ने प्रवृत्ति नेपाली विद्यार्थी लगायत शरणार्थी विद्यार्थीहरूमा पनि पाइन्छ । शरणार्थी विद्यार्थीहरूले ब र व को प्रयोगमा गरेका गल्तीहरूलाई निम्नानुसार देखाइएको छः

तालिका नं. २२ : ब र व को प्रयोगसम्बन्धी त्रुटिहरू

| त्रुटियुक्त शब्दहरू | त्रुटिरहित शब्दहरू |
|---|---|
| बिद्यालय | विद्यालय |
| गा.बि.स. | गा.वि.स. |
| फुटवोल | फुटबल |
| बिद्यार्थी | विद्यार्थी |
| वेपार | व्यापार/बेपार |
| विहान | बिहान |
| वहादुर | बहादुर |
| विहे | बिहे |

| | |
|---|---|
| वेठिक | बेठीक |
| वसेको | बसेको |
| बिचार | विचार |
| वारेमा | बारेमा |
| वस्छ | बस्छ |
| वारबजे | बाह्रबजे |
| तीवत | तिब्बत |
| बिकास | विकास |
| वीदा | बिदा |
| बन | वन |
| वस्ती | बस्ती |
| देबी | देवी |
| वादल | बादल |
| बिद्या | विद्या |
| अबतारी | अवतारी |
| बैज्ञानिक | वैज्ञानिक |
| बर्तमान | वर्तमान |

माथि प्रस्तुत गरिएका शब्दहरूलाई हेर्दा विद्यार्थीहरूमा ब र व दुवैलाई वैकल्पिक रूपमा प्रयोग गरेको देखिन्छ । 'ब' उच्चारण नभएर 'व' उच्चारण हुने ठाउँमा समेत 'ब' को प्रयोग भएको छ । यसको प्रमुख कारण उच्चारणमा 'व' लाई पनि 'ब' कै रूपमा उच्चारण गरिनु हो । माथि नै भनिएको छ नेपाली भाषा उच्चारण र लेख्य प्रक्रियामा फरक भएको भाषा हो । जस्तो हामी 'वातावरण' लेख्छौँ तर 'बाताबरण' भनेर उच्चारण गर्दछौँ । यसप्रकारको त्रुटि भने नेपाली भाषी विद्यार्थीहरूमा पनि प्रशस्तै पाइन्छ । यस्तो हुनुको प्रमुख कारण उच्चारणमा ब हुने तर लेखाइमा प्रायः व लेखिनुपर्ने हुँदा विद्यार्थीहरू द्विविधामा परी सरलीकरणको तरिका अपनाउनु नै हो ।

## ५.४. चन्द्रविन्दु र शिरविन्दुको प्रयोगसम्बन्धी त्रुटिहरू

चन्द्रविन्दु डिको माथिको चन्द्राकार चिह्न हो भने शिरविन्दु डिकोमाथिको थोप्लो हो । चन्द्रविन्दुलाई अनुनासिक भनिन्छ र शिरविन्दुलाई अनुस्वार भनिन्छ । शिरविन्दुको उच्चारणमा नाकबाट मात्र सास बाहिरिन्छ भने चन्द्रविन्दुको उच्चारणमा मुख र नाक दुवैबाट सास बाहिरिन्छ । नेपाली शब्दमा नाके स्वर (अनुनासिक स्वर) प्रयोग गर्नुपर्ने शब्दको अक्षरको डिकोमाथि मात्रा छ भने अनुस्वार तथा शिरविन्दुले काम चलाउने प्रवृत्ति पनि छ र मात्रा छैन भने अनुनासिकको प्रयोग चन्द्रविन्दूको रूपमा गर्ने गरेको समेत देखिन्छ ।

जस्तो :

(क) झिंगो, ढिंडो

(ख) अँगार आएँ ।

शरणार्थी शिविरका विद्यार्थीहरूले शिरविन्दु र चन्द्रविन्दुको प्रयोगमा गरेका त्रुटिहरूलाई तल प्रस्तुत गरिएको छ :

तालिका नं. २३ : चन्द्रविन्दु र शिरविन्दुको प्रयोगसम्बन्धी त्रुटिहरू

| त्रुटियुक्त शब्द तथा वाक्यहरू | त्रुटिरहित शब्द तथा वाक्यहरू |
|---|---|
| आफै | आफैँ । |
| लोसारमा हामीले जुवा खेल्छ । | लोसारमा हामी जुवा खेल्छौं । |
| लोसारमा सबै नातागोता रमाइलो गार्छ । | लोसारमा सबै नातागोतासँग रमाइलो गर्छौं/गरिन्छ । |
| नयानया | नयाँनयाँ |
| नयांवर्ष | नयाँवर्ष |
| टुडिखेल | टुँडिखेल |
| लगाउछौ | लगाउँछौं । |
| छाङ | छ्याङ |
| औसी | औँशी |
| सन्सार | संसार |

| | |
|---|---|
| गाउ | गाउँ |
| हामी पाचजनाको परिबारमा छौ । | हामी पाँचजनाको परिवारमा छौँ । |
| इंलिस | इङ्लिस |
| लडाइ | लडाइँ |
| म गाउ गयोको थियो । | म गाउँ गएको थिएँ । |
| म गीत गाउछु । | म गीत गाउँछु । |
| म लुगाँ लगाउछ । | म लुगा लगाउँछु । |

माथिका शब्द तथा वाक्यहरूलाई हेर्दा कतिपय स्थानमा शिरविन्दु तथा चन्द्रविन्दुको प्रयोग नै नगरी काम चलाउन खोजेको देखिन्छ भने कतिपय ठाउँमा चन्द्रविन्दुको सट्टा शिरविन्दुको प्रयोग भएको पाइन्छ । कतिपय ठाउँमा ङ, न, म लाई शिरविन्दुले नै काम चलाउन खोजेको पनि पाइन्छ । यसरी हेर्दा शिरविन्दु र चन्द्रविन्दुको प्रयोगमा शरणार्थी विद्यार्थीहरूमा अन्योल छाएको देखिन्छ । यस्तो प्रवृत्ति नेपाली भाषी विद्यार्थीहरूमा समेत भेटिन्छ । कतिपय चन्द्रविन्दुको प्रयोग गर्नुनपर्ने ठाउँमा समेत अनावश्यक चन्द्रविन्दुको प्रयोग गरेको पनि पाइयो ।

## ५.५. य र ए को प्रयोगसम्बन्धी त्रुटिहरू

नेपाली भाषाका वर्णहरूमा उच्चारणमा उस्तै सुनिने तर लेखाइमा फरक भएका वर्णहरू य र ए पनि रहेका छन् । नेपालीभाषी विद्यार्थीहरूले समेत यी दुईको प्रयोगमा त्रुटि गरेको देखिन्छ । शरणार्थी विद्यार्थीहरूले ए र य लाई पनि कतिपय ठाउँमा सही रूपले प्रयोग गरे तापनि धेरैजसो ठाउँमा वैकल्पिक रूपमा प्रयोग गरेको पाइयो । नेपालीको य अर्धस्वर हो । नेपालीमा य, ये, यि, यी अर्धस्वरको कम र इ, ई, ए स्वरवर्णको बढी प्रयोग गरिन्छ  र यिनलाई तत्सम नियमबाटै लेखिन्छ । वास्तवमा ए र य दुवै अर्थ भेदक वर्णहरू हुन् । यद्यपि दुवै वर्ण समान रूपमा प्रयोग गरिन्छ । शरणार्थी विद्यार्थीहरूले यिनीहरूको प्रयोग गराइमा गरेका त्रुटिहरूलाई निम्नबमोजिम देखाइएको छ :

तालिका नं. २४ : य र ए को प्रयोगसम्बन्धी त्रुटिहरू

| त्रुटियुक्त वाक्य तथा शब्दहरू | त्रुटिरहित वाक्य तथा शब्दहरू |
|---|---|
| म फुटबोल खेल्न गयँ । | म फुटबल खेल्न गएँ । |
| तेतातिर म गएको छौन । | त्यतातिर म गएको छैन । |
| एस्तो शक्ति | यस्तो शक्ति |
| छुट्यायको | छुट्याएको |
| पानी नभयकोले उनीहरू जंगलतिर लागे । | पानी नभएकाले उनीहरू जङ्गलतिर लागे । |
| थिय । | थिए । |
| पर्एओ | पऱ्यो । |
| एसले | यसले |
| यकायक ठूलो शोकमा पऱ्यो । | एकाएक ठूलो शोकमा परे । |
| पायर | पाएर |
| रमायर | रमाएर |

माथिका वाक्य तथा शब्दहरू हेर्दा कतिपय विद्यार्थीहरू ए र य को उच्चारणमा सचेत नभएको भान हुन्छ । नेपालीमा य र ए को उच्चारण छुट्टिने गरी गर्न सकिए पनि अधिकांश शब्दका सन्दर्भमा य को सट्टा ए को प्रयोग गर्ने प्रवृत्ति शरणार्थी विद्यार्थीहरूमा देखियो ।

## ५.६. हलन्त र अजन्तको प्रयोगसम्बन्धी त्रुटिहरू

व्यञ्जनर्णलाई हल् र स्वरलाई अच् भनिन्छ । कुनै अक्षर वा शब्दका अन्त्यमा व्यञ्जनमात्र आएमा वा स्वररहित उच्चारण भएमा त्यस्ता वर्णलाई हलन्त वर्ण भनिन्छ । हलन्त वर्ण खुट्टा काटेर लेखिन्छ । नेपालीका ङ, छ, ट, ढ, द, ह लाई आधा अक्षरमा लेख्न नसकिने भएकोले यी वर्णलाई आधा लेख्नुपर्दा सधैं हलन्त लेखिन्छ । मौखिक भाषामा हलन्त हुने शब्दलाई पनि लेख्दा अजन्त गर्ने चलन रहिआएको छ । भाषाको लेख्यरूप र कथ्यरूपमा पाइने यस्ता अन्तरका कारणले नै लिखित भाषामा प्रशस्त मात्रामा त्रुटि भएको पाइन्छ । त्यसमा पनि अन्य भाषाको प्रभावबाट प्रभावित शरणार्थीहरूले हलन्त र अजन्तसम्बन्धी त्रुटि गर्नु कुनै नौलो कुरा नै होइन । उसो त नेपालीभाषी विद्यार्थीहरू पनि यसप्रकारको त्रुटि

गर्दछन् । शरणार्थी विद्यार्थीहरूले गरेका हलन्त र अजन्तसम्बन्धी त्रुटिहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

तालिका नं. २५ : हलन्त र अजन्तको प्रयोगसम्बन्धी त्रुटिहरू

| त्रुटियुक्त वाक्य तथा शब्दहरू | त्रुटिरहित वाक्य तथा शब्दहरू |
|---|---|
| यस संसारमा अलग अलग चाड हुन्छन । | यस संसारमा अलगअलग चाड हुन्छन् । |
| मेरो धेरै साथीहरू छन । | मेरा धेरै साथीहरू छन् । |
| सङगीत | सङ्गीत |
| छटपटाएर | छट्पटाएर |
| पढनुपर्छ | पढ्नुपर्छ |
| स्कुलवरपर धेरै फूलहरू छन । | स्कूलवरपर धेरै फूलहरू छन् । |
| छाङ खान्छन । | छ्याङ खान्छन् । |
| भन्छन । | भन्छन् । |

माथिका उदाहरणहरूलाई नियाल्दा विद्यार्थीहरूले खुट्टा काट्ने झमेलाले गर्दा त्यसो नगरेको या त उच्चारणअनुसार लिखित रूपमा पनि सोहीअनुसार लेख्ने गरेका हुन् । शब्दको मध्यमा हलन्त गर्नुपर्ने ठाउँमा पनि हलन्त नगर्नुले उच्चार्य भाषालाई प्राथमिकता दिएर लेखेको पाइन्छ । शब्दको मध्यमा उच्चारण गर्ने कुनै शब्दमा हलन्त गर्ने प्रवृत्ति कमै देखिन्छ ।

## ५.७. पदयोग र पदवियोगसम्बन्धी त्रुटिहरू

पदयोग भन्नाले शब्दहरू जोडेर लेख्नु भन्ने बुझिन्छ भने पदवियोग भनेको शब्दहरू छुट्याएर लेख्नु हो । संस्कृत व्याकरणअनुसार समास गरिएका पदहरू कि एउटै डिकोमुनि जोडेर लेख्नुपर्छ नत्र दुई पदका बीचमा समास वाचक योजक चिह्न दिनुपर्छ । नेपालीमा दुईवटा भन्दा बढ्ता पदलाई जोड्ने चलन देखिँदैन । सामान्यतः नेपालीका पदयोग र पदवियोगका नियमहरूमा विभक्ति, नामयोगी, समस्त शब्द, द्वित्वशब्द, संयुक्तक्रिया अकरणको न, केही अव्यय शब्दमा पदयोग गरिन्छ भने विभक्ति र नामयोगीपछिको विभक्ति, निपात, पक्षवोधक क्रिया आदिमा पदवियोग हुन्छ । पदयोग तथा पद वियोगसम्बन्धी त्रुटिहरू

पत्ता लगाउन शरणार्थी विद्यार्थीहरूलाई केही त्यस्ता शब्दहरू लेख्न लगाइएको थियो ( श्रुतिलेखको माध्यमद्वारा) जसमा उनीहरूले गरेका त्रुटिहरूलाई यसरी औँल्याउन सकिन्छ :

तालिका नं. २६ : पदयोग र पदवियोगसम्बन्धी त्रुटिहरू

| त्रुटियुक्त पदहरू | त्रुटिरहित पदहरू |
|---|---|
| माछा पुच्छ्रे | माछापुच्छ्रे । |
| जानु पर्छ | जानुपर्छ । |
| राम सँग | रामसँग |
| कताजाने | कता जाने । |
| गइरहेकाछन | गइरहेका छन् । |
| राज दरबार | राजदरबार |
| न भनेका कुरा | नभनेका कुरा |
| भातसातखाइयो | भातसात खाइयो । |
| छिटो छिटो | छिटोछिटो |
| जन्म थलो | जन्मथलो |
| किन भने | किनभने |
| खेल कुद | खेलकुद |
| स्कुल लाई | स्कुललाई |
| आफु भन्दा | आफूभन्दा |
| बन जङ्गल | वनजङ्गल |
| साथी सँग | साथीसँग |
| छाङखाएर | छ्याङ खाएर |
| मत | म त |
| गएकोथियो । | गएको थियो । |
| मपनि | म पनि |
| केटा केटी | केटाकेटी |
| झै झगडा | झैझगडा |
| छाना मुनि | छानामुनि |

माथिका पदहरूलाई हेर्दा शरणार्थीहरूले समस्त शब्द तथा विभक्तिहरू र नामयोगीलाई छुट्याएर लेखेको पाइन्छ । कतिपय ठाउँमा निपातलाई एउटै डिकोमुनि लेखेको पनि पाइन्छ । शरणार्थी शिविरमा रहेका विद्यालयमा पढाइ हुने अन्य दुई भाषा तिब्बती र अङ्ग्रेजी भाषामा डिको दिने चलन छैन । त्यसको प्रभाव नेपाली भाषामा परेको पाइन्छ किनभने नेपाली भाषालाई डिकोले छुट्याइन्छ ।

## **५.८. लेख्यचिह्न प्रयोगसम्बन्धी त्रुटिहरू**

लेख्यचिह्नरू भाषालाई सुस्पष्ट सार्थक र जीवन्त बनाउन प्रयोग गरिन्छ । यसको सही प्रयोगले भाषालाई सान्दर्भिक र अर्थपूर्ण बनाउन सहयोग गर्दछ भने चिह्नको दुरूपयोगले भनाइलाई अन्योलपूर्ण तथा अनर्थपूर्ण बनाउँछ । त्यसकारण यसको प्रयोगमा निकै ध्यान दिनुपर्दछ ।

शरणार्थी विद्यार्थीहरूले सबैभन्दा बढी गल्ती गर्ने ठाउँ भनेको यही हो । एउटा वर्ण लेख्नुपर्ने ठाउँमा अर्कै वर्णको प्रयोग गर्नु र लेख्य चिह्नहरूलाई ख्याल नगरी वाक्य तथा शब्दहरू लेख्ने प्रवृत्ति उनीहरूमा प्रशस्त मात्रामा रहनु । उनीहरूले गरेका लेख्यचिह्नसम्बन्धी त्रुटिहरूलाई यसरी देखाउन सकिन्छ :

तालिका नं. २७ : लेख्यचिह्न प्रयोगसम्बन्धी त्रुटिहरू

| विद्यार्थीले प्रयोग गरेका त्रुटियुक्त चिह्न | शुद्धरूपमा प्रयोग गरिने त्रुटिरहित चिह्न |
|---|---|
| तिमी कहा जान्छ । | तिमी कहाँ जान्छौ ? |
| भाइ म बहिनी बजार जान्छ । | भाइ बहिनी र म बजार जान्छौँ । |
| तिमीलाई कुन सर मन पर्छ । | तिमीलाई कुन सर मन पर्छ ? |
| लौ मलाई मार्छ । | लौ ! मलाई मार्छ । |
| हामी सकुल पढ्छौ । | हामी स्कुल पढ्छौँ । |
| मैले तास खेल्दैन । तर छाङ खान्छ । | म तास खेल्दिनँ तर छ्याङ खान्छु । |
| मेरो विद्यालयसम्म पुस्तकालय संगीतकेन्द्र फूटबलमैदान बगैँचा छ । | मेरो विद्यालयमा पुस्तकालय, सङ्गीतकेन्द्र, फुटबलमैदान र बगैँचा छ । |

माथिका वाक्यहरूलाई हेर्दा विद्यार्थीहरूले पूर्णविराम चिह्नसम्बन्धी त्रुटि त्यति गरेको पाइँदैन तर अर्धविराम ( ; ), अल्पविराम ( , ) र संयोजक तथा प्रश्नवाचक आदि चिह्नको प्रयोगमा त्यति सचेत भएको पाइँदैन । लेखाइ चिह्नसम्बन्धी त्रुटि लिखित अभिव्यक्तिमा पाइनु स्तरीय भाषा सिकाइका दृष्टिले गम्भीर प्रकृतिको मानिन्छ । यसको समाधानार्थ त्रुटिका कारण पत्ता लगाउनु आवश्यक देखिन्छ । अङ्ग्रेजी भाषामा पूर्णविराम दिन सजिलो

छ । एउटा थोप्लो दियो भने पुगिहाल्छ तर नेपालीमा तुलनात्मक रूपमा केही कठिन छ । कुन अवस्थामा कुन चिह्नको प्रयोग गर्नुपर्छ भन्ने कुरामा विद्यार्थी सजग भएमा यस्तो गल्ती कम गर्न तथा हटाउन सकिन्छ ।

**५.९. सारांश**

कुनै पनि भाषाका वर्णहरूलाई व्यवस्थित गरेर राख्ने प्रक्रियालाई वर्णविन्यास भनिन्छ । लिखित भाषामा लेखन, मुद्रण र टङ्कण गर्दा वर्णविन्यास मिलाउनुपर्छ । वर्णको सम्बन्ध अर्थसँग हुने भएकाले वर्णविन्यासमा त्रुटि हुँदा अर्थमा असर पर्दछ । त्यसैले कुनै भावना विचार वा अभिव्यक्ति सही र स्पष्टरूपमा प्रकट गर्न लेख्य भाषामा वर्णविन्यास मिलाउनुपर्छ । नेपाली भाषाका कतिपय शब्द बोलिएअनुसार लेखिँदैनन् र लेखिएअनुसार बोलिँदैनन् । कतिपय ठाउँमा वर्णविन्यासगत त्रुटि हुँदा पनि अर्थ भिन्नता नहुने हुँदा, हेलचेक्र्याइँवश वर्णविन्यासमा ध्यान नदिइँदा र शब्दको सही उच्चारण गर्न नसक्दा पनि वर्णविन्यासगत त्रुटि हुन जान्छ ।

शरणार्थी शिविरमा अध्ययन गर्ने विद्यार्थीहरूमा शब्दादिमा ह्रस्व र शब्दान्तमा दीर्घ लेख्ने, शब्दको सुरुको वर्णलाई आकारमा परिणत गर्ने आदि प्रवृत्ति पाइयो । स, ष, श को प्रयोगमा 'स' को प्रयोग बढी तथा 'ष' को प्रयोग नगण्य रूपमा गरेको पाइयो । स, ष, श को तत्सम नियमलाई सामान्यीकरण गरी प्रायः सबै शब्दमा त्रुटि गरेको पाइयो । अर्थभेदक तथा उच्चारणमा समेत भिन्नता भएका वर्ण 'ब' र 'व' लाई वैकल्पिक प्रयोग गरेको पाइयो । लेख्दा व हुने तर उच्चारण 'ब' गरिने वर्णमा 'ब' को नै प्रयोग भएको देखियो । शिरविन्दु र चन्द्रविन्दुको नगण्य प्रयोग र प्रयोग भएको ठाउँमा अत्यधिक मात्रामा शिरविन्दुको प्रयोग गरेको पाइयो । हलन्त उच्चारण भए पनि अजन्तको प्रयोग गर्ने प्रवृत्ति नेपाली भाषामा भएकोले त्यसलाई सामान्यीकरण गरेर हलन्त हुनुपर्ने ठाउँमा अजन्त नै प्रयोग गर्ने गरिएको पाइयो । त्यसै गरी 'य' र 'ए' को प्रयोगलाई पनि वैकल्पिक वर्णका रूपमा प्रयोग गरेको पाइयो ।

एउटै डिकोभित्र लेखिने शब्दहरूलाई पदयोग र छुट्याएर लेखिने वर्णहरूलाई पदवियोग भनिन्छ । विद्यार्थीले पदयोग हुनुपर्ने ठाउँमा पदवियोग गरेर त्रुटि गरेका छन् । लेखाइ चिह्नको प्रयोगले लिखित भाषालाई सार्थक र सम्प्रेष्य बनाउन सहयोग गर्दछ । विद्यार्थीहरूले लेखाइ चिह्नको प्रयोगमा त्यति ध्यान दिएको पाइँदैन । यस्तो हुनुमा मातृभाषा तथा दोस्रो भाषाको प्रभावका साथै सिकारुसँग सम्बन्धित विविध पक्षहरूलाई पनि कारणका रूपमा लिन सकिन्छ ।

# अध्याय छ

# निष्कर्ष तथा सुझाव

## ६.१. निष्कर्ष

कक्षा पाँच उत्तीर्ण तिब्बती शरणार्थी शिविरमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन र वर्णविन्याससम्बन्धी त्रुटिहरूको अध्ययन गर्दा सम्बन्धित सिकारुका समस्या पहिचान, व्याख्या र विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । उक्त निष्कर्षहरूलाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ :

१. सन् १९५९ मा साम्भलाको मिथक (९०–९५ वर्षको मानिस पनि १८–१९ वर्षको यौवन पाएको अनुभव गर्ने ठाउँको कल्पनासँग सम्बन्धित मिथक) लाई लिएर खडा भएको तिब्बतको इतिहास चीनले आक्रमण गरेपछि धरासायी बन्न पुगेको थियो । यसरी चीनले गरेको आक्रमणलाई सहन नसकी तथा आफ्नो स्वाभिमानमा धक्का पुगेको यथार्थलाई सहन नसकी विश्वका विभिन्न मुलुकहरूमा तिब्बतीहरू शरणार्थीको जीवन व्यतित गरिरहेका छन् । यसै क्रममा वि.सं. २०१८ सालमा नेपालको उत्तरी भेक हुँदै नेपाल प्रवेश गरेका तिब्बतीहरू नेपालका विभिन्न भूभागहरूमा अद्यावधि शरणार्थीको जीवन बिताइरहेका छन् ।

तिब्बत–नेपाल सम्बन्ध निकै पुरानो मानिन्छ । धेरै पहिला देखि नै तिब्बती तथा चिनिया यात्रीहरू नेपालको बाटो हुँदै भारत प्रवेश गर्दथे । यसरी भारत आवतजावत गर्ने क्रममा उनीहरूको प्रमुख विश्रामस्थल बनेको थियो नेपाल । त्यति बेला नेपाली भाषा सर्वसुलभ तथा जनजिब्रोको भाषा थिएन । स्थान तथा राज्य रजौटाअनुसार विविध प्रकारका भाषाहरू बोलिन्थे । नेपाल–तिब्बत सम्बन्ध राम्रो पार्न अरनिको, भृकुटी आदिले आफ्नो सारा जीवन नै चीन तथा तिब्बतमा बिताएका थिए । सभ्यताको चरम सीमामा पुगेको तिब्बतलाई चीनले आफ्नो अधीनमा राखेपछि तिब्बतीहरू अन्य मुलुकहरूमा प्रवेश गरेका थिए । यसै सन्दर्भमा कास्की जिल्लामा समेत बसोबास गरेका तिब्बतीहरूलाई सबैभन्दा ठूलो समस्याको विषय भनेको भाषा नै बनेको थियो किनभने तिब्बती भाषा र नेपाली भाषा भिन्न परिवारका भाषामात्र होइनन् उच्चारण लिपि आदिमा समेत भिन्नता रहेका भाषा हुन् । शिविरमा अध्ययन अध्यापन गराउने क्रममा नेपाली अङ्ग्रेजी र तिब्बती भाषालाई प्रमुख

माध्यम बनाए तापनि यिनीहरूले स्तरीय नेपाली बोलाइ तथा लेखाइमा भने त्रुटि गरेको पाइन्छ ।

२. भाषाशिक्षणका क्रममा देखापर्ने त्रुटिहरूको अध्ययन गर्नु, त्रुटिहरूको खोजी गर्नु सजिलो कुरा भए पनि ती त्रुटिहरू निराकरणका लागि उपयुक्त उपाय पत्ता लगाउनु निश्चय पनि सजिलो कार्य होइन । त्यसकारण तल्लो तहबाट अर्को तहमा प्रवेश गरेका विद्यार्थीहरूको लेखन अभिव्यक्तिमा देखिएका त्रुटिका प्रकार एकै प्रकृतिका नभएर विभिन्न पक्षसँग सम्बन्धित हुन्छन् । भाषा सिक्ने विद्यार्थीहरूले भाषा सिकाइमा गर्ने त्रुटिहरूको पहिचान, व्याख्या र त्रुटिनिवारणका लागि सहयोग गर्ने प्रायोगिक भाषाविज्ञानको प्रमुख शाखा भनेको त्रुटिविश्लेषण नै हो । स्तरीय भाषा सिकाइका लागि शिक्षकहरूलाई त्रुटिविश्लेषणसम्बन्धी सैद्धान्तिक र प्रायोगिक दुवै प्रकृतिको ज्ञान हुनु आवश्यक हुन्छ । स्रोत भाषा, लक्ष्य भाषा, सिकारुको मनस्थिति, वातावरण, बौद्धिकता तथा भाषाको जटिलता त्रुटिका प्रमुख कारण मानिन्छन् ।

३. वाक्यगठनमा पदसङ्गति मिल्नु आवश्यक हुन्छ । पदसङ्गति नमिल्ने हो भने कुनै पनि वाक्यको अर्थ अनर्थ हुन पुग्छ । यसर्थ वाक्यमा प्रयुक्त पदहरूको मेल र व्याकरणात्मक सम्बन्धलाई वाक्यसङ्गति भनिन्छ । वाक्यसङ्गतिमा व्याकरणिक कोटिको महत्त्वपुर्ण भूमिका रहन्छ । शब्दहरूको जीवन्त तत्त्व नै व्याकरणिक कोटि हो । व्याकरणिक कोटिका आधारमा शब्दहरूले आफ्नो कार्य सम्पन्न गर्दछन् । कुनै पनि शब्दको अर्थलाई सक्रिय र स्पष्ट तुल्याउन व्याकरणिक कोटिको महत्त्वपूर्ण हात रहेको हुन्छ । लिङ्ग, वचन, पुरुष, काल, भाव, वाच्य, पक्ष कारक प्रमुख व्याकरणिक कोटि मानिन्छन् ।

(क) कास्की जिल्लाको शरणार्थी शिविरमा अध्ययनरत शरणार्थी विद्यार्थीहरूको लिङ्ग, सङ्गतिगत त्रुटि ८५.९४ प्रतिशत अर्थात् कूल ६४ नमुना मध्ये ५५ जनाले लिङ्गगत त्रुटि गरेका छन् । आफ्नो मातृभाषाको प्रशस्त प्रभाव अनि नेपाली भाषाको लिङ्ग व्यवस्थाको कारण तथा अङ्ग्रेजी भाषालाई सामान्यीकरण गर्न खोज्दा यसप्रकारको त्रुटि भएको देखिन्छ ।

(ख) विद्यार्थीहरूले वचनसङ्गतिगत त्रुटि पनि गरेको देखिन्छ । कूल ६४ नमुनामध्ये ५१ जना अर्थात् ७९.६९ प्रतिशत शरणार्थी विद्यार्थीहरूले वचनगत त्रुटि गरेका छन् । वचनगत त्रुटि हुनुको प्रमुख कारण पनि उनीहरूको तिब्बती भाषा नै प्रमुख रूपमा देखापर्छ

किनभने उनीहरूको भाषामा एकवचनको प्रयोग बढीमात्रामा भएको हुन्छ । त्यसलाई नेपालीमा सामान्यीकरण गर्दा त्यस्तो त्रुटि भएको देखिन्छ । त्यसै गरी अङ्ग्रेजी भाषाको प्रभावलाई पनि त्रुटि हुने कारणका रूपमा लिन सकिन्छ ।

(ग) ९३.७५ प्रतिशत शरणार्थी विद्यार्थीहरूले पुरुषगत त्रुटि गरेको देखियो । यसको प्रमुख कारणका रूपमा अङ्ग्रेजी भाषाको क्रियापदमा पुरुषअनुसार परिवर्तन नहुनु नै प्रमुख कारण हो । यसका साथै उनीहरू आफ्नो मातृभाषाबाट पनि प्रशस्त मात्रामा प्रभावित भएको पाइयो ।

(घ) १५.६२५ शरणार्थी विद्यार्थीहरूले कालगत त्रुटि गरेका छन् । स्तरीय नेपाली सिकाइका क्रममा यति त्रुटि पनि त्रुटि नै मानिन्छ तर अन्य पक्षको तुलनामा यसमा कम त्रुटि भएको देखिन्छ । उनीहरूले काललाई बुझे पनि पक्षलाई बुझ्न सकेको देखिँदैन । भूतकालमा पनि अभूतकालको प्रयोग गरिएको पाइन्छ । यस्तो त्रुटि हुनाका प्रमुख कारण भने उनीहरूको मातृभाषाको प्रभाव तथा नेपाली भाषाको राम्रो ज्ञान नहुनु नै हो ।

(ङ) तिब्बती शरणार्थी विद्यार्थीहरूले गरेको आदरसङ्गतिसम्बन्धी त्रुटिहरू हेर्दा हास्यास्पद र आपत्तिजनक पनि देखिन्छ । आदरसङ्गति त्रुटि पनि यिनीहरूले प्रशस्त मात्रामा गरेको पाइन्छ । परीक्षणका रूपमा लिइएका जम्मा ६४ नमुनामध्ये ५९ जना अर्थात् ९२.१८७५ प्रतिशतले आदरसङ्गतिसम्बन्धी त्रुटि गरेको पाइयो । यसो हुनुमा उनीहरूको भाषामा आदरार्थीको प्रयोग कम हुनु र अङ्ग्रेजी भाषामा आदरार्थी जनाउने शब्द कम हुनु नै हो । जस्तोः एउटै You ले तँ, तिमी, तपाइँ, हजुर, मौसुफ जस्ता शब्दहरू जनाउनु । यसरी मातृभाषा तथा अङ्ग्रेजी भाषाको सामान्यीकरण गर्नु तथा नेपाली भाषामा भएका आदरसम्बन्धी पक्षको जानकारी नहुनु त्रुटिको प्रमुख कारण हो ।

४. वर्णविन्यास प्रत्येक भाषा विशेषको आफ्नो परम्परागत विशेषता हो । आफ्नो भाषाको नियमअनुसार वर्णहरू मिलाएर राख्नु नै वर्णविन्यास हो । यस सानो शोधमा ह्रस्वदीर्घ, स, ष, श, व र ब को प्रयोग शिरविन्दु र चन्द्रविन्दुको प्रयोग, य र ए को प्रयोग, हलन्त अजन्त प्रयोग तथा पदयोग र पदवियोगसम्बन्धी त्रुटिहरूका बारेमा विश्लेषण गरिएको छ ।

(क) विद्यार्थीहरूले गर्ने ह्रस्वदीर्घसम्बन्धी त्रुटिलाई केलाउँदा शब्दादि, शब्दमध्य र शब्दान्त तीनै त्रुटि क्षेत्रमा एकै अनुपातको त्रुटि भएको पाइएन । शब्दादिमा दीर्घको प्रयोगमा

त्रुटि गर्ने विद्यार्थी तुलनात्मक रूपमा कम देखिएका छन् । कतैकतै अव्यवस्थित रूपमा ह्रस्वदीर्घ दुवैको प्रयोग गर्ने चलन देखिएको छ भने शब्दान्तमा प्रायः दीर्घको प्रयोग भएको पाइएको छ । यिनीहरूको प्रमुख त्रुटि भनेको अकारलाई आकारमा परिवर्तन गरी लेख्नु हो । शब्दमध्ये तथा शब्दान्तमा ह्रस्वको प्रयोग पनि भएको पाइन्छ ।

(ख) शरणार्थी विद्यार्थीहरूले स, ष, श मध्ये सबै 'स' मा एकैनासले त्रुटि गरेको पाइयो । समग्रमा 'श', 'ष' भन्दा 'स' को बढी मात्रामा प्रयोग गरेको पाइयो भने 'ष' को प्रयोग अत्यन्त कम गरेको पाइयो । विद्यार्थीहरूले स, ष, श लाई वैकल्पिक रूपमा प्रयोग गरेको समेत पाइन्छ ।

(ग) शरणार्थी विद्यार्थीहरूले 'ब', 'व' को पनि वैकल्पिक प्रयोग गरेको पाइन्छ । उच्चारणमा 'ब' भए पनि लेखाइमा 'व' लेखिने कतिपय शब्दहरू उच्चारणअनुसार नै लेखेको देखिन्छ । नेपाली भाषामा उच्चारण र लेखाइमा भिन्नता रहेको हुनाले सोहीअनुसार शरणार्थीहरूले त्रुटि गरेको देखिन्छ अनि कुनमा 'ब' र कुनमा व लेखिने थाहा नभएर द्विविधामा परेकाले पनि सरलीकरणको तरिका अपनाएको पाइन्छ ।

(घ) शिरविन्दु र चन्द्रविन्दुको प्रयोगसम्बन्धी त्रुटिहरूलाई हेर्दा सबैभन्दा बढी त्रुटि चन्द्रविन्दुको प्रयोग नगर्नेमा भएको देखिन्छ । चन्द्रविन्दु र शिरविन्दुको प्रयोगको अस्पष्टताको कारण त्रुटि बढेको देखिन्छ । त्यतिमात्रै नभएर नेपाली भाषाको शिरविन्दु र चन्द्रविन्दुसम्बन्धी ज्ञानका अभावका कारणले समेत यसप्रकारको त्रुटि भएको देखिन्छ ।

(ङ) शरणार्थी विद्यार्थीहरूले पदयोग गर्नुपर्ने ठाउँमा पदवियोग गरेर त्रुटि गरेको पाइन्छ । विशेषतः विभक्ति प्रत्ययहरू र नामयोगी शब्दलाई पदयोग नगरी त्रुटि गरेको देखियो । यसको प्रमुख कारणको रूपमा नेपाली भाषालाई लेखाइका क्रममा डिको दिइन्छ भने अङ्ग्रेजी तथा तिब्बती भाषालाई लेख्ने क्रममा डिको दिनुपर्दैन । यसैलाई सामान्यीकरण गरेर यस्तो त्रुटि भएको हो र पदयोग र वियोगसम्बन्धी ज्ञानको अभावमा पनि यस्तो त्रुटि हुन गएको हो भन्न सकिन्छ ।

(च) भाषालाई जीवन्त राख्ने प्रमुख माध्यम त्यसलाई लिखित रूपमा तयार गर्नु हो । लेख्य चिह्नहरूले लिखित भाषामा प्राण गर्ने कार्य गरेका हुन्छन् । लिखित चिह्नहरूमा गल्ती

भएमा अर्थको अनर्थ बन्न गई हास्यास्पद मात्र होइन कहिलेकाहीँ गहन क्षति पनि व्यहोर्नुपर्दछ । नेपाली भाषालाई उच्चारण र लेखाइमा फरक तरिकाले व्यक्त गरिन्छ ।

जस्तो एउटै वाक्य :

कसले बिगार्दछ विशेष फलामलाई ?

"कसले बिगार्दछ विशेष फलामलाई ।"

उक्त दुई वाक्यमा अर्थगत भिन्नता रहेको छ । अङ्ग्रेजी भाषामा पूर्णविराम दिन सजिलो छ, त्यस्तै तिब्बतीमा पनि तर नेपालीमा त्यस्तो छैन । त्यसैले विद्यार्थीको अल्छीपन र अव्यवस्थित तरिकाले लेख्ने परिपाटीले यस्तो त्रुटि हुने गर्दछ ।

नेपालको उत्तरी भेकमा बस्ने भोटे जातिसँग केही मात्रामा रहनसहन मिले पनि यिनीहरूस्ले बोल्ने भाषामा समानता भने थिएन । लिपि एउटै थियो तथापि तिब्बतीले बोलेको भोटेले बुझ्दैनथे भने भोटेले बोलेको तिब्बतीले बुझ्दैनथे । त्यसै गरी नेपालमा प्रवेश गरेपछि नेपालका भाषिकागत भेद, स्थानीय भेद र सामाजिक भेदसँग परिचित हुनुपर्दा तिब्बतीहरूले स्तरीय नेपाली भाषा सिक्ने अवसर पाएनन् । त्यही स्थानीय भाषिकाको प्रभाव उनीहरूका छोराछोरीमा पनि पर्दै गयो । त्यसैअनुसार त्रुटि पनि हुँदै गए ।

यस अध्ययनमा कक्षा पाँच उत्तीर्ण शरणार्थी शिविरमा अध्ययनरत विद्यार्थीहरूले लेखाइ सीपका वाक्यगठन र वर्णविन्यासका क्षेत्रमा गर्ने त्रुटिहरूको बारेमा विश्लेषण गरिएको छ । नेपालको विभिन्न भूभागमा शरणार्थीको जीवन व्यतित गर्ने क्रममा कास्की जिल्लाको छोरेपाटन र हेमजा गा.वि.स.मा विगत २०१८ देखि बसोबास गर्दै आएका छन् । चीनले तिब्बतलाई आफ्नो स्वशासित क्षेत्रको रूपमा घोषणा गरेपछि आफ्ना राजा दलाइ लामासँग भागेर विदेशिएका तिब्बतीहरूले आफूसँगै आफ्ना कला, संस्कृति, रीतिरिवाजलाई पनि सँगसँगै लिएर आएका छन् । नेपालमा प्रवेश गरेपछि विल्कुलै अपरिचित भाषा नेपालीमा व्यवहार गर्नुपर्दा उनीहरूलाई निकै नै अप्ठ्यारो भएको थियो । नेपाली भाषालाई आफ्नो भाषासँग सामान्यीकरण गर्दै त्रुटियुक्त शब्द प्रयोग गर्दै नेपाली भाषामा व्यवहारसम्म चलाउन सक्ने भएका तिब्बतीहरूले नेपाली भाषा बोल्दा तथा लेख्दा प्रशस्त त्रुटि गरेको पाइन्छ । शरणार्थी विद्यार्थीहरूले स्तरीय नेपाली लेखाइ तथा बोलाइका क्रममा गरेका त्रुटिहरूलाई निचोडका रूपमा तल तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. २८ : निष्कर्ष

| त्रुटिका क्षेत्रहरू | त्रुटि प्रतिशत |
|---|---|
| लिङ्ग सङ्गति | ८९.६१ |
| वचन सङ्गति | ७९.६९ |
| पुरुष सङ्गति | ९५.३१ |
| काल सङ्गति | १५.६२५ |
| पक्ष सङ्गति | ८८.४४ |
| आदर सङ्गति | १९.१९ |
| औसत जम्मा | ६४.६४ |

प्रस्तुत तालिकाको त्रुटिहरूको औसत आँकडालाई अध्ययन गर्दा विद्यार्थीहरूले स्तरीय भाषाको लेखाइमा गर्ने त्रुटिहरूको औसत प्रतिशत ६४.६४ प्रतिशत हुन आएको छ। भाषाशिक्षण तथा सिकाइका क्षेत्रहरूमा यति धेरै त्रुटि हुनु चुनौतीपूर्ण हुन आउँछ । तसर्थ त्रुटि समाधानार्थ तुरुन्त क्रियाकलाप सञ्चालन गरिनु आवश्यक छ।

## ६.२. सुझावहरू

नेपाली भाषाको प्रयोगमा धेरै किसिमका त्रुटिहरू हुने गर्दछन् । त्यस्ता त्रुटिहरूको बारेमा विद्यार्थीहरूलाई जानकारी दिनु आवश्यक हुन्छ । भाषा सिकाइका क्रममा त्रुटि स्वाभाविक प्रक्रिया हो। बालकले आमाको काखबाटै सिकेको पहिलो भाषा पनि त्रुटिरहित हुन सक्दैन साथै सबैको भाषा सिक्ने क्षमता पनि एकै किसिमको हुँदैन । भाषा प्रयत्न र भुलका आधारमा सिकिने कुरा हो । दोस्रो भाषा सिकाइका क्रममा पनि प्रशस्त मात्रामा त्रुटिहरू हुने गर्दछन् । यसकारण दोस्रो भाषा सिक्नु कठिन कार्य पनि हो । मातृभाषासँग निकट रहेको भाषा अन्य भाषाभन्दा चाँडो सिकिन्छ । पारिवारिक, छरछिमेकगत वा सामुदायिक प्रभावका कारणबाट दोस्रो भाषा सिकाइ प्रभावित हुन्छ । बहुभाषिक देश नेपालमा बसोबास गरेका तिब्बती शरणार्थी विद्यार्थीहरूले नेपाली भाषाको शुद्ध प्रयोग गर्न निकै मेहनत गर्नुपर्दछ। पहिलो कुरा उच्चारणमा शुद्धता आउन सक्नुपर्दछ अनि मात्र लेखन शुद्ध बन्न सक्छ । नेपाली भाषा नेपालको राष्ट्रभाषा, सञ्चारको भाषा, पठनपाठनको भाषा आदि विविध सन्दर्भमा प्रयोग गरिन्छ। नेपालभित्रकै विविध भाषाभाषीको सम्पर्क भाषाको रूपमा समेत यसको प्रयोग गरिँदै आइएको छ।

शरणार्थी शिविरमा बाहेक कुनै पनि नेपालीसँग व्यवहार गर्नुपर्दा तिब्बतीहरूले नेपाली भाषाको प्रयोग गर्नुपर्दछ । तिब्बतबाट आएका अधिकांश तिब्बती अशिक्षित पनि रहेका छन् । त्यस्तो परिवेशमा हुर्केको विद्यार्थीले स्तरीय नेपाली सिक्दा त्रुटि अवश्य पनि गर्दछ ।

यस अध्यायमा विद्यार्थीहरूले नेपाली वाक्यगठन र वर्णविन्यासगत पक्षमा गर्ने त्रुटिसम्बन्धी अनेकौँ समस्याहरूको चर्चा गरिसकिएको छ । यस प्रसङ्गमा स्तरीय नेपाली लेखाइका सन्दर्भमा भएका त्रुटिहरू समाधानार्थ केही सुझावहरू दिन सकिन्छ अर्थात् ठहर भएका समस्याहरूको निराकरण गर्न के–कसरी के–कस्ता उपायहरूको अवलम्बन गरिनु आवश्यक छ, तिनै उपायहरू सुझावका रूपमा यहाँ प्रस्तुत गरिएका छन् ।

१. प्रथमतः दोस्रो भाषाको रूपमा नेपाली भाषाको प्रयोग गर्ने तिब्बती शरणार्थी विद्यार्थीहरूका लागि विशेष किसिमको पाठ्यक्रमको व्यवस्था गरी अधिकाधिक समय प्रयोग गरेर, बढी अभ्यास गराएर, विशेष विधि र सामग्री प्रयोग गरेर वातावरण अनुकूल शिक्षण गराउनुपर्दछ ।
२. पहिलो भाषाका रूपमा नेपाली भाषा सिक्ने विद्यार्थीहरूसँग बसेर सँगै सिक्नुपर्ने परिस्थितिमा शिक्षकले उनीहरूका त्रुटि हुनसक्ने क्षेत्र पहिचान गरी त्यस्ता शब्द प्रयोग, उच्चारण, वाक्यगठन र वर्णविन्यासमा विशेष जोड दिई अनुकूल वातावरणको सिर्जना गरिदिनुपर्दछ । उनीहरूलाई ग्लानी हुने स्थिति निर्माण गर्नुहुँदैन साथै अपहेलना वा बेवास्ता गर्ने गर्नुहुँदैन ।
३. पाठ्यक्रममा नेपाली विषयलाई छुट्याएको पाठ्यभारमा थप गरी सानै कक्षाबाट दोस्रो भाषाका रूपमा पढ्ने विद्यार्थीहरूका लागि नेपाली शिक्षणमा पृथक व्यवस्था गरिनुपर्दछ ।
४. वर्तमान पाठ्यपुस्तकमा सैद्धान्तिक ज्ञानलाई बढी महत्त्व दिइएको छ । पाठ्यपुस्तकमा अभ्यासलाई जोड दिने तथा सिर्जनात्मक कार्यकलापलाई जोड दिने खालका पाठ्यसामग्री राखिनुपर्दछ ।
५. नेपाली भाषालाई जसले पनि पढाउन सक्छ भन्ने गलत मान्यता रहेको छ सो मान्यतालाई हटाई नेपाली विषयमा शैक्षणिक सीप र ज्ञान प्राप्त गरेका शिक्षकको व्यवस्था गरिनुपर्दछ ।
६. नेपाली भाषा नेपालको राष्ट्रभाषा, सम्पर्कको भाषा सञ्चार, शिक्षा र प्रशासनको भाषा भएकाले पनि यसमा सक्षम, शुद्ध, स्तरीय भाषाको प्रयोग गर्न सक्ने बनाउन योग्य

तालिम प्राप्त र दक्ष शिक्षकको आवश्यकता पर्दछ । यसका लागि नेपाली भाषी शिक्षकलाई नै भाषाशिक्षण गर्न लगाउने व्यवस्था गरिदिनुपर्दछ ।

७. नेपाली भाषाको शिक्षण गर्दा शिक्षण विधिमा पनि प्रशस्त मात्रामा सुधार गरिनुपर्दछ । परम्परागत विधिद्वारा शिक्षण गर्दा भाषाशिक्षण प्रभावकारी हुन सक्दैन । फेरि भाषाशिक्षण आफैँमा बिरसिलो प्रकृतिको विषय हो । यसर्थ भाषाशिक्षणमा प्रभावकारिता ल्याउनका लागि आवश्यक सामग्रीका साथै प्रचलित नयाँनयाँ विधिहरूको प्रयोग गरिनुपर्दछ ।

८. भाषाशिक्षण गर्दा शिक्षण सामग्री वा पाठ्यसामग्रीहरू निर्माण र प्रयोग गर्दा विद्यार्थीको रुचि, आवश्यकता र क्षमतालाई ध्यान दिएर निर्माण गरिनुपर्दछ ।

९. नेपाली भाषा शिक्षण गर्ने शिक्षकले विद्यार्थीहरूलाई बढी क्रियाशील बनाई बोल्न र लेख्नमा प्रतिस्पर्धाको स्थिति सृजना गरी शुद्ध प्रयोग गर्नेलाई पुरस्कृत, स्यावासी आदिबाट प्रोत्साहित गर्ने र अशुद्ध प्रयोग गर्नेलाई पनि शुद्ध प्रयोग गर्नेतर्फ प्रेरित र प्रोत्साहित गर्नुपर्दछ ।

१०. शिक्षण गर्नुपर्ने पाठ्यसामग्रीहरूलाई वातावरणसँग संयोजन गराई वातावरणसँग मिल्ने खालका सामग्री तयार गरी पठनपाठन गराउनुपर्दछ ।

११. व्याकरण शिक्षण आफैँमा रुखो र निरस हुन्छ तर व्याकरणको अध्ययनबाटै भाषिक शुद्धता कायम गर्न सकिने हुँदा सबै विद्यालयमा प्रथमतः व्याकरण सिकाउनुपर्दछ । तर यस्तो बेलामा यस्तो वातावरण सिर्जना गर्नुपर्दछ कि विद्यार्थीले आफूले व्याकरण सिकेको कुरा भुलोस् तर शुद्ध प्रयोगमा ध्यान दियोस् अर्थात् कार्यमूलक ढङ्गले व्याकरण शिक्षण गरिनुपर्दछ ।

१२. दोस्रो भाषाका रूपमा नेपाली भाषा अध्ययन गर्ने विद्यार्थीहरूमा मातृभाषाको प्रभाव बढी पर्ने हुँदा कक्षामै प्रशस्त अभ्यासको अवसर प्रदान गर्ने, गृहकार्य दिने गर्नुपर्दछ ।

१३. भाषा ज्ञानमूलक विषय नभई सीपमूलक विषय हुनाले त्यसको विकासमा अभ्यास तथा प्रयोग विधिलाई अपनाइनुपर्दछ ।

१४. जुनसुकै सीपको विकास गर्ने प्रमुख आधार नै तल्लो तह मानिन्छ । त्यसो हुँदा प्राथमिक तहमा व्याकरण शिक्षणलाई प्रभावकारी बनाइनुपर्दछ । व्याकरणिक ज्ञानमा स्तरअनुसार स्पष्ट पार्न सकियो भने उनीहरूबाट हुनसक्ने त्रुटि कम गराउन सकिन्छ ।

१५. शिक्षण गर्दा बालमनोविज्ञानलाई विशेष महत्त्व दिनुपर्दछ ।

१६. सहायक र पुरक पाठ्यपुस्तक वा सामग्रीको निर्माण गरी नेपाली भाषा सिकाइलाई अझ टेवा पुऱ्याउने जमर्को गरिनुपर्दछ ।

१७. विद्यार्थीहरूले अनुभव गरिरहेका सिकाइ कठिनाइहरू पहिचान गर्न शिक्षकले तिब्बती भाषा र नेपाली भाषाको व्यतिरेकी अध्ययन गरी उपयुक्त ढंगले पाठ्यसामग्री, पाठ्यक्रम तथा शिक्षण कार्यकलापसमेतमा परिमार्जन गरी शिक्षण गर्ने परम्परा बसाल्नु आवश्यक देखिन्छ ।

१८. सिकाइमा विभिन्न चरणहरूमा देखापर्ने त्रुटिहरूको व्यक्तिगत विवरणको तयारी गरी अध्ययन–विश्लेषण गरी अभिलेख तयार गराएर निराकरणका लागि उपयुक्त पद्धति अपनाउनुपर्दछ ।

१९. दोस्रो भाषाको सिकाइमा विद्यार्थीका समस्याहरूको पहिचान गरिनुपर्दछ ।

२०. त्रुटिविश्लेषण प्रक्रियाको प्रभावकारी उपयोग गरी त्यसबाट प्राप्त निष्कर्षहरूलाई भाषा शिक्षणमा प्रयोग गरेर शिक्षण सुधार गर्ने परम्परा यथाशीघ्र बसाल्नु आवश्यक देखिन्छ ।

**६.३. थप अध्ययनको आवश्यकता**

यो अध्ययन कास्की जिल्लामा २०१८ सालदेखि शरणार्थीको जीवन व्यतित गर्दै आएका कक्षा पाँच उत्तीर्ण तिब्बती विद्यार्थीहरूको वाक्यगठन र वर्णविन्यास क्षमतालाई सीमित सामग्रीका आधारमा अध्ययन गरिएकाले वाक्यगठन र वर्णविन्यासगत क्षेत्रमा उनीहरूले देखाएका त्रुटिको वास्तविक कारण र ती त्रुटिहरू निराकरणका लागि तथ्यपूर्ण सुझाव यो सानो अध्ययनबाट पर्याप्त हुन नसकेको महसुस गरी ती क्षेत्रमा वस्तुगत जानकारीका लागि थप अध्ययनको आवश्यकता पर्ने ठानिएको छ । सामग्री सङ्कलनका क्रममा दुईवटा शिविरमा रहेका हेमजा र छोरेपाटनका विद्यालयबाट ३२/३२ जना गरी जम्मा ६४ जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरिएको थियो । उनीहरूलाई स्वतन्त्र र निबन्धात्मक (विषयगत प्रश्न) प्रश्नहरू दिई तथा श्रुतिलेख गराई सङ्कलित सामग्रीका आधारमा वाक्यसङ्गतिगत त्रुटि र वर्णविन्यासगत त्रुटिहरू सङ्कलन गरिएको थियो । कास्कीका सम्पूर्ण शिविरका विद्यालयहरूलाई समेटेर अध्ययन गर्न सके अझ नवीन तथ्यहरू प्राप्त गर्न सकिने कुरालाई नकार्न सकिँदैन यसर्थ पनि थप शिविरलाई समेटेर अध्ययन गर्नुपर्ने आवश्यकता छ ।

यो अध्ययन नेपाली भाषाको वाक्यसङ्गति वर्णविन्यास तथा लेख्य चिह्नगत त्रुटिहरूको विश्लेषणमा मात्र आधारित छ तर शरणार्थीहरूले गर्ने त्रुटिको क्षेत्र यतिमात्र

होइन, यसका अलावा व्याकरणका अन्य क्षेत्र, उच्चारण, लय, पठनसीप आदि जस्ता क्षेत्रमा पनि उत्तिकै त्रुटिहरू गरेको पाइन्छ । ती सम्पूर्ण क्षेत्रहरूलाई समेटेर अध्ययन गरेको खण्डमा अझ व्यापक र पूर्ण अध्ययन हुन सक्दछ । यो सानो अध्ययनले ती सबै क्षेत्रलाई समेट्न सक्ने कुरा भएन । तसर्थ यससम्बन्धी अध्ययनलाई पूर्णता दिन समग्रताको यथातथ्य प्रस्तुतीकरण गरिनुपर्दछ ।

अन्त्यमा, यो अत्यन्त सानो परियोजना हो । यो अध्ययन खास क्षेत्रसँग सम्बन्धित भएकाले मूलतः तिब्बती शरणार्थीको समस्या समाधानमा केन्द्रित छ । यस अध्ययनबाट पनि यससँग सम्बन्धित सबै क्षेत्रहरूलाई अध्ययनको उद्देश्य र प्रयोजनअनुरूपका केही सूचनाहरू भने अवश्य दिनेछ । यसमा अध्ययन गरिएका कुराहरूले शैक्षणिक गुणस्तर वृद्धिका सन्दर्भमा सम्बन्धित क्षेत्रलाई सहयोग प्राप्त हुन सक्ने आशा गरिएको छ ।

### ६.४ भावी अध्ययनका लागि सम्भावित शीर्षकहरू

१. कक्षा पाँच उत्तीर्ण तिब्बती शरणार्थी विद्यार्थीहरूको श्रुतिबोधसम्बन्धी क्षमताको अध्ययन

२. प्राथमिक तह उत्तीर्ण गरेका तिब्बती शरणार्थी विद्यार्थीहरूको प्रबन्ध लेखनसम्बन्धी क्षमताको अध्ययन

३. कक्षा छ मा अध्ययनरत तिब्बती शरणार्थी विद्यार्थीहरूको आधारभूत शब्दभण्डारसम्बन्धी क्षमताको अध्ययन

४. कक्षा आठ पूरा गरेका नेपाली मातृभाषी र तिब्बती शरणार्थी विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक अध्ययन

५. तिब्बती शरणार्थी विद्यार्थीहरूको लेखन अभिव्यक्ति क्षमता मापनमा प्रयोग गरिएका साधनहरूको अध्ययन

६. तिब्बती शरणार्थी शिविरमा कक्षा नौ मा अध्ययनरत छात्र र छात्राहरूको निबन्धलेखन अभिव्यक्ति क्षमताको तुलनात्मक अध्ययन

७. कक्षा छ मा पढ्ने तिब्बती शरणार्थी विद्यार्थीहरूले नेपाली भाषाका व्याकरणात्मक कोटिहरूमा गर्ने त्रुटिहरूको अध्ययन आदि ।

## सन्दर्भग्रन्थ सूची


अधिकारी, हेमाङ्गराज (२०५९), *भाषाशिक्षणः केही परिप्रेक्ष्य तथा पद्धति,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०५५), *समसामयिक नेपाली व्याकरण,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०५९), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* काठमाडौँः रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज, बद्रीविशाल भट्टराई (२०६१), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँः वि.प्र.प्रा.लि. ।

ज.व.रा., स्वयंप्रकाश र श्रेष्ठ चन्द्रबहादुर (२०५९), *पाठ्यक्रम योजना र अध्ययन,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रसाद (२०५६), *सामान्य भाषाविज्ञान,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५८), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६२), *भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान (२०४०), *नेपाली बृहत शब्दकोश,* काठमाडौँ ।

पराजुली, कृष्णप्रसाद (२०४६), *राम्रो रचना मीठो नेपाली,* काठमाडौँः सहयोग प्रेस ।

बन्धु, चूडामणि (२०५३), *भाषाविज्ञान,* काठमाडौँः साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०५५), *शब्द रचना र वर्णविन्यास, वाक्यतत्त्व, अभिव्यक्ति र साहित्य,* काठमाडौँः काठमाडौँ बुक्स सेन्टर ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), *नेपाली भाषा र साहित्य–शिक्षण,* काठमाडौँः न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, सोमनाथ, *मध्यचन्द्रिका,* पुस्तक संसार, भोटाहिटी, काठमाडौँ ।


**लघु अनुसन्धान (शोधपत्रहरू)**


अधिकारी, हेमाङ्गराज (२०४०), नेपाली वर्णविन्यासमा पाइने त्रुटिहरू लघु अध्ययन ।

अधिकारी, हेमाङ्गराज (२०४०), पहिलो भाषा र दोस्रो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीहरूको वाक्यगठनमा पाइने त्रुटिहरू ।

के.सी., गंगाबहादुर (२०५५), कक्षा ७ पूरा गरेका विद्यार्थीहरूले गर्ने वर्णविन्याससम्बन्धी त्रुटिहरूको विश्लेषण ।

खत्री, हेमबहादुर (२०६२), कक्षा आठ उत्तीर्ण भुटानी शरणार्थी शिविरमा अध्ययनरत विद्यार्थीहरूले स्तरीय नेपाली लेखाइमा गर्ने त्रुटिहरूको विश्लेषण ।

लिम्बु, प्रेमबहादुर (२०६१), कक्षा पाँचमा अध्ययनरत लिम्बु मातृभाषी विद्यार्थीहरूले स्तरीय, नेपाली सिक्दा पदसङ्गतिमा गर्ने त्रुटिहरूको विश्लेषण ।

लम्साल, रामचन्द्र (२०४१/४२), निम्न माध्यमिक तह पूरा गरेका आवासीय र साधारण विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको नेपाली वाक्यगठनसम्बन्धी त्रुटि पक्षको तुलनात्मक अध्ययन, काठमाडौँ ।

शर्मा, केदारप्रसाद (२०४२), माध्यमिक तहका अवधीभाषी विद्यार्थीहरूले नेपाली वाक्यहरूको लेखनमा गर्ने पदसङ्गतिसम्बन्धी त्रुटिहरूको अध्ययन ।

शर्मा, त्रिपाठी, जगन्नाथ (२०३७), पद्मकन्या क्याम्पसका छात्राहरूको नेपाली व्याकरण सम्बन्धी त्रुटिहरूको विश्लेषण ।

## परिशिष्ट

## सामग्री सङ्कलनका क्रममा प्रयोग गरिएका सामग्री तथा विद्यालयहरू

## परिशिष्ट 'क'

## श्रुतिलेखनका निम्ति प्रयुक्त सामग्री

१. मानिस सबैभन्दा बुद्धिमान् प्राणी हो । असल खराब छुट्याउने शक्ति उसमा मात्र हुन्छ । विज्ञानको विकास पनि मानिसले नै गरेको हो । वैज्ञानिक उन्नतिले मानिसलाई जति सुख सुविधा बढाएको छ, त्यति नै वातावरण सम्बन्धी समस्या पनि चर्काएर लगेको छ । त्यसो भनेर खोलिएका कलकारखाना र उद्योगधन्दाहरू बन्द गर्ने, यातायातका साधनहरू नचलाउने भन्ने करा आउँदैन । न त गाउँघर तथा समाज छाडेर प्राचीन युगमा गई हामीहरू जङ्गलतिर नै पस्न सक्छौं । यसका लागि हामीले विज्ञानको उन्नति र वातावरणको रक्षा गर्ने कुरामा तालमेल मिलाएर अघि बढ्न सक्नुपर्छ । यसैमा मानिसको उन्नति र कल्याण देखिन्छ ।

विज्ञानको विकासले अनेकौंथरी जहाजहरू बनेका छन् । रेल, मोटर, टेक्सी र टेम्पोहरू वेपत्तासँग गुडेका छन् । जेट विमानहरूको आविस्कार भएको छ । यी साधनहरूले मानिसलाई सुविधा पुगेको छ, समयको वचन पनि भएको छ । एक किसिमले संसार नै खुम्चिए जस्तो लाग्छ तर तिनका धुँवा र कानै छेड्ने चर्का आवाजले यहाँको वातावरण र रहनसहनमा नराम्रो असर परेको छ ।

२. एकदिन सबेरै बच्चाहरू भोकले छट्पटाउन थाले । कतै अन्नका गेडा भुइँमा खसेका छन् कि भन्ने विचारमा सारौंले यताउती खोज्यो । गुँडमा कतै केही पाएन । चारो बेलुका नै सकिएको थियो । जे जति भएको थोरै थोरै खाएर मुस्किलले उनीहरू त्यो रात काटेका थिए । आफ्ना रहरलाग्दा बच्चाहरूको अवस्था देख्दा सारौंको मन पग्लियो । उसलाई निकै नरमाइलो लाग्यो । अनि गह्रौं मन लिएर चारोको खोजीमा गुँडबाट भुर्र उड्यो । ऊ केही परमात्र पुगेको थियो, उसले खेतको आलीमा केराउले भरिएको दुनो देख्यो । खेतको काल्नामा एउटा घाँसी घाँस काट्दै थियो । यति थोरै केराउ घाँसीको हुनसक्ने सम्भावना थिएन । त्यसमा पनि घाँसीको घाँसको मेलो निकै पर थियो । बिना परिश्रम एकाबिहानै आहरा भेट्नु भनेको ईश्वरको कृपा हुनु हो ।

## परिशिष्ट 'ख'

## स्वतन्त्र लेखनका निम्ति प्रयुक्त सामग्री

१. माछापुच्छ्रे, जानुपर्छ, रामसँग, कता जाने, गइरहेका छ्न, राजदरबार नभनेका कुरा, भातसात खाइयो, छिटोछिटो जन्मथलो, किनभने खेलकुद, स्कुललाई आफूभन्दा वनजङ्गल, साथीसँग ।

२. आकाश, शिशु, शासन, कृषि, संसार, छिमेकी,लिखित, विद्यालय, गा.वि.स., व्यापार, बहादुर, बिहे, बसेको, बारेमा, बाह्रबजे, तिब्बत, विकास, विदा, वस्ती, देवी, बादल ।

३. भिंगो, ढिडो, औंशी, कहीं, संस्कृति, अंश, आठौं, हँसिलो, लडाइँ, भाँडा, टुडिखेल, छ्याङ, गाउँ ।

४. शिविर, शासक, सन्तोष, स्वर्ग, आकाश, पशु, विषय, शक्ति, मनिस, पश्चिम ।

५. भूमि, फेरि, छिमेकी, पानी, हात्ती, पूर्ति, पनि, पहिला, परिणत, हामीले, आदि, कास्की, सेतीनदी, शिक्षकहरू, साथी, केटाकेटी, मेरी, आमा, शान्ति, ठीक ।

६. स्वतन्त्र रचनाका लागि दिइएका शीर्षकहरू (७५–१२५ शब्दसम्म):

(क) मेरी आमा

(ख) लोसार

(ग) विषयगत प्रश्नहरू

- हात्तीहरूले चतुर्दन्त सामु कस्तो विचार प्रकट गरे ?
- प्रभुको शक्ति कस्तो छ ?
- चतुर्दन्त आफ्नो बथानसहित किन पुरानो बस्तीतर्फ लाग्यो ?
- बालकले प्रभुको भक्ति किन गर्नुपर्छ ?

## परिशिष्ट 'ग'

## सहभागी विद्यालयको नाम

१. माउन्ट कैलाश आवासीय विद्यालय, हेमजा–१ ।

२. एस.ओ.एस. हर्मन माइनर स्कुल, पोखरा–१७ ।